# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सीता शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

वि. सं. २०१९ साल माघ १ गते बाग्लुङ्ग जिल्लाको छिस्ती गा. वि. स. मा जन्मिएकी सीता शर्माले कक्षा ६ मा पढ्दा 'सगरमाथा' शीर्षकको कविताबाट रचना गर्न सुरु गरेको पाइन्छ भन्ने प्रकाशनका दृष्टिले 'आमाको अनुभव : छोरीलाई शिक्षा' (२०४२/०४३) तिर **हलकारा** पत्रिकामा मा प्रकाशित कविता हो । विशेषगरी २०३६ सालमा एस्. एल्. सी. पास गरी काठमाडौँ आइपुगेकी सीता शर्माले कविताको मुख्य विषय महिला उत्पीडित वर्ग, महिला समस्यालाई बनाएकी छन् । पारिजातबाट प्रभावित शर्माले पारिजात, मोदनाथ प्रश्रितबाट साहित्यरचना गर्ने प्रेरणा पाएको देखिन्छ । त्यसैले उनले कविताको स्रोत पनि शोषितपीडित जनता, महिला तथा उत्पीडित वर्गलाई बनाएकी छन् भने देशको माया बिर्सने, देश बेच्नेहरूलाई कपुत र बगरेको संज्ञा 'मेरो देशभित्र म' कवितामा दिएकी छन् । उनी २०३६ सालको विद्यार्थी आन्दोलनदेखि प्रगतिशील विचारतर्फ उन्मुख भई राजनीतिक, सामाजिक र साहित्यिक कर्ममा समर्पित भएको पाइन्छ । प्रलेसको सदस्यता पाएकी शर्माले शिक्षातर्फ आई. एल्., बी. ए. र बी. एड्, ऐच्छिक विषय अङ्ग्रेजी लिई एम्. ए. र पारिजातसम्बन्धी विषयमा

एम्फिलसमेत गरिसकेकी छन् । उनी हाल श्री नेपाल राष्ट्रिय निर्माण उच्च मा. वि. मा प्रधानाध्यापक पदमा रहेकी छिन् । उनको **नालिस** कवितासङ्ग्रह (२०५७) प्रकाशित छ भने समालोचना, निबन्ध, फुटकर कविता, ३/४ वटा कार्यपत्र र समीक्षात्मक लेखरचनासमेत प्रकाशित भएका छन् ।

## १.४ समस्याकथन

गुणात्मक रूपमा उच्च मूल्य भएका साहित्यिक कृतिका रचनाकार सीता शर्मा नेपाली साहित्यको कविता विधामा एक सफल स्रष्टाका रूपमा देखिएकी छन् । प्रतिभाकी धनी शर्माको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा आइपर्ने समस्याहरू नै मूल समस्याका रूपमा देखापर्ने हुनाले तिनै समस्याहरूलाई विशिष्टीकरणका रूपमा निम्नलिखित समस्याहरूमा समेटिएको छ :

(क) सीता शर्माको जीवनी र व्यक्तित्वका पाटा केकस्ता रहेका छन् ?

(ख) उनका कविताका विशेषता केकस्ता छन् ?

(ख) नेपाली कविताका उन्नयनमा उनले केकस्तो योगदान पुऱ्याएकी छन् ?

## १.५ शोधकार्यको उद्देश्य

शोधकार्यको क्रममा शोधसमस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै मुख्य उद्देश्य रहेकाले समस्याको समाधान केकसरी गर्ने ? भन्ने कुरामा रहेर निम्नलिखित उद्देश्यहरू राखिएको छ :

(क) सीता शर्माको जीवनी र व्यक्तित्वका पाटाको अध्ययन गर्नु,

(ख) उनका कविताका विशेषताको अध्ययन गर्नु,

(ग) नेपाली कवितामा उन्नयनमा उनले पुऱ्याएको योगदानमाथि प्रकाश पार्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

कविता विधामा सिर्जनशील रहेकी प्रतिभाकी धनी सीता शर्मा नेपाली साहित्यकी निधि भएर पनि ओझेलमा परेकी व्यक्तित्व हुन् । नेपाली साहित्यको श्रीवृद्धिका लागि आफ्नो उमेरको परवाह नगरी वर्तमान समयसम्म निरन्तर लागिपरेकी शर्माका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी दिए पनि सुव्यवस्थित र विस्तृत

रूपमा उनका बारेमा अध्ययन गरिएको पाइँदैन । यिनका कृतिहरूको विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा जेजति अध्ययन भएको छ त्यो केवल परिचयात्मक मात्र छ । यसै क्रममा सीता शर्माका बारेमा भएका चिनारी र अध्ययनका केही पूर्वकार्यको विवरण कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

हेमनाथ पौडेलले **नार्गाजुन** पत्रिकामा 'समकालीन प्रगतिवादी नेपाली कविताका नारी हस्ताक्षर' भन्ने शीर्षकको लेखमा **नालिस** कवितासङ्ग्रह (२०५७) मा सीता शर्माले नेपाली नारीले पाएका दुःखपीडा र वेदनालाई कविताको विषयवस्तु बनाएकी छन् भने अर्कोतिर २०४६ सालको जनआन्दोलन सम्झौतामा टुङ्गिएको र त्यसपछिका वर्षहरूमा जनताले चाहेजस्तो देशको विकास नभई उनीहरूका आशा र विश्वासमा तुषारापात भएको सन्दर्भ उल्लेख गर्दै उनको 'मेरो देशभित्र म' शीर्षकको कविताको टिप्पणी गर्ने क्रममा उक्त कविताले आफूलाई प्रजातन्त्रवादी भन्ने नेताहरूले देशको सीमारेखा र अस्मिताको सुरक्षा गर्न नसकेको कुरालाई दर्साएको छ भनेका छन् ।

डा. ताराकान्त पाण्डेयले 'सीता शर्माको **नालिस** सङ्क्षिप्त सिंहावलोकन' शीर्षकको लेखमा उनका कविताको भावगत र शैलीगत विशेषताहरूको मूल्याङ्कन गरेका छन् भने अर्कोतिर **नालिस** कवितासङ्ग्रह (२०५७) का कविताहरूको अध्ययनबाट पाण्डेयले यसभित्र रहेका कविताहरूमा निम्न किसिमका विशेषता रहेको बताएका छन् :

१. नारी अनुभूतिको सन्दर्भसँग सम्बद्ध,

२. सङ्घर्षशील चेतना एवम् क्रान्ति र साम्यवादी भविष्यप्रति आस्था र विश्वास,

३. राष्ट्रप्रेम, राष्ट्रिय चेतनाको अभिव्यक्ति इत्यादि ।

डा. जगदीशचन्द्र भण्डारीले **सौन्दर्यको भूमिका** (२०६५) भन्ने कृतिको 'समालोचनामा प्रगतिवाद : वर्तमान सन्दर्भ' शीर्षकमा सीता शर्माको नाम अन्य सर्जकका साथमा लिएका छन् ।

यसरी केही व्यक्ति तथा समालोचकहरूले सीता शर्माको सामान्य जानकारी दिए तापनि उनका बारेमा व्यापक र विस्तृत रूपमा अध्ययन हुन सकेको छैन । उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षको व्यवस्थित अनुसन्धान भने भएको देखिँदैन । उनका बारेमा आजसम्म भएका पूर्वअध्ययनहरू केवल परिचयात्मक मात्र भएकाले अधुरा र अपूर्ण नै रहेका छन् । त्यसकारण यिनै अभावलाई परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको छ र यस शोधपत्रमा सीता शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र विवेचना गर्ने प्रयास गरिएको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागिपरेकी सीता शर्माको जीवनी र व्यक्तित्वका साथै उनका प्रकाशित र अप्रकाशित रचनाको सर्वेक्षण गरी परिचयात्मक जानकारी दिने प्रयास गरिएको छ । नेपाली साहित्यका कविता विधाको साहित्यिक क्षेत्रमा कलम चलाएकी शर्माले केही लेखरचना प्रकाशित गरेकी छन् । त्यसै गरी यिनका जीवनी र व्यक्तित्वका विविध आयामलाई समेत यस अध्ययनमा समेटिएको छ । समग्रमा उनका जीवनका सम्पूर्ण पाटाहरू तथा साहित्यिक योगदानको निरूपणमा यो शोधपत्र सीमित रहेको छ ।

## १.८ शोधकार्यको औचित्य

शोधकार्यको अध्ययनबाट सीता शर्मालाई नेपाली साहित्यिक क्षेत्रका माध्यमबाट साहित्यका पाठकमाझ चिनाउने प्रयास गरिएको छ साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको केन्द्रीयतामा अध्ययन तथा विश्लेषण गरिएको हुनाले भावी पुस्तालाई शर्माका बारेमा तथा उनको साहित्यिक योगदानका बारेमा यथार्थ एवम् वस्तुगत जानकारी उपलब्ध भएको छ । यस शोधपत्रको अध्ययनबाट शर्माका बारेमा जान्न चाहने जिज्ञासु एवम् पाठकवर्गलाई थौरै मात्रामा भए पनि लाभान्वित तथ्य प्रस्तुत गरिएको हुनाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व स्वतः देखिने छ । नेपाली साहित्यको इतिहासलेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्नमा यस शोधपत्रले आवश्यक सहयोग पुऱ्याउने छ साथै शर्माका बारेमा व्यक्तिगत तथा संस्थाले सुव्यवस्थित, प्रामाणिक रूपमा अध्ययन गर्न चाहेमा यस शोधकार्यले वैज्ञानिक तथ्यहरू थाहा पाउन सहयोग पुऱ्याउने भएकाले यस शोधकार्यको महत्त्व, औचित्यपूर्ण रहेको छ ।

## १.९ सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि खासगरी पुस्तकालयीय र स्वयम् सीता शर्मा र उनका आफन्तसँग अन्तर्वार्ता पद्धतिको प्रयोग गरिएको छ । यसका साथै सीता शर्मासँग सम्बद्ध समकालीन साथीहरू, उनीलाई चिन्ने विभिन्न विद्वान् तथा समालोचक र गुरुहरूबाट पनि मौखिक शोधपुछ गरी सामग्रीसङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यलाई पूर्ण गर्नका लागि जीवनीपरक समालोचना र प्रभावपरक समालोचना पद्धतिलाई अँगालिएको छ । यसका साथै उनका विभिन्न कृतिहरूको विश्लेषण गर्ने क्रममा आवश्यकतानुसार विभिन्न सिद्धान्तलाई पनि अँगालिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र वैज्ञानिक रूपमा सम्पन्न गर्नका लागि निम्नलिखित ५ परिच्छेदहरूमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| (१) पहिलो परिच्छेद | : | शोधपरिचय |
| (२) दोस्रो परिच्छेद | : | सीता शर्माको जीवनी र व्यक्तित्वको अध्ययन |
| (३) तेस्रो परिच्छेद | : | सीता शर्माको कृतित्वको अध्ययन |
| (४) चौथो परिच्छेद | : | सीता शर्माको व्यक्तित्व र कृतित्वको मूल्याङ्कन |
| (५) पाँचौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

उपर्युक्त पाँच परिच्छेदहरू पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी यो शोधपत्र सम्पन्न गरिएको छ र अन्त्यमा परिशिष्ट र सन्दर्भसामग्रीसूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# सीता शर्माको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१ विषयप्रवेश

सीता शर्मा नेपाली कविताको श्रीवृद्धिका लागि लेखनका माध्यमबाट नेपाली समाज, संस्कार र परिवेशका अँध्यारा पक्षहरूलाई औंल्याउँदै जसले समाज तथा जनतामाथि (विशेष गरी नारी उत्पीडित वर्ग) शोषण, अन्याय, अत्याचार र निरङ्कुशता लादेको छ । उनी त्यस्ता प्रवृत्तिको उजागर गरेर आवाज बुलन्द गर्न त्यसलाई चोटिलो र कसिलो गर्ने कवयित्री हुन् । उनी नेपाली कवितामा प्रगतिशील धाराले उल्लास लिएको बेला एउटा सशक्त र प्रभावशाली सिर्जनशीलताको नव सुवास लिएर उदाउँछिन् । उनी मुख्यत पितृसतात्मक समाजका कारण नारीहरूले भोग्नु परिरहेको यौनजन्य, शारीरिक कुटपिट, व्यवहारजन्य, चेतनाजन्यहरू पुरुष जातीय उत्पीडनप्रति बढी संवेदनशील बनेकी छन् । ती सवालहरूप्रतिको चासो उनका कवितामा प्रमुख रूपले व्यक्त भएको छ ।

## २.२ जन्म, जन्मस्थान र मातापिता

सीता शर्माको जन्म बाग्लुङ जिल्लाको छिस्ती गा. वि. स. मा २०१९ साल माघ १ गते माता बसुन्धरा र बाबु टिकाराम उपाध्यायका कोखबाट भएको थियो । बाबुको बहुविवाह त्यसमा जेठी श्रीमतीतिर एक छोरा र एक छोरी तथा उनको कोखपट्टि ४ छोरा र एक छोरीका रूपमा सीता शर्माको जन्म भएको थियो । उनी मध्यमवर्गीय परिवारमा जन्मिएकी हुन् । उनी जन्मेको घर बहुविवाहमा परिणत भएको र महिलाहरूमाथि ज्यादै शोषण र अन्याय गर्ने खालको रहेको थियो । यसकारण परिवारमा धेरै बोल्न नहुने, पुरुषकै हैकम चल्ने हुँदा उनी आफ्नै घरमा सामन्ती शासन रहेको थियो भनेर बताउँछिन् (शोध नायकसँग प्रत्यक्ष कुराकानीबाट) ।

## २.३ बाल्यकालीन स्वभाव

सीता शर्मा ४ दाजुहरूकी एउटी बहिनीका रूपमा भएर नै होला उनलाई बाल्यकालमा त्यति काम गर्नुपर्ने भन्ने बाध्यता वा कामको बोझ थिएन । सानैमा दाजुहरूसँग पछि लागेर स्कुल जाँदाजाँदै अक्षरारम्भ गरेको पाइन्छ भने पछि दाजुहरू नि. मा. वि.को पठाइ सिध्याएर टाढा पढ्न गएपछि उनले पढाइलाई निरन्तरता नदिएर साथीहरूसँग खेल्ने, डुल्ने, कहिले

आरुको रूखमा त कहिले कटहरको रूखमा गर्दै १० वर्ष पुग्दासम्म पनि औपचारिक रूपमा स्कुल गएको पाइँदैन । कहिले रूखमा चढ्ने हानथाप त कहिले बिहानदेखि साँझसम्म बेपत्ता भई बरालिएर हिँड्ने उनको बानी थियो (शोधनायकसँग प्रत्यक्ष कुराकानीबाट) । एउटी छोरी भएर नै होला घरका कुनै सदस्यले उनीलाई कहिल्यै गाली गर्ने र कामको बोझ दिने गरेको देखिँदैन । आफूले साथीहरूसँगको लहैलहैमा लागेर गाई चराउन जाने, पौडी खेल्ने, गट्टा खेल्ने गरेर बाल्यकालको समय बिताएको पाइन्छ ।

## २.४ शिक्षादीक्षा

मध्यमवर्गीय परिवारमा जन्मिएकी सीता शर्माले दाजुहरूसँगै स्कुल जाँदा छिस्ती नि. मा. वि. बाट अक्षरारम्भ गरे पनि पछि बीचैमा पढ्न छाडेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । १० वर्षकी भएपछि भाउजूको प्रेरणाबाट आफूले छोडेको पढाइलाई फेरि निरन्तरता दिएको पाइन्छ । पढाइलाई निरन्तरता दिने क्रममा घरका दाजु र आमाले बच्चा हेर्नुपर्छ, छोरीले पढेर केही हुँदैन, अर्काको घर जानुपर्छ भन्दा उनमा एक किसिमको अठोट पैदा भएको त्यही अठोटका कारण आमा र दाजुहरूको बोलीलाई काटेर औपचारिक रूपमा स्कुल जान थालेको पाइन्छ । उमेर ठूलो भएकोले उनी एकैचोटि ३ कक्षामा छिस्ती नि. मा. वि. मा भर्ना भई त्यो वर्ष कक्षा प्रथम भइन् । अर्कोवर्ष आफ्नो उमेर र पढाइको स्तरअनुसार उनी कक्षा ४ नपढेर ५ कक्षामा भर्ना भइन् । त्यो वर्ष पनि कक्षा प्रथम भई कक्षा ६ मा ६/७ महिना पढी ७ कक्षामा कक्षा चढेर प्रथम भई छिस्ती नि. मा. वि. को पढाइ सकेको पाइन्छ ।

त्यसपछि कक्षा ८ मा बेलबगर संस्कृत मा. वि. मा पढ्न सुरु गरी ८, ९ र १० कक्षा पढी एस्. एल्. सी. दिन सदरमुकाम जानुपर्ने थियो । उनले एस्. एल्. सी. दिने वर्ष त्यो केन्द्रमा विवादका कारण सेन्टर रद्द भएको हुँदा उनले त्यो वर्षको एस्. एल्. सी. परीक्षा नै दिन नपाएको र अर्को वर्ष मात्र एस्. एल. सी. दिएर पास गरेको उनी बताउँछिन् । एस्. एल्. सी. पास गरेपछि गाउँघरमा छोरी ठूली भई विवाह गरिदिनुपर्छ भन्ने चर्चा चलेको बेला ममा एक किसिमको विद्रोह आइसकेको थियो । दाजुहरूको जस्तै समान अवसर मैले पनि पाउनुपर्छ, दाजुहरूले सहरमा पढ्ने मैले पढ्न नपाउने; मैले पनि पढ्नुपर्छ, त्यसैले म पनि पढ्न सहर जान्छुजस्ता प्रतिक्रियाका कारण तथा कति दिन अनसन बसी आफ्नै सोचविचारमा साथीलाई काठमाडौंको ल क्याम्पसमा भर्ना गरिदिन आफ्ना कागजपत्र पठाएको कुरा उनी बताउँछिन् ।

उनको निरन्तर तथा दृढ अठोटलाई घरका परिवारले साथ दिएको र काठमाडौँ आई नेपाल ल क्याम्पसमा बिहानी कक्षामा पढ्न थालेको देखिन्छ । त्यतिबेला बाल्मीकि विद्याश्रम पढ्ने हो भने त्यहाँ पढेबापत् रु. ३०० पाइने लोभमा दिउँसो वाल्मीकि विद्यापीठमा संस्कृत साहित्य विषय लिई पढ्न थालेको र पछि जाँच दिन दुवैपट्टि नपाएको कारण ल क्याम्पसमा मात्र जाँच दिई आई. एल्. २०४५ मा पास गरको उनी बताउँछिन् । उनले २०४५ मा नै पद्मकन्यामा भर्ना भई ऐच्छिक अङ्ग्रेजी विषय लिई २०४८ मा स्नातक तह पूरा गरेको देखिन्छ । त्यसपछि उनले २०५९ मा एकबर्से बी. एड्. (डिप्लोमा) पनि अध्ययन गरेको देखिन्छ । निरन्तर मिहिनेत र परिवारको सहयोगका कारण २०५२ सालमा एम्. ए. सिध्याई उनले पी. एच्. डी. गर्ने लक्ष्यअनुरूप पारिजातसम्बन्धी विषयमा एम्फिलको प्रोगाम पनि सिध्याएको देखिन्छ ।

## २.५ विवाह

आई. ए. पढ्दापढ्दै २०४२ सालमा बाग्लुङ जिल्लाकै चैती गा. वि. स. मा दिवाकर शर्माका साथ उनको मागी विवाह भएको थियो । शर्माका श्रीमान् बाग्लुङकै घरपायक पर्ने स्कुलमा शिक्षक पेसामा संलग्न थिए । श्रीमान्को जागिर गाउँमै भएका कारण शर्मालाई पनि घरका सदस्यले घरमै बस्ने भन्ने एक किसिमको दबाबका बावजुद पनि आफ्नो पढाइलाई निरन्तरता दिन र आफ्नो भविष्य बनाउने सपना बोकेर श्रीमान्को राय र सुझावअनुसार श्रीमान्बाट एक्लिएर आफ्नै दाजुहरूसँगै बस्ने गरी काठमाडौँ आएको पाइन्छ । केही समयपछि श्रीमान्ले आफ्नो जागिरको सरुवा मिलाई काठमाडौँमा आएको र दुवै जना एम्. ए. मा सँगै भर्ना भएको कुरा उनी बताउँछिन् । पढाइमा सहयोग गर्ने श्रीमान् भएकाले होला एकआपसमा दुःखसुख साटासाट गरी अप्ठ्यारा समस्या सुल्झाई एम्. ए. को पढाइ सँगै सिध्याएको पाइन्छ । उनले आई. ए. पढ्दापढ्दै जेठी छोरी र बी. ए. पढ्दा सानी छोरीको जन्म दिएको, साना नानीहरूको स्याहारसुसार र पारिवारिक समस्याको समाधान गर्दै आफ्नो पढाइ र वैवाहिक जीवनलाई सामान्य किसिमका उतारचढाव नभई एकले अर्कोलाई सहायता दिएर जीवन अगाडि बढाएको पाइन्छ । समस्या बुझिदिने अप्ठ्यारो परे सहयोग गर्ने श्रीमान् भएकाले आफ्नो पढाइलाई निरन्तरता दिन सकेको उनी बताउँछिन् । साहित्यिक कार्यक्रममा भाग लिन प्रेरणा र हौसला दिनुमा मेरो श्रीमान्को अग्रस्थान छ भनी उनी बताउँछिन् ।

## २.६ साहित्यलेखनको प्रेरणा

कक्षा ६ मा पढ्दा 'सगरमाथा' शीर्षकको कविताबाट लेखन प्रारम्भ गरेकी शर्मा त्यही कविताबाट पुरस्कृत भई धन्यवाद र प्रेरणा पाई साहित्यिक लेखनतिर आफू अगाडि बढेको बताउँछिन् । संस्कृतमा ऐच्छिक विषय साहित्य लिई पढेकाले संस्कृतका श्लोकहरू छन्दमा पढ्ने र कष्ठ गर्ने अनि त्यसलाई वाचन गर्ने गर्दा आफू साहित्यतिर प्रभावित भएको कुरा बताउँछिन् । एस्. एल्. सी दिएर बसेको बेला धेरै साहित्यिक पुस्तकहरू; जस्तै : उपन्यास, लेखरचना, कालिदासको **मेघदूत**जस्ता धेरै अर्थ लाग्ने कविताबाट आफूले साहित्यरचना गर्ने प्रेरणा पाएको र उनले स्नातक पढ्दा युनियनबाट आयोजना भएको कार्यक्रममा कविता लेखेर वाचन गर्दा प्रथम भई पुरस्कृत भएको देखिन्छ । पछि साहित्यिक कार्यक्रम साहित्यसन्ध्यामा निरन्तर भागलिँदा पारिजातजस्ती साहित्यकारको सामीप्यले गर्दा आफू सुध्रिने मौका पाएको उनी बताउँछिन् । उनको पहिलो प्रकाशित रचना 'आमाको अनुभवः छोरीलाई शिक्षा' हो जुन **हलकारा** पत्रिकामा २०४२ सालमा प्रकाशित भएको थियो (**जनमत,** वर्ष २४, अङ्क २-३, पृ. ५४) । पछि प्रतिभा प्रवाहमा आयोजक भई काम समेत गरेँ । बीचमा केही समय टुटेर फेरि अहिले साहित्यलेखनतिर झुकाव बढेको छ । शर्माद्वारा लेखिएका २३ वटा कविताहरूको सङ्ग्रह **नालिस** (२०५७) मा प्रकाशित भएको छ भने अन्य फुटकर रचना अप्रकाशित अवस्थामा नै छन् । पारिजात, मोदनाथ प्रश्रित, रसियन साहित्यकार मेक्सिम गोर्कीबाट प्रभावित सीताले आफ्नो लेखनको विषय नारी उत्पीडन र उपेक्षित वर्गलाई बनाएकी छन् । यति मात्र होइन उनका ३ वटा कार्यपत्र र समीक्षात्मक लेखनरचनाहरू समेत प्रकाशित भएका छन् (शोधनायकसँगको प्रत्यक्ष जानकारीअनुसार) ।

## २.७ जागिरे जीवन

श्रीमान्को शिक्षक पेसा, काठमाडौँको बसाइ, साना नानीहरूको स्याहारसुसार, साहित्यिक कार्यक्रममा सहभागिता आदिका बावजुद पनि बी. ए. पास गरिसकेपछि उनले २०४८ सालबाट बोर्डिङ्ग स्कुलमा पढाउन थालेको देखिन्छ । । त्यसपछि मनकामना मा.वि. सरकारी स्कुलमा ६/७ महिना पढाएपछि उनले शान्ति आदर्श मा. वि.मा अङ्ग्रेजी विषय पढाउन थालेको देखिन्छ (शोधनायकले दिएको जानकारीअनुसार) । उनी सरकारी स्कुलमा पढाउँदै अहिले पनि शिक्षण पेसामै संलग्न रहेकी छन् । कान्तिपुर कलेजमा अढाई वर्ष पढाएर

आफ्ना साना नानीहरूको स्याहारसुसारको कमीका कारण त्यो कलेज त्यसै छाडेर उनी हाल मूलपानीमा दिउँसो मात्र पढाइ राखेको देखिन्छ ।

## २.८. भाषा

सीता शर्माको मातृभाषा नेपाली नै हो । उनी नेपाली भाषामा नै लेख्ने र पढ्ने गर्छिन् । यसबाहेक हिन्दी भाषा तथा (ऐच्छिक अङ्ग्रेजी) लिई स्नातकोत्तर गरेको हुँदा उनका अङ्ग्रेजीमा पनि केही लेखरचना छन् । धेरैजसो उनका कविता तथा अन्य लेखरचना नेपाली भाषामा नै भएको पाइन्छ भने हिन्दीमा सामान्य ज्ञान छ (शोधनायकले दिएको जानकारीअनुसार) ।

## २.९ साहित्यिक संस्थागत संलग्नता

सीता शर्मा कवयित्री हुन् । उनी विभिन्न संस्थाद्वारा आयोजित कवि गोष्ठीहरूमा भाग लिन मनपराउँछिन् । साथीहरूको सङ्गत एवम् तत्कालीन बामपन्थी नेताहरूका सामीप्यले विभिन्न ठाउँमा आयोजना हुने प्रगतिशील कविगोष्ठीहरूमा सहभागिता आदिका कारण उनी मार्क्सवादबाट प्रभावित भएको कुरा बताउँछिन् । फलतः उनका कविताले प्रगतिशील बाटो समात्यो (शोधनायकले दिएको जानकारी अनुसार) । उनको कवितालेखनकला मात्र नभई कविता वाचनकला पनि विशिष्ट रहेको छ । उनले निरन्तर रूपमा साहित्यसन्ध्या, प्रतिभाप्रवाहजस्ता साहित्यिक संस्था र पत्रिकासँग सम्बद्ध भई कवितालेखन तथा वाचन गर्नुका साथै प्रगतिवादी कवितालाई अगाडि बढाउन सहयोग पुऱ्याएकी छन् । सन्ध्यामा भागलिँदा पारिजातजस्ता साहित्यकारको निकटताले अझ सुध्रिने मौका पाएको उनी बताउँछिन् । उनले धेरै साहित्यिक सङ्घसंस्थामा संलग्नता जनाएकी छन् । उनी आबद्ध भएका सङ्घसंस्थाहरू निम्नलिखित छन् :

१. प्रलेसको लामो समयदेखि केन्द्रीय समिति - सदस्य

२. प्रतिभाप्रवाहको कार्यकारी समितिको - सदस्य

३. अखिल नेपाल लेखक सङ्घको केन्द्रीय सचिवालय - सदस्य

४. अभ्युत्थान महिला साहित्य प्रतिष्ठानको - उपाध्यक्ष

५. अखिल नेपाल महिला विभाग बुद्धिजीवी सङ्गठन केन्द्रीय समिति - सदस्य

६. साहित्य सदन नेपाल महिला विभागको - सदस्य

## २.१० सम्मान तथा पुरस्कार

दुई दशकभन्दा बढी साहित्यसाधनामा समर्पित सीता शर्माका उत्कृष्ट रचनाहरू प्रकाशित भइसकेका छन् भने कतिपय रचनाहरू अप्रकाशित रहेको पनि पाइन्छ । कलेजमा पढ्दा युनियनद्वारा आयोजित कवितावाचन प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरेकी उनले साहित्यसन्ध्यामा निरन्तर भागलिएवापत् २५ औं साहित्यसन्ध्यामा पुरस्कारस्वरूप प्रमाणपत्र प्राप्त गरेको देखिन्छ (शोधनायकले दिएको जानकारीअनुसार) ।

## २.११ शारीरिक बनावट र स्वभाव

गोरो वर्ण भएकी सीता शर्मा मझौला कदकी, ५ फिट उचाइ भएकी व्यक्तित्व हुन् । सादा जीवन उच्च विचारलाई मन पराउने शर्मा सरल स्वभावकी छन् । मिहिनेती, स्वाभिमानी व्यक्तित्वकी धनी उनमा कुनै किसिमको आडम्बर र उतारचढाव पाइँदैन । उनी कसैले केही सोध्दा र केही जिज्ञासा राख्दा कुनै किसिमको झर्को नमानी सहयोगी रूपमा आफ्ना कुराहरू निडर तथा निर्भीकताका साथ भन्छिन् । देश र समाजप्रति सदा चिन्तनशील शर्मा दैनिक केही पत्रपत्रिका तथा पुस्तकहरू पढ्ने गर्छिन् । फुर्सदको समयमा लेखरचनामा संलग्न रहनु उनको बानी हो । उनी सामन्ती शासनको विरोध गर्दछिन् भने महिला उत्पीडन र उपेक्षित वर्गको थिचोमिचो सहन सक्तिनन् । महिला भएकै कारण थिचोमिचो सहनुपर्ने, बाहिर बस्नुपर्ने, परिवारमा पुरुष हैकमवादभित्र बस्नुपर्ने बाध्यताका साथै उनी आफ्नै घरको वातावरणमा सामन्तवाद भएको र सानैदेखि त्यो अनुभव पाएको तथा बच्चा छँदै उनमा त्यसको विरोधमा विद्रोही भाव आएको कुरा व्यक्त गर्दछिन् ।

महिला भएका कारण उनीहरूलाई पछि पार्न हुँदैन । महिलाले पनि केही गरेर देखाउँछन् र आफ्नो खुट्टामा उभिन सक्छन् । उनीहरूलाई प्रेरणा र हौसलाको जरुरत पर्दछ भन्दै पारिजातजस्ता स्रष्टाहरू आम पुरुषभन्दा अग्रपङ्क्तिमा रहेर नेतृत्व गरिरहेका छन् । महिलाहरू आवश्यकताअनुसार आर्थिक तथा भौतिक सक्रियतामा पनि उत्साह जनक छन् । बच्चाबच्ची र घरपरिवारको व्यवस्थापन जति लगन र समर्पण साथ पूरा गर्छिन् त्यसरी नै साहित्यको क्षेत्रमा अग्रसर भएर जिम्मेवारीपूर्वक काम गर्न पछि पर्दैनन् भन्ने उनको विचार छ (शोधनायकले दिएको जानकारीअनुसार) ।

## २.१२ राजनीतिक व्यक्तित्व

सीता शर्मा सानैदेखि दाजुहरूका बामपन्थी किताबहरू पढ्ने गर्थिन् । किताबबाटै उनको वैचारिक धारणा बनेको थियो, त्यसै समयदेखि राजनीतितिर बढी झुकाव भयो (शर्मा, २०६४) वामपन्थी ने.क.पा. मसालमा संलग्न भएको र त्यतिबेला वाग्लुङ्गमा पनि आफ्नो घरपरिवारलाई मसाल परिवार भन्ने गर्थे भनी उनी भन्दछन् । मसालसँग संलग्न हुँदा पम्फा भुसाल, हिसिला यमी आदिको निकटताको कारण आफू विद्यार्थी सङ्गठनकी सदस्य र महिला सङ्घ, जिल्ला सदस्यतासमेत पाएको उनी बताउँछिन् । उनी अखिल नेपाल महिला सङ्घको साहित्यिक संस्थामा समेत संलग्न छन् । वैचारिक स्पष्टताका साथ पार्टीको सदस्यता २०५१ सालमा र महिलाबाट राजनीतिक पार्टीको सदस्यता २०५५ मा पाएको उनको विभिन्न मोर्चातिर अगाडि बढिरहने क्रम जारी छ । २०३६ सालको विद्यार्थी आन्दोलनदेखि नै राजनीतितिर लागेकी सीता शर्मा देशमा निरङ्कुश शासन र पञ्चायती व्यवस्था हावी भएको बेला प्रजातन्त्र प्राप्तिका लागि समेत संलग्न भएको पाइन्छ । वास्तवमा उनले साहित्यबाटै राजनीति क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ । यसरी सक्रिय राजनीतिक व्यक्तित्व नदेखिए पनि राजनीति सचेत व्यक्तित्वका रूपमा उनलाई चिन्न सकिन्छ ।

## २.१३ कवि व्यक्तित्व

देशमा विद्यमान यथास्थितिका विरुद्ध टड्कारो आवाज उठाउँदै आमूल परिवर्तनको चाहना राख्ने कवि शर्माको अन्य व्यक्तित्वभन्दा कवि व्यक्तित्वले बढी स्थान ओगटेको छ । सामन्ती शासन, घोडे संस्कृति, नारी एवम् उत्पीडित वर्ग माथिको शोषणजस्ता दुराचारप्रति आक्रोशित हुँदै र अन्याय-अत्याचार, सामाजिक विसङ्गतिका कारक तत्त्व औंल्याउँदै कवितासिर्जना गर्ने सीता शर्माको कवि व्यक्तित्व निकै उज्यालो छ (पौडेल, २०६४ : ३५) । उनका कतिपय कविता पत्रपत्रिकामा प्रकाशित छन् भने कतिपय अप्रकाशित छन् । उनको हालसम्ममा **नालिस** कवितासङ्ग्रह प्रकाशित भइसकेको छ ।

सीता शर्माले आफ्ना कवितामा नेपाली समाजमा हुने गरेका शोषण, दमन अनि मानवताको अतिक्रमणविरुद्ध आवाज उठाएकी छन् । नारी उत्पीडित वर्ग, नारी समस्या आदिको अन्त्यका लागि क्रान्तिको चाहना उनका कविताको मूल स्वर बनेको पाइन्छ । आर्थिक सम्पन्नताका आधारमा गरिने सामाजिक व्यवहारको विरोध गर्दै शोषणमूलक पुँजीवादी

सामाजिक व्यवस्था समाप्त पार्नुपर्ने दृष्टिकोण उनका कवितामा पाइन्छ । पितृसत्तात्मक साङ्लामा जेलिए पनि उत्पीडन र बन्देजकारी अवस्थाका विरुद्ध लड्न बिस्तारै पाइला चाल्न थालेको विचार 'आमा म तिम्रो अनुहार फेर्न पाइला चालिरहेकै छु' कवितामा व्यक्त भएको छ (पाण्डेय, २०५७ : २३) ।

'मेरो सपना : मेरो विपना' कवितामा नारी अनुभूतिको सन्दर्भले अलि व्यापक परिवेश ओगटेको छ र वर्तमानमा केवल नारीहरूले मात्रै होइन, पुरुषहरूले पनि उत्पीडन भोगिरहेको र त्यसको कारक वर्तमानको सिङ्गो कुरूप परिपाटी रहेको अनुभूतिको अभिव्यक्ति छ । समष्टिमा कवि नारी भएरै नारी जातीय कोणबाट नारी अनुभूतिको कवितात्मक अभिव्यक्ति गरेकी छन् । सीता शर्मा मुख्यतः २०४० को दशकको आरम्भतिरबाट प्रगतिशील कविता फाँटमा औपचारिक रूपमा देखापरेकी हुन् र प्रस्तुत सङ्ग्रहका अधिकांश कविताहरू पनि यसै दशकका रहेका छन् । प्रस्तुत **नालिस** सङ्ग्रहमा जम्मा २३ वटा कविता छन् । उनका ५ वटा कविता अनुष्टुप् छन्दमा र बाँकी १८ वटा गद्य कवितात्मक मुक्त लयमा लेखिएका छन् ।

"शर्मा किशोरी अवस्थादेखि नै पारिजातको निकटता र चिन्तनबाट प्रेरित र उत्साहित भई निरङ्कुश सामन्ती व्यवस्थाको स्थापना गरेका अमानवीय मूल्य र असमानताका विरुद्ध सशक्त कविताहरू सिर्जना गर्दै आजको उचाइमा आइपुगेकी छन् । २०४६ को जनआन्दोलनले राजनीतिक व्यवस्थालाई स्वरूपगत परिवर्तन गरे पनि असमानता, अन्याय र चुसाइलाई दिगो राख्ने र निरन्तरता दिने आर्थिक तथा सांस्कृतिक आधारलाई छुनसम्म सकेन । विशेषगरी चुसाहावर्गको हालीमुहाली भएको पुरुष हैकमवादी समाजमा महिलाहरूले उपेक्षित र उत्पीडित रहनुपर्ने अवस्था जिउको तिउ रह्यो" (खरेल, २०५७ : १६) ।

## २.१४ साहित्यिक व्यक्तित्व

सीता शर्मा कवि मात्र नभई साहित्यका अन्य विधामा समेत कलम चलाउँछिन् । उनका कवितापछि निबन्धहरू प्रकाशित छन् । त्यसैगरी **मानवी**, **हाँक, जलजला**जस्ता पत्रिकामार्फत समीक्षात्मक लेखरचना प्रकाशित गरेकी छन् भने ऐच्छिक विषय अङ्ग्रेजी लिई एम्. ए. गरेकीले उनका अङ्ग्रेजीमा पनि केही लेखरचना प्रकाशित छन् । उनी प्रतिभाप्रवाह र साहित्यसन्ध्यामार्फत आफूलाई साहित्यिक फाँटमा उतार्न सफल भएकी साहित्यकार हुन् । उनी **मानवी** पत्रिकाकी सम्पादक हुन् र उनले विभिन्न पत्रिकामा अन्तर्वार्तासमेत दिएकी छन् । उनी

साहित्यकार हुनुमा आफैँ महिला हुनुको कारण र महिला उत्पीडित वर्ग, दलित, शोषित र उत्पीडित समाजले उनलाई साथ दिएको बताउँछिन् ।

## २.१५ अविस्मरणीय क्षण

सीता शर्मा पारिजातसँगको एक क्षणलाई आफ्नो अविस्मरणीय क्षण भन्छिन् । उनकै शब्दमा "साहित्य क्षेत्रकी शिखर व्यक्तित्व वरिष्ठ साहित्यकार पारिजात जसलाई म आदर गर्दछु, ८ मार्च अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने क्रममा हामी सरस्वती क्याम्पसमा भेला भएका थियौं । केही प्राविधिक गडबडीले कार्यक्रम सुरु हुन ढिलो भइरहेको थियो । त्यही पर्खाइको समयमा एकजना बहिनीले पारिजातलाई तपाईंले 'मैले नजन्माएको छोरो' भन्ने क्या लेख्नुभएको छ है ? भनेर सोधिन् । त्यो सुन्दा पारिजात दिदी निकै झोक्किएर त्यो बहिनी र हामी सबैलाई निकै झपार्नुभयो । तिमी आइमाईहरू केही पढ्दैनौ, केही गर्दैनौ त्यति कथा मात्र लेखेको छु मैले अरू केही लेखेकी छैन । यतिका अरू लेखेको कसैलाई थाहा छैन । त्यो आदि कुरा सुन्दा म डरले पछिपछि हटेकी थिएँ र पारिजातका सबै किताबहरू पढ्ने प्रण पनि गरेकी थिएँ त्यो दिन नै अविस्मरणीय छ" (शर्मा, २०६३ : १८) ।

## २.१६ आर्थिक अवस्था

सीता शर्मा मध्यमवर्गीय परिवारमा जन्मिएर निम्नमध्यमवर्गीय परिवारमा उनको विवाह भएको भएता पनि आर्थिक अभाव त्यति नभएको उनी बताउँछिन् । उनका श्रीमान्को पुख्यौली घर बाग्लुङको चैतीमा भए पनि पछि बसाइँ सरी रूपन्देहीको रुद्रपुरमा गएको पाइन्छ । तराईमा जग्गाजमिन तथा घर भएको उनी बताउँछिन् भने काठमाडौँमा घर नभए तापनि घडेरी भएको र श्रीमान्को शिक्षण पेसा र आफ्नो शिक्षण पेसाले छोरीहरूलाई पढाइलेखाइ र लालन-पालन सामान्य किसिमबाट गरिरहेको उनी बताउँछिन् । उनको सानैमा पढ्ने इच्छालाई बाबु र दाजुहरूले पूरा गरिदिएका र कलेजस्तरको पढाइ आफ्नै कर्मले गरेको देखिन्छ । आर्थिक अभावमा पनि एकअर्कालाई सहयोग गरी उतारचढाब नभई सन्तोषपूर्वक जीवनयापन गरेको उनी बताउँछिन् ।

## २.१७ पहिरनमा रुचि

सीता शर्मालाई पहिरनमा त्यस्तो विशेष रुचि छैन । उनी सामान्य कुर्तासुरुवाल र सारी लगाउन रुचाउँछिन् ।

## २.१८ खानपिन तथा अन्य सेवन

सामान्य नेपाली खाना दाल, भात, तरकारी मन पराउने सीतालाई खानासँग चटनी अनिवार्य चाहिन्छ । उनी खानामा सागसब्जी बढी मन पराउँछिन् । अन्य केही उनी सेवन गर्दिनन् ।

## २.१९ समाजसेवामा रुचि

मार्क्सवादका किताबहरू पढिसकेपछि जीवनलाई सार्थक बनाउन केही गर्नुपर्छ भन्ने विचार भएकी शर्मा अधिकतम निम्न वर्गको (दलित) हितका लागि साहित्यमा लागेको र साहित्य पनि समाजसुधारको एउटा बाटो हो भन्ने धारणा राख्छिन् (पौडेल, २०६४ : ३५) । उनले समाजका यावत् विसङ्गति, विकृति र अन्धविश्वासलाई चिरेर चेतनामूलक तथा सजग समाज बनाउनका लागि साहित्यमार्फत आवाज उठाएको पाइन्छ । उनका लेखहरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक, सांस्कृतिक, राजनीतिक तथा राष्ट्रियताको प्रतिनिधित्व गरेका छन् ।

## २.२० भ्रमण

प्रलेसको सदस्य, अभ्युत्थान महिला साहित्य प्रतिष्ठानकी उपाध्यक्षको हैसियतले साहित्यिक गोष्ठीहरूमा भाग लिन देशका विभिन्न ठाउँ पोखरालगायत विदेशमा छिमेकी देश भारतको भ्रमण उनले गरेको देखिन्छ ।

## २.२१ जीवन दर्शन

मार्क्सवादी जीवनदर्शनलाई आत्मसात् गरेर प्रगतिवादी साहित्यमा लागेकी सीता शर्मा बहुसङ्ख्यक जनताको हित र सामाजिक न्यायका लागि कुनै नकुनै प्रकारले योगदान दिनुपर्छ भन्ने धारणा राख्छिन् । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफूले सकेसम्मको समाजसेवा गर्नुपर्छ भन्ने शर्मा सबै (दलित, शोषित, पीडित) जनता सुखी र समृद्ध जीवन जिउन पाउनुपर्छ भन्ने पक्षमा छन् । “जीवन आस्था वा सत्य प्राप्तिका लागि निरन्तर सङ्घर्षको नाम हो भने कला जीवनलाई समृद्ध परिष्कृत बनाउने एउटा महत्त्वपूर्ण तत्त्व हो” (शर्मा, २०६३ : ४८) । उनी साहित्य र जीवनको घनिष्ट सम्बन्ध हुनुपर्छ भन्दै जीवनबाहेकको साहित्यको कल्पना गर्न नसकिने भाव व्यक्त गर्दछिन् । जीवनवादी दृष्टिकोण राख्ने उनले त्यसलाई मानवजीवनको सौन्दर्यको मूल तत्त्वका रूपमा स्वीकार गरेकी छन् । उनी व्यक्तिगत फाइदाभन्दा अधिकतम

मानवजगत्को भलोका लागि कार्य गर्नुपर्छ भन्छिन् । उनी असमानता र विसङ्गतिलाई हटाउनुपर्छ भन्ने मान्यताअनुरूप साहित्यमा लागेको देखिन्छ । मोजमस्ती र फोस्रो आडम्बरका लागि लालची हुनुहुँदैन, यसले केवल विकृति र विसङ्गति मात्र निम्त्याउँछ भन्ने कुरा उनी व्यक्त गर्दछिन् । मार्क्सवादी चिन्तनको प्रभाव र प्रेरणा आत्मसात् गरेर त्यसको आदर्श र मार्ग निर्देशनअनुसार जीवनयात्रामा हिँडेकी शर्माको जीवन दर्शन भनेकै नारी उत्पीडित वर्गको हित, दलित, शोषित जनताको हित, समतामूलक समाजको स्थापनामा सहयोग गर्नु हो । समाजमा रहेका विसङ्गति र विकृतिहरूविरुद्ध आवाज उठाएर त्यसलाई निर्मूल पार्नु उनको जीवन दर्शन हो ।

## २.२३ निष्कर्ष

आज भन्दा ४७ वर्ष पहिला मध्यमवर्गीय परिवारमा जन्मेकी सीता शर्माले अहिलेसम्मको जीवन भोगाइमा खासै कुनै प्रकारको समस्या र अभाव भोगेको पाइँदैन । बाल्यकालमा प्रारम्भिक शिक्षा लिन सुरुमा आमा, दाजुहरूले रोक्दा पनि आफ्नो पढ्ने रुचि, अठोट र सङ्घर्षका कारण औपचारिक शिक्षा पढ्न पाएको बताउँछिन् । दाजुहरूले ल्याएका मार्क्सवादसम्बन्धी पुस्तकहरू, उपन्यासहरू, कालिदासका संस्कृतका श्लोकहरूबाट उनको साहित्यतिर रुचि बढेको देखिन्छ । पारिजातबाट प्रभावित उनी मेक्सिम गोर्कीको **आमा** उपन्यासबाट बढी प्रभावित भएकी थिइन् । "जब पारिवारिक र सामाजिक संस्कारअनुसार केटीबाट महिला बन्नुपर्ने, त्यही मान्यताअनुसार सामाजिकीकरण हुनुपर्ने, घरेलु हिंसाको सिकार हुनुपर्ने, त्यो देख्दा छटपटी र बेचैनी हुन्थ्यो त्यस्तो जिन्दगीप्रति वितृष्णा हुन्थ्यो र त्यो असन्तुष्टिको भावना पोख्ने माध्यम कविता बनाउँथे भन्दै प्रेरणाको स्रोत शोषितपीडित महिला र उपेक्षित वर्गलाई बनाएको भाव व्यक्त गर्दछिन् । पिता, आमा र दाजुहरूको इच्छा छोरीलाई विवाह गरिदिई घरजम गराउने भएको हुँदा आई. ए. पढ्दै गर्दा विवाह भए पनि आफ्नो पढाइ र साहित्यतर्फको झुकावलाई निरन्तरता दिन उनी श्रीमान्सँग बिछोडिएर काठमाडौँमा डेरा गरी बस्छिन् । यस क्रममा **साहित्यसन्ध्या** र **प्रतिभाप्रवाह** जस्ता कार्यक्रममार्फत उनको साहित्यलाई अझ मलजल पुग्दछ । साहित्यलेखनकै दौरानमा हिसिला यमी, पारिजातजस्ता स्रष्टाको सामीप्यले उनलाई सप्रिने अवसर मिल्दछ । २०४१/०४२ तिर काठमाडौँ आएकी सीता शर्माका त्यही समयमा २ छोरीहरू पनि जन्मिन्छन् । एकातिर आमा हुनुको दायित्व र अर्कोतिर अध्ययन तथा अध्यापन, समाजसेवा तथा

समय निकालेर साहित्यिक कार्यक्रममा सहभागिता, यस्तो गर्नु कम सङ्घर्ष होइन तर पनि ती अप्ठेरा परिस्थितिसँग जुध्दै आज जुन रूपमा खडा छिन्; उनको यो कठिन परिश्रमको फल आज आएर मिठो साबित भएको छ । यो सब हुनुमा मेरो श्रीमान्को साथ हौसला र प्रेरणा सर्वश्रेष्ठ रहेको छ भनी उनी बताउँछिन् । श्रीमान्को पुर्ख्यौली सम्पत्ति तराईमा भएको र दुवैजना शिक्षण पेसामा आबद्ध भएकाले आफूलाई आर्थिक अभाव त्यति नभएको उनी भन्छिन् । उनले नेपाली साहित्यमा निबन्ध, समालोचना र केही लेखरचना एवम् एउटा कवितासङ्ग्रह **नालिस** (२०५७) का साथै अन्य फुटकर कविता लेखेकी छन् । सादा जीवन, उच्च विचार राख्ने प्रगतिवादी कवि सीता जीवनलाई सफल भएको ठान्छिन् । समकालीन नेपाली कविताका क्षेत्रमा आफ्नो छुट्टै अस्तित्व र स्थान बनाउन सफल कवि सीता शर्माको काव्यरचनाको नदी निरन्तर बगिरहेको छ ।

# तेस्रो परिच्छेद

# सीता शर्माको कृतित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

बागलुङ् जिल्लामा जन्मेर काठमाडौँलाई कर्मथलो बनाई साहित्यसाधनामा लागेकी सीता शर्माले १३/१४ वर्षको कलिलो उमेरदेखि नै कविता लेख्न थालेकी हुन् । सीता शर्मा २०३६ सालको विद्यार्थी आन्दोलनदेखि नै प्रगतिशील विचारतर्फ उन्मुख भई राजनीतिक, सामाजिक र साहित्यिक कर्ममा लागेकी हुन् । सामाजिक मुक्तिको आन्दोलनबाट मात्रै आमूल परिवर्तन हुने विचार उनका कृतिमा व्यक्त भएको  छ । वर्गीय  पक्षधरताका साथ सामाजिक यथार्थहरूको चित्रण पनि उनका कृतिमा गरिएको छ । उनले नेपाली नारीले पाएका दुःख, पीडा र वेदनालाई मूल विषयवस्तु बनाएर साहित्यसृजना गरेको पाइन्छ । उनी नारी आन्दोलनलाई विशुद्ध नारीवादी आन्दोलनका रूपमा होइन, मार्क्सवादी कोणबाट हेर्छिन् । त्यसैले उनको मार्क्सवादलाई प्रतिनिधित्व गर्ने एक मात्र **नालिस** (२०५७) कवितासङ्ग्रह हो ।

२०४६ को जनआन्दोलनले राजनैतिक व्यवस्थालाई स्वरूपगत परिवर्तन गरे पनि असमानता, अन्याय र आर्थिक तथा सांस्कृतिक आधारलाई छुनसम्म भन्ने विचार उनको रहेको छ । विशेषगरी चुसाहा वर्गको हालीमुहाली भएको पुरुष हैकमवादी समाजमा महिलाले अपेक्षित स्वतन्त्रता प्राप्त नगरेको र उत्पीडन सहनुपर्ने बाध्यता जस्ताको तस्तै  रहेको भाव उनी व्यक्त गर्छिन् ।

पितृसत्तात्मक समाजमा पुरुषहरूले नारीलाई दोस्रो दर्जाको नागरिक बनाएर आफू मालिक भई आफ्ना चाहना, रुचि र स्वार्थअनुरूप व्यवहार गर्दै आएको पीडाको अभिव्यक्तिसमेत उनले निबन्धमा व्यक्त गरेकी छन् । उनका कविता, निबन्ध र अन्य लेखरचनाहरू धरैजसो प्रगतिवादतर्फ उन्मुख भएका छन् ।

कवि सीता शर्मा सामाजिक मुक्तिको आन्दोलनलाई आमूल परिवर्तनको आन्दोलन ठान्छिन् । त्यसैले वर्तमानमा रहेको सामाजिक असमानतालाई हटाउनुपर्ने, समाजमा कुनै किसिमको विभेद नहुनुपर्ने, झुप्रा, छाप्रा र पेटीहरूका गरिब तथा निर्धा जनताले गाँस, बास र

कपासको आधारभूत आवश्यकताबाट राहत पाउनुपर्ने उनको विचार छ । त्यति मात्र होइन हली दाइका विलौनाहरू समाप्त हुनुपर्छ, बाटुलीको निराश अनुहारलाई उज्यालो बनाउनुपर्छ र चञ्चले र जुनकिरीका पढ्ने रहरहरू पूरा गरिनुपर्छ भन्दै सर्वहारा वर्गको उत्थानका लागि समेत क्रान्तिकारी विचार, उच्च आदर्श र त्यसका लागि पूर्ण समर्पण भाव राख्दै दृढसङ्कल्प र अदम्य साहसको आवश्यकता रहेको कुरा उनले साहित्यमा व्यक्त गरेकी छन् । यसरी सीता शर्माका हरेक कृतिहरू प्रगतिवादतर्फ उन्मुख भएका छन् ।

## ३.२ प्रगतिवाद

'प्रगतिवाद' मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादमा आधारित वैज्ञानिक साहित्यिक दृष्टिकोण हो । यसलाई अझ प्रस्ट पार्न यस अध्यायमा प्रगतिवादको शाब्दिक तात्पर्य एवम् विभिन्न दृष्टिकोणको सैद्धान्तिक आधारमा विवेचना गरी निष्कर्षमा पुगिएको छ भने प्रगतिवादी कवितापरम्पराको अध्ययन पनि यस अध्यायमा गरिएको छ ।

'प्रगतिवाद' शब्द 'प्रगति' र 'वाद' नामक शब्दको संयोजनबाट तयार भएको हो । 'प्रगति' शब्द 'गति' मूल शब्दमा 'प्र' उपसर्ग लागेर तयार भएको हो । यस शब्दको अर्थ उत्थान, विकास, उन्नति, सुधार, उन्नयनजस्ता शब्दले दर्शाउन सकिन्छ । त्यस्तै वादको तात्पर्य 'सिद्धान्त' वा 'मत' भन्ने बुझिन्छ । वादको अर्थ बृहत् शब्दकोशले तत्त्वदर्शीहरूले निश्चित गरेको कुनै विशिष्ट कुराको मत वा सिद्धान्त भनी परिभाषित गरेको छ । यसरी प्रगतिवादको शाब्दिक तात्पर्य खोज्दा राम्रोसँग अगाडि बढ्ने वा सुधार उन्नयन तथा विकास आदिसँग सरोकार राख्ने सिद्धान्त भन्ने बुझिन्छ । प्रगतिवादलाई यसरी सामान्य शाब्दिक अर्थमा मात्र हेर्दा यसमाथि अन्याय हुनजान्छ तसर्थ प्रगतिवादलाई विशिष्ट परिभाषित शब्दका रूपमा हेर्नु र अध्ययन गर्नुपर्ने हुन्छ । विशिष्ट प्रगतिवाद मार्क्सवादी दर्शनमा आधारित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोशले भनेको छ : प्रगतिवादले साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थ अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई बढी महत्त्व दिने, मार्क्सवादबाट प्रभावित साहित्य सिद्धान्त, यथार्थवादको प्रकृतिवादी शाखादेखि भिन्न अर्को शाखा हो । यसलाई अझ स्पष्ट पार्दै डा. ताराकान्त पाण्डेयद्वारा लिखित **प्रगतिवाद र कविता** नामक पुस्तकमा प्रगतिवाद मार्क्सवादको

राजनीतिक क्षेत्रमा साम्यवाद, सामाजिक क्षेत्रमा समाजवाद, दर्शनमा द्वन्द्वात्मक भौतिकवाद अनि साहित्यमा प्रगतिवाद नामले परिचित भएको उल्लेख छ ।

यसबाट स्पष्ट हुन्छ कि प्रगतिवाद भनेको मार्क्सवादका दुई प्रस्थापन द्वन्दात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको भावभूमिमा आधारित साहित्यिक सिद्धान्त हो ।

प्रगतिवादको तात्पर्यलाई अझ स्पष्ट पार्ने सन्दर्भमा धेरै स्थानमा समानधर्मी शब्दको रूपमा प्रयोग गरिएको प्रगतिशील शब्द र प्रगतिवाद शब्दको फरक छुट्याएर बुझ्नुपर्ने हुन्छ । प्रगतिशील शब्द खास गरेर पुरानाको सापेक्षतामा केही सानातिना उन्नति, विकास वा सुधार हुनुमा सीमित छ भने त्यस्तो प्रगतिशीलता मार्क्सवादबाट स्वतन्त्र छ तर प्रगतिवाद चाहिँ मार्क्सवादी विश्वदृष्टिकोणसँग सम्बन्धित हुने हुँदा प्रगतिशील र प्रगतिवाद बेग्लाबेग्लै दृष्टिकोण हुन् (पाण्डेय, २०५६ : १-२) यस प्रकारले भन्न सकिन्छ कि प्रगतिवाद भनेको मार्क्सवादी जीवनदर्शनमा आधारित साहित्यको रूपान्तरण हो जसले समाजवादी यथार्थवादलाई आत्मसात् गरेको हुन्छ ।

### ३.२.१ प्रगतिवादको दार्शनिक आधार

प्रगतिवादी सिद्धान्तको दार्शनिक आधार भनेको जीवनजगत्लाई भौतिकवादी दृष्टिले हेर्ने मार्क्सवादी दर्शन नै हो । प्रकृति र सामाजिक जीवनको व्याख्या-विश्लेषणमा मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ । यसकारण मार्क्सवादी दर्शन, भौतिकवादी दर्शन हो (भण्डारी, २०५३ : १) भने यसै दर्शनमा आधारित भएको हुँदा प्रगतिवाद पनि भौतिकवादी साहित्यिक दृष्टिकोण हो । यस दृष्टिकोणका प्रतिपादकहरू कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स हुन् । प्रगतिवादलाई बुझ्नका लागि मार्क्सवादका बारेमा जान्नु अपरिहार्य हुन्छ । मार्क्सवादका प्रमुख प्रस्थापनाहरू दुईवटा रहेका छन् । ती हुन् : द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद । यसै परिपेक्ष्यमा यी दुई प्रस्तावनाका बारेमा सङ्क्षिप्त चर्चा गरिन्छ :

## ३.३ द्वन्द्वात्मक भौतिकवाद

द्वन्द्वात्मक भौतिकवादले पदार्थमा गतिशील रहने मान्यतालाई स्वीकार गर्छ (भण्डारी, २०५३ : १-५) जर्मनका अध्यात्मवादी दार्शनिक हेगेलले प्रयोग गरेको द्वन्द्वात्मक पद्धतिलाई

स्वीकार गर्दै मार्क्सले यो पद्धति चेतनामा मात्र नभएर पदार्थमा लागू हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । शाब्दिक रूपमा हेर्दा द्वन्द्वात्मक ग्रिसेली भाषाको 'डाइलेगो' र अङ्ग्रेजी भाषाको 'डाइलेसिस' बुझाउने समानार्थी नेपाली रूपान्तरण हो । 'डाइलेगो' शब्दले विरोधी पक्षहरूको तर्कमा भएका अन्तर्विरोधहरूलाई खोजेर खण्डन गर्ने र तथ्य पत्ता लगाउने कलालाई बुझाउँछ । यसरी द्वन्द्ववादले के भन्छ भने समस्त प्रकृति र जीवनजगत्को विकास पदार्थमा भएको द्वन्द्वशील गुणले गर्दा नै सम्भव भएको छ । भौतिकवादी दृष्टिकोण भएको हुँदा यस चिन्तनको यथार्थजगत् गतिशील छ, परिवर्तनशील छ, यो कुनै परमसत्ताद्वारा निर्मित नभएर स्वसत्तासम्पन्न छ भन्ने मान्यता प्रस्तुत गर्दछ । मानव चेतनादेखि यसको स्वतन्त्र आफ्नै अस्तित्व छ भन्ने कुरा स्वीकार गर्छ । मान्छेको चेतनाले उसको अस्तित्व निर्धारण गर्दैन, सामाजिक चेतनाले नै उसको अस्तित्व निर्धारण गर्दछ भन्ने यसको मान्यता छ (गौतम, २०४९ : ३३) ।

परम्परागत आदर्शवादले समस्त वस्तुजगत्लाई परमत्वको चेतनाको प्रतिफल मान्दछ भने द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण, त्यसको ठीक विपरीत यथार्थवादी दृष्टिकोण प्रस्तुत गर्ने चिन्तन हो । भौतिकवादी दृष्टिकोण भएको हुँदा द्वन्द्वात्मक भौतिकवाद कुनै पनि ईश्वरीय सत्तालाई स्वीकार गर्दैन । अपरिवर्तनशील रूपमा प्रकृतिलाई हेर्ने तथा अस्तित्वमा आउन नसकेका कुनै पनि कुराको उद्भव हुन नसक्ने दृष्टिकोण र मान्यता राख्ने अधिभूतवादी विचारका विपरीत द्वन्द्ववादले प्रकृति वा जीवनजगत्लाई परिवर्तनशील रूपमा हेर्दछ । यसले गुणात्मक परिवर्तनबाट नयाँ चीजको जन्म हुने कुरा प्रस्तुत गर्दछ । विकासको मूलस्रोत पदार्थभित्रै हुन्छ भन्ने मान्यता प्रस्तुत गर्ने द्वन्द्ववादले पदार्थभित्रै हुने विरोधी पक्षहरूको एकता तथा सङ्घर्षको द्वन्द्वात्मक प्रक्रियाबाट वस्तुजगत्को विकास हुन्छ, (भण्डारी, २०५३ : ३) भन्ने मान्यता स्वीकार गरेको छ ।

यिनै परिवर्तनका नियम र प्रक्रियाबाट समस्त जीवनजगत्को परिवर्तन र विकाससम्बन्धी आफ्नो धारणा द्वन्द्वात्मक-भौतिकवादले प्रस्तुत गरेको छ, जुन परम्परागत आदर्शवादी सोचभन्दा विपरीत र धरातलीय यथार्थमा आधारित छ, जसले प्रमाणित रूपमा आफ्ना तथ्यहरू प्रस्तुत गर्न सक्छ भने अधिभूतवादीहरूको मुख पनि टालिदिन सक्छ ।

ऐतिहासिक भौतिकवाद मार्क्सवादी दर्शनको दोस्रो प्रस्थापना हो । ऐतिहासिक भौतिकवादले समाज विकासको ऐतिहासिक स्थिति, भौतिक वस्तुको विकासको कारण र त्यसका आधारभूत तत्त्वको विवेचना गरेको छ (गौतम, २०४९ : ३३) । द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरू सामाजिक जीवनका अध्ययनमा पनि विस्तारित हुँदा सामाजिक जीवनका घटनाहरू, समाज र समाजको इतिहासको अध्ययन गर्नका निम्ति पनि प्रयोग हुन्छन् । यसरी विस्तार र प्रयोग भएको द्वन्द्ववादलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । ऐतिहासिक भौतिकवादले सामाजिक, आर्थिक परिवर्तनका विविध ऐतिहासिक सन्दर्भलाई आधार बनाएर समाज विकासका चरणहरूको अध्ययन गरेको भेटिन्छ । सङ्क्षेपमा भन्दा ऐतिहासिक भौतिकवादको वास्तविक अर्थ सामाजिक जीवन र मानव जातिको इतिहासमा द्वन्द्वात्मक भौतिकवादका मूल सिद्धान्तहरूको प्रयोग हो ।

मार्क्स र एङ्गेल्सले ऐतिहासिक सिद्धान्तको भौतिकवादी प्रतिपादन गरिदिएपछि समाज तथा इतिहाससम्बन्धी धारणामा फरक आएको पाइन्छ भन्ने धारणा रहेको छ । इतिहासका नियमहरू एवम् वैज्ञानिक तथ्यपरक दृष्टिकोण प्रस्तुत गरिएको हुँदा मानव समाजको परिवर्तनसम्बन्धी वास्तविक इतिहास त्यसपछि मात्र तयार भएकाले यस सिद्धान्तलाई क्रान्तिकारी स्थापनाको रूपमा लिने गरिन्छ । सामाजिक जीवनको वास्तविक इतिहास एवम् परम्परालाई प्रस्ट पार्न यस ऐतिहासिक भौतिकवादी मान्यता अझ सफल भएको छ । सामाजिक तथा आर्थिक पक्षलाई प्राथमिक तत्त्वका रूपमा स्वीकार गर्ने भौतिकवादले सामाजिक रूपान्तरणको निर्णायक तत्त्व ऐतिहासिकता भएको यथार्थलाई आत्मसात् गर्दछ । उत्पादनपद्धति तथा उत्पादन सम्बन्धहरूले समाजको विकासमा कुन किसिमको प्रभाव कसरी पार्न सक्छ भन्ने विषयको अध्ययन ऐतिहासिक भौतिकवादअन्तर्गत गरिन्छ । ऐतिहासिक भौतिकवादका अनुसार भौतिक साधनको उत्पादन र पुनरूत्पादन, समाज विकास र सामाजिक अस्तित्वको महत्त्वपूर्ण सर्त हो (पाण्डेय, २०५६ : २) ।

जीवननिर्वाहको क्रममा भौतिक सामग्रीहरू आवश्यक पर्ने हुँदा उत्पादनपद्धति जीवनको आवश्यक सर्त भएको र सामाजिक जीवन उत्पादनपद्धति अनुरूप बदलिँदै जाने यथार्थलाई ऐतिहासिक भौतिकवादले स्पष्ट पारेको छ ।

यसरी मान्छे अनिवार्य रूपमा उत्पादन प्रक्रियासँग सम्बन्धित रहेको हुन्छ । मार्क्सको यस भनाइलाई देवीप्रसाद गौतमले यसप्रकार उदधृत गरेका छन् । सामाजिक जीवनको उत्पादन प्रक्रियामा मान्छे अपरिहार्य रूपमा सुनिश्चित सम्बन्ध राख्दछ । यिनै सम्बन्धहरूको योग तथा सम्पूर्णताले नै समाजको आर्थिक धरातलको निर्माण गर्दछ । त्यसैमा एक न्यायिक तथा राजनीतिक बाह्‌य संरचना वा अधि संरचना खडा हुन्छ (गौतम, २०४९ : ६४) ।

ऐतिहासिक भौतिकवादी दर्शनअनुसार इतिहास तल्लो चरणबाट माथिल्लो चरणमा क्रमिक रूपमा अगाडि बढ्छ । यस किसिमको इतिहासको विकास मानिसको इच्छाबाट होइन, वस्तुगत नियमबाट हेर्नुपर्दछ । हरेक ऐतिहासिक अवस्थामा पाइने राजनैतिक तथा कानुनी संस्थाहरू र धार्मिक, दार्शनिक आदि धारणाहरूको वास्तविक आधार तत्कालीन आर्थिक संरचना हो । यसर्थ आर्थिकताका आधारमा नै इतिहासको व्याख्या र अध्ययन गर्नुपर्छ भन्ने धारणा मार्क्स र एङ्गेल्सको पाइन्छ (भण्डारी, २०५३ : ६) ।

आजसम्मको इतिहास वर्गसङ्घर्षको इतिहास हो भन्ने मान्यता प्रस्तुत गर्ने मार्क्स र एङ्गेल्स समाजमा वर्ग कायम रहेसम्म सङ्घर्ष कायम रहन्छ भन्ने मान्यता प्रस्तुत गर्दछन् । शोषक र शोषित वर्गको अन्त्यमा साम्यवादी समाजको निर्माण हुँदा राज्य विलोप हुन्छ भन्ने अभिप्राय यहाँ प्राप्त गर्न सकिन्छ । मार्क्सका अनुसार दबाउनका लागि कुनै शक्ति (वर्ग) नरहने हुँदा केवल साम्यवादले मात्र राज्यलाई पूर्ण रूपमा अनावश्यक बनाउँछ भन्ने लेनिनको भनाइले पनि यस भनाइलाई थप मद्दत पुऱ्याएको देखिन्छ । परिवर्तन सम्बन्धमा नयाँ उत्पादक शक्तिहरू र पुराना उत्पादन सम्बन्धहरूको टक्कर नै सामाजिक क्रान्तिको आर्थिक जग हो भन्ने मार्क्सवादी निष्कर्षले सामाजिक क्रान्तिका निम्ति उत्पादन सम्बन्ध कारणका रूपमा रहेको यथार्थ जानकारी गराउँछ । यसै तथ्यलाई आधार बनाएर मानव सभ्यताको सुरुमा आदिम साम्यवादी समाज, त्यसपछि दास युग, सामन्त युग र पुँजीवादी युग व्यतीत भएको उल्लेख गर्दै समाज समाजवादी युगतर्फ सङ्क्रमण गर्न खोजेको निष्कर्ष निकालिन्छ ।

ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार आदिम साम्यवादको विघटनदेखि मानव जातिको इतिहासमा वर्गहरूबीच सङ्घर्ष हुँदै आएको छ । आदिम समाज वर्गहीन समाज भएको हुनाले उत्पादक शक्तिहरूको विकास भयो; जसको प्रतिफल नयाँ वर्गहरूको जन्म भयो । यी वर्गहरूमा नयाँ प्रगतिशीलका स्वरूपमा वर्गहरू र पुराना शक्तिहरूबीच सङ्घर्षको परिणाम

नयाँनयाँ समाजको रूपान्तरण हुँदै जाँदा आजको स्थितिमा आइपुगेको स्पष्ट हुन्छ । ऐतिहासिक भौतिकवादका दृष्टिका मानव समाजको विकासको निम्ति वर्गसङ्घर्ष प्रेरक र अपरिहार्य तत्त्वका रूपमा स्वीकार गर्नुपर्ने हुन्छ । यही सङ्घर्षले नै पुरानोलाई हटाएर नयाँ व्यवस्थाको जन्म गराएको छ ।

यस प्रकार ऐतिहासिक भौतिकवादले मानव सभ्यताको इतिहासलाई तथ्यपरक यथार्थवादी ढङ्गले विश्लेषण गर्दछ । त्यस्तै मानवीय चेतना पनि भौतिक परिवर्तनकै अनुपातमा हुने परिवर्तन हो भन्ने मान्यता प्रस्तुत गरेको छ ।

## ३.३.१ प्रगतिवादी कला-साहित्यमान्यता

प्रगतिवादलाई दार्शनिक आधार प्रदान गर्ने दार्शनिक चिन्तन नै मार्क्सवाद हो । प्रगतिवाद मार्क्सवादका दुई प्रस्थापनाहरू द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादजस्ता वैज्ञानिक आधार स्तम्भलाई आधार बनाएर खडा भएको छ । मार्क्सवादका विभिन्न शाखाहरूमध्ये साहित्यिक शाखा नै प्रगतिवाद हो । प्रगतिवाद मार्क्सवादको एउटा बलियो हाँगा हुँदाहुँदै पनि यस दर्शनका प्रतिपादक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले भने साहित्यको सन्दर्भमा कुनै पनि कृति प्रस्तुत गरेका छैनन् । यतिभए तापनि मार्क्स र एङ्गेल्सले पुराना सौन्दर्यशास्त्रीहरूले समाधान गर्न नसकेका अनेक गम्भीर प्रश्नहरूको समाधान गरी मार्क्सवादी दर्शन अगाडि ल्याएका छन् (भण्डारी, २०५३ : १०) । यसै दर्शनबाट अनुशासित प्रगतिवाद सफल साहित्यिक सिद्धान्तका रूपमा प्रतिस्थापित भएको छ । हामीले मार्क्स र एङ्गेल्सले साहित्यको विषयमा के बोलेका छन् भन्ने भन्दा पनि यस विषयमा के भन्ने थिए होलान् र उनीहरूद्वारा प्रतिपादित सिद्धान्तले के भन्छ भन्ने कुरा महत्त्वका साथ लिनुपर्ने हुन आउँछ । (गौतम, २०४९ : ४०) प्रगतिवादी कला-साहित्यका सन्दर्भमा विभिन्न दार्शनिकहरूले विभिन्न दर्शन र चिन्तनहरू प्रस्तुत गरेका छन् । यी चिन्तनहरूले प्रगतिवादलाई अझ स्पष्ट र गतिशील बनाएका छन् । यिनै चिन्तन र तर्कहरूको आधारमा प्रगतिवादी कला-साहित्य मान्यतालाई स्पष्ट पार्ने प्रयास गरिन्छ ।

मार्क्स र एङ्गेल्सद्वारा साहित्यका सन्दर्भमा कुनै पनि कृति प्रस्तुत गरेका नभए तापनि उनीहरूबाट भएको कृतित्वको टिप्पणी र अन्तर्वार्ता आदिका क्रममा व्यक्त भएका धारणाहरूले मार्क्सवादी कला-साहित्यको मान्यतालाई आधार प्रदान गरेका छन् । खास गरी मार्क्सवादी

साहित्यको प्रस्थान बिन्दुका रूपमा लिइने मार्क्सको कृति **अ कन्ट्रिव्युसन टु दी क्रिटिक अफ पोलिटिक्ल इकोनोमी** हो । यस कृतिको प्रस्थापना खण्डमा रहेको आधार र अधिरचनामा निम्न स्थापनाहरू शिवकुमार राईद्वारा प्रस्तुत गरिएका छन् :

- साहित्य एवम् कला विचारधाराकै स्वरूप हुन् ।
- ती मूलतः समाजका आर्थिक-भौतिक जीवनबाट उत्पन्न एवम् तिनैमा स्थित र आधारित छन् ।
- आर्थिक-भौतिक धरातलमा परिवर्तन हुनासाथ साहित्य-कला अथवा विचारधाराका अन्यरूप पनि धेरथोर त्यही तीव्रताका साथ परिवर्तन हुन्छ ।
- र यस्तो परिवर्तनमा विचार गर्दा हामीले उत्पादनका आर्थिक परिस्थितिहरू जसलाई पदार्थ विज्ञानको झैँ नै ठीकसँग आकलन गर्न सकियोस् र विचारधाराका रूपहरू जसमा मनुष्य यसप्रति सचेत रहन्छ । यसका बीच भेद गर्नुपर्छ (मिश्र, १९७३ : १९५) ।

मार्क्स आधारको परिवर्तनबाट अधिरचनामा परिवर्तन हुन्छ भन्ने देखाउन चाहन्छन् । अधिरचनाको परिवर्तनको समेत आधार परिवर्तन गर्नसक्ने प्रति जोड दिन समेत चुक्दैनन् । यस भनाइले के स्पष्ट पार्न खोजेको छ भने समाजमा भएका सङ्घर्ष र त्यसबाट हुने परिवर्तनको कला-साहित्यमा ठूलो असर पारेको हुन्छ भने कला-साहित्यको पनि समाज परिवर्तनका लागि त्यतिकै अनुकूल प्रभाव पार्ने गर्दछ ।

प्रगतिवादको निकट पृष्ठभूमि यथार्थवाद हो तथापि मार्क्स र एङ्गेल्सको कला-साहित्य मान्यताले फोटोकपीमूलक यथार्थवादलाई स्वीकार गर्दैन । प्रगतिवादले सामान्य नभई समाजको प्रतिनिधि परिस्थिति र प्रतिनिधि पात्रहरूको यथार्थवादी मान्यतासँगै यही अन्तर मूलभूत रहेको पाइन्छ (पाण्डेय, २०५६ : १०) ।

यस तथ्यलाई अझ स्पष्ट गर्न यो भनाइ उपयुक्त देखिन्छ : प्रतिनिधि परिस्थितिमा प्रतिनिधि पात्रको सृजन जनपक्षीय साहित्यको विशिष्ट लक्षण हो । पात्रको व्यक्तिगत नियतिसँग कार्यकारण सम्बन्धमा रहेका विभिन्न प्रतिनिधि परिस्थितिको उत्पादन यसको विशेषता हो । त्यसैले आफू बाँचेको र कार्यरत रहेको सामाजिक वातावरणबाट पात्रलाई नअलग्याई समाज, पात्र र समाजको वास्तविक अन्तरविरोधसहित सामाजिक सम्बन्धहरूको द्वन्द्वात्मक रूप चित्रित गर्न जनपक्षीय साहित्यकार कुशल बन्नुपर्दछ (चापागाईं, २०५१ : १० । यसबाट के पुष्टि हुन्छ

भने प्रगतिवादी साहित्य समाजको प्रतिनिधि परिस्थितिको प्रस्तुति हो जसमा समाजको यथार्थ प्रस्तुति हुन्छ तर साहित्य फोटोकपी जस्तो नभएर समाजलाई मार्ग निर्देशन गर्नसक्ने खुबी भएको हुनुपर्छ भन्ने आग्रह प्रगतिवादी साहित्यले राख्दछ ।

स्पष्ट कुरा के हो भने यथार्थवादले मार्क्सवादलाई आत्मसात् गरेपछि मात्र पूर्णता पाउन सक्छ । यसलाई पुष्टि गर्ने सन्दर्भमा डा. ताराकान्त पाण्डेयको भनाइ यस्तो रहेको छ : “प्रगतिवादको विकासपूर्व यथार्थवाद ‘फोटो ग्राफिक’ सामान्य यथार्थ चित्रण कि त डार्विनको विकासवादबाट अनुप्राणित भएर प्रकृतिवादी चित्रणतिरै लहसिएको पाइन्छ । वस्तुतः यस क्षेत्रमा मार्क्स र एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवादी मान्यताको स्थापना र विकासपछि नै यथार्थवादले बैज्ञानिक आधार प्राप्त गरेको हो र साँचो अर्थमा यथार्थवादी रूप ग्रहण गरेको हो (पाण्डेय, २०५६ : १०) ।

लेनिन राजनीतिक क्षेत्रमा साहित्य र पार्टीको उद्देश्यलाई समान महत्त्व प्रदान गर्न चाहन्छन् । यसरी समान रूपमा पार्टीको उद्देश्यलाई अगाडि बढाउन सकिए मात्र क्रान्तिकारी सर्वहारा वर्गको हित हुन्छ भने कुरामा लेलिन सहमत देखिन्छन् । साहित्य सर्वहारा वर्गको महानतम उद्देश्यसँग गाँसिएर जान सकेन भने आफ्नो दायित्व पूरा गर्न सक्तैन तसर्थ लेनिनले साहित्य र पार्टीको कार्यक्रम एकअर्कोसँग आबद्ध भएर जानुपर्छ भन्ने दृष्टिकोण पेस गरेको देखिन्छ (भण्डारी, २०५६ : १७) ।

लेनिनको चाहना साहित्य एवम् कला जनजनको सम्पत्ति बनोस् भन्ने थियो । यस कुराका उनी हरसम्भव पक्षपाती थिए । उनको दृढ विचार यो थियो कि लोकप्रियता साधन, कला वा साहित्य स्तरीय हुनमा कुनै बाधा छैन, उनी कला-साहित्यमा जनताका सपना एवम् आदर्शको चित्रण जसलाई साकार पार्न समाजवादी क्रान्ति भएको थियो (मिश्र, १९७३ : २१०)

त्यसै गरी लेनिनले स्वतन्त्र साहित्य र स्वतन्त्र लेखनका बारेमा पनि चर्चा गरेका छन् । लेलिनका विचारमा शोषित र शासकयुक्त वर्गीय समाजमा लेखकले स्वतन्त्र लेखनको वकालत गर्नु भनेको शोषक वर्गको हितमा काम गर्नु हो । वर्गयुक्त समाजमा पुँजीवादी लेखक तथा कलाकारहरूले भन्ने गरेको स्वतन्त्रता पैसा, भ्रष्टाचार र व्यभिचारको मखुन्डोको अधीनतायुक्त स्वतन्त्रता हो । त्यसकारण यस किसिमको राज्यव्यवस्थामा स्वतन्त्र साहित्य सिर्जना हुने कुरा व्यक्त गरेका छन् । साहित्य वर्गीय हितको लागि हुनुपर्छ न कि स्वान्तसुखायका लागि ।

साहित्यले क्रान्तिको समयमा योद्धालाई सहयोग गर्न सक्नुपर्छ । लेनिनका विचारमा कला-साहित्य भनेको क्रान्तिका पेच र किला हुन् जुन किला र पेच विनाको मेसिन कल्पना गर्न समेत सकिन्न । यसबाट के स्पष्ट हुन्छ भने लेलिन वर्गीय साहित्यका पक्षपाती छन् भने साहित्यलाई क्रान्तिकै हतियारको रूपमा प्रस्तुत गर्न चाहन्छन् ।

प्रगतिवादी साहित्यको चिन्तनपरम्परामा लेलिन पश्चात् मुख्य स्थान माओत्सेतुङ्गको आउँछ । लेलिन जस्तै माओ पनि पूर्णतः राजनीतिक व्यक्तित्व नै हुन् । यति भएर पनि माओले सन् १९४२ मा येनान प्रान्तमा भएको गोष्ठीमा प्रस्तुत गरेको साहित्य र कलासम्बन्धी दृष्टिकोणले विशेष महत्त्व राख्दछ । चीनमा गृहयुद्ध चर्किरहेको बखतमा भएको येनान प्रान्तको उक्त गोष्ठीको मुख्य अभिप्राय कला-साहित्यलाई क्रान्तिको अभिन्न अङ्गका रूपमा विकसित गर्नु, क्रान्तिका शत्रुलाई ध्वस्त पार्ने साधनका रूपमा ढाल्नु र सङ्घर्षशील जनताको क्रान्तिकारी युद्धलाई सहयोग गर्नु रहेको थियो ।

माओको विचारमा लेखक वा कलाकारको अडान वा प्रतिबद्धता भनेकै वर्गीय अडान हो । सर्वहारा वर्ग र जनसमूहको अडानलाई नै लेखक तथा कलाकारहरूले अङ्गीकार गर्नुपर्दछ । लेलिनले जस्तै माओले पनि लेखक तथा कलाकारहरूले पार्टीको अडानअनुरूप चल्नुपर्ने आग्रह गरेका छन् (भण्डारी, २०५३ : १९) । यस आग्रहले लेखक कलाकार जस्तो सचेत पक्षलाई कतै पार्टीका कारिन्दा बनाउन खोजेको त होइन ? भन्ने प्रश्न उब्जन सक्छ तर यसको कदापि त्यो आशय भने होइन । पार्टी भनेको सङ्गठित जनसमूहको स्वरूप हो । पार्टीमा वृहत् जनसहभागिता रहने गर्दछ । लेखक तथा कलाकारको धर्म भनेको बहुजनको हित गर्ने खालको साहित्यसिर्जना गर्नु हो । माओको यो आग्रह पार्टी प्रतिबद्धताभन्दा पनि वर्ग प्रतिबद्धतातर्फ सङ्केत हुनसक्छ ।

मूलतः माओत्सेतुङ्ग पनि कला-साहित्य वर्गीय हुने कुरामा जोड दिन्छन् । उनी कलाकार साहित्यकारले सर्वहारा वर्गको स्वभावलाई पहिचान गर्नुपर्नेमा जोड दिन्छन् । उनले वर्गमा विभक्त समाजमा सामान्य मानवताप्रति प्रेम प्रदर्शित गर्ने लेखक कलाकारदेखि सावधान रहनुपर्ने सिफारिस पेस गरेका छन् । जुन समाज वर्गमा विभक्त छ । त्यसमा साहित्यकार कलाकारको प्रेम सर्वहारावर्गमा समर्पित हुनसक्छ । सामान्य मानवता जस्तो कुनै अबुझ तत्त्वमा होइन (मिश्र, १९७३ : २३५) । उनको विचारमा सामान्य मानवताको वकालत गर्ने साहित्यकारहरू

क्रान्ति र सङ्घर्षदेखि डराउँछन् । यी कलाकार वा साहित्यकार शोषक वर्गका खेताला हुन सक्छन् जसले भ्किनामसिना लोभ देखाएर क्रान्तिमा भाँजो हाल्ने सम्भावना अधिक हुन्छ ।

प्रगतिवादी कला-साहित्यको सन्दर्भमा लेलिन पछिका यी प्रबुद्ध चिन्तक माओत्सेतुङ्गको कला-साहित्य समीक्षाको सन्दर्भमा आलोचक चैतन्यको भनाइ यस्तो रहेको छ :

“माओले कलाको समीक्षाको मापदण्ड निर्धारित गर्ने क्रममा एकातिर मार्क्सवाद र लेलिनवादको सैद्धान्तिक पृष्ठभूमि र अर्कोतिर साम्राज्यवाद एवम् सर्वहारा क्रान्तिको युगका वर्गसङ्घर्ष एवम् अन्त सङ्घर्षका क्षेत्रमा थप जटिलता दुवै पक्षमाथि ध्यान दिनुभयो । यसै क्रममा उहाँले मार्क्सवाद लेलिनवादलाई माओवादको गुणात्मक शिखरमा उठाउनुभयो र त्यसै अनुरूप सौन्दर्य चिन्तनलाई नयाँ उचाइ प्रदान गर्नुभयो” (चापागाईं, २०५४ : ५) ।

माओत्सेतुङ्गले कला-साहित्यको क्षेत्रमा थपेको नवीन मान्यता भनेको कलाकार वा साहित्यकारलाई सांस्कृतिक मान्यता प्रदान गर्नु हो । माओका विचारमा क्रान्तिको बेला सशस्त्र लालपल्टनकै हाराहारीमा सांस्कृतिक पल्टनले पनि भूमिका खेल्छ । त्यति मात्र नभएर क्रान्तिपश्चात् पनि प्राप्त उपलब्धिलाई सांस्कृतिक पल्टनले दिगो बनाउँछ । समाजलाई प्रतिक्रान्तिका क्षेत्रमा फर्काउने सकारात्मक तथा नकारात्मक क्षेत्रमा सांस्कृतिक आन्दोलनको भूमिका महत्त्वपूर्ण रहने कुरा बताउँदै माओले सामाजिक चेतनाको परिष्कार र परिवर्तनमा कला-साहित्यको अहम् भूमिका रहने कुरा बताएका छन् । (पाण्डेय, २०५६ : १६) ।

प्रगतिवादी साहित्यको सम्बन्धमा चर्चा गरिएका अघिल्ला दुई व्यक्तित्व लेलिन र माओत्सेतुङ्ग मूलतः राजनीतिक व्यक्तित्व हुन् । मुख्य रूपमा राजनीतिसँग सम्बन्धित भएका हुँदा उनीहरूले साहित्यलाई राजनीतिक हतियारका रूपमा मात्र विश्लेषण गर्न खोजेको देखिन्छ । उनीहरूलाई साहित्यको विश्लेषण गर्ने मान्यता भनेकै राजनीतिको पक्षपोषण गर्नसक्ने हतियारको रूपमा विकसित गर्दै लानु हो भन्ने देखिन्छ । साहित्यशास्त्रीय आधारमा पनि हेरिनुपर्ने हुन्छ; त्यस्तै मान्यतालाई आधार बनाएर विभिन्न सौन्दर्यशास्त्रीहरूले मार्क्सवादी साहित्यको अध्ययन र चिन्तन गरेको भेटिन्छ । यसरी सौन्दर्यशास्त्रीय आधारमा प्रगतिवादी कला-साहित्यिक मान्यताको अध्ययन र चिन्तन गर्ने प्रमुख केही व्यक्तित्वका बारेमा चर्चा गर्नु सान्दर्भिक देखिने हुँदा यहाँ चर्चा गरिन्छ ।

प्रगतिवादी कला-साहित्यलाई सौन्दर्यचिन्तन एवम् आलोचनात्मक परम्परामा सर्वप्रथम बहुमुखी प्रतिभाका धनी लुना चार्स्कीको नाम उल्लेख गर्न सकिन्छ । लुना चार्स्की लेलिनका विश्वस्त मित्र, रुसको नयाँ समाजको अत्यन्त ख्याति प्राप्त सिद्धान्तविद्, वैज्ञानिक पत्रका श्रेष्ठवक्ता तथा अद्भुत मेधावी दार्शनिक थिए । उनको कला-साहित्यको क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण कृति भनेको मार्क्सवादी समीक्षाका समस्या हो ।

यस कृतिलाई शोधपूर्ण वैज्ञानिक कृति मानिन्छ । यस कृतिमा उनले मार्क्स र लेलिनको वैज्ञानिक समाजशास्त्रलाई मार्क्सवादी समीक्षाको आधार मानेका छन् । लुना चार्स्कीले प्रगतिवादी साहित्य समीक्षाको वैशिष्ट्य समाजशास्त्रीय आधारलाई ठहऱ्याएका छन् । कुनै पनि कलाकृतिमा सचेत र असचेत रूपमा नै कुनै वर्गको समाज मनोविज्ञान आउँछ । कवि तथा कलाकारको अनुभूति पनि त्यसबाट टाढा रहन नसक्ने हुँदा समीक्षकले त्यसको सूक्ष्म रूपमा विश्लेषण गर्नुपर्छ भन्ने धारणा लुना चार्स्कीको रहेको पाइन्छ । (गौतम, २०४९ : ६०) । लेलिन र माओको भन्दा केही खुकुलोपनले साहित्यलाई हेर्न सक्नु उनको नवीनता हो । लुना चार्स्कीपछि प्रगतिवादी साहित्यलाई सौन्दर्यशास्त्रीय आधारमा हेर्ने चिन्तकहरूमा मेक्सिम गोर्की, क्रिस्टोफर कडवेल, राल्फ फक्स, हावर्ट फान्ट, जर्ज लुकाज, अन्सर्ट फिसर र चाउयाङ्ग मुख्य रहेका छन् ।

अन्तर्राष्ट्रिय ख्यातिप्राप्त महान् रचनात्मक लेखक म्याक्सिम गोर्कीले मार्क्सवादी यथार्थवादलाई समाजवादी याथार्थवादको संज्ञा दिएका छन् । मूलभूत रूपमा गोर्कीले सिर्जनात्मक साहित्यकार भए तापनि स्रष्टाकै अनुभवबाट भए पनि साहित्यका बारेमा चिन्तन प्रस्तुत गरेका छन् । उनले साहित्यका सन्दर्भमा गरेका चिन्तनहरू **साहित्य बारेमा** भन्ने पुस्तकमा सङ्कलित रहेका छन् । गोर्कीका सैद्धान्तिक लेखहरूमध्ये 'व्यक्तित्वको विखण्डन' भन्ने लेखमा समाज व्यवस्थासँगै समष्टिबाट व्यष्टिमा विखण्डित हुँदै आउँदा 'हामी' 'म' मा रूपान्तरित भएको हो भन्ने जानकारी दिइएको छ । जे छ त्यो मात्र चाहनु वा प्रस्तुत गर्नु मात्र साहित्यको काम होइन, के इच्छा गरिएको छ र के हुनुपर्छ, भन्नुपर्छ भन्ने कुरा देखाउनु पनि यसको उद्देश्य हो । यसका लागि प्रारूपीकरण आवश्यक छ भन्ने गोर्कीको धारणा पाइन्छ ।

यसरी विभिन्न राजनीतिक एवम् सौन्दर्य चिन्तक तथा आलोचकहरूबाट प्रगतिवादी कला-साहित्यका सम्बन्धमा आ-आफ्ना धारणा राखिएका पाइन्छन् । उपर्युक्त चर्चित सम्पूर्ण

धारणाहरूलाई समष्टिगत रूपमा मिलाएर हेर्दा प्रगतिवादी कला-साहित्यको उत्पत्ति, उद्देश्य प्रयोजन, स्वरूप, अर्न्तवस्तु आदिबारे मूलभूत रूपमा निम्न धारणा बनाउन सकिन्छ :

- कलाको उत्पत्ति श्रमशील मान्छेको श्रमसँगै भएको हो ।
- कला-साहित्य भनेको सामाजिक जीवनका आर्थिक सांस्कृतिक प्रतिच्छाया हुन् ।
- प्रगतिवादी कला-साहित्यको दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हुन् ।
- समाज वर्गयुक्त हुने हुँदा साहित्यसमेत वर्गयुक्त हुन्छ भने प्रगतिवादी कला-साहित्यले सर्वहारा वर्गको पक्षपोषण गर्दछ ।
- सामन्तवाद, पुँजीवाद, विस्तारवाद, साम्राज्यवादका विरुद्ध हुने सङ्घर्षलाई प्रगतिवादी साहित्यले सहयोग पुऱ्याउँछ ।
- प्रगतिवादले समाजको सबैभन्दा क्रान्तिकारी शक्ति शोषित, पीडित र सर्वहारा वर्ग हो भन्ने मान्यता राख्दछ ।
- प्रगतिवाद आदर्शवादभन्दा भिन्न धरातलमा उभिएको छ ।
- प्रगतिवादको उद्देश्य मानव समाजमा हुने सबै किसिमका शोषण र अत्याचारबाट मुक्ति र साम्यवादी समाजको निर्माण गर्नु हो ।

## ३.४ प्रगतिवादी नेपाली कवितापरम्परा

### ३.४.१ पृष्ठभूमि

नेपाली भाषाको इतिहास पल्टाउँदा अन्य आर्य भाषाहरूको जस्तै लगभग एकहजार वर्ष जतिको इतिहास फेला पर्दछ । अहिले सम्मको खोजीले नेपाली भाषाको इतिहासलाई शाके ९०३ (वि. सं. १०३८) को दामुपालको शिलापत्रसम्म पुऱ्याउन खाजेको छ ( भट्टराई र अन्य, २०६१ : ५) । त्यस्तै डुम्राकोटमा प्राप्त सङ्ग्राम मल्लको ११४६ को अभिलेख र भारशिव मल्लको १२५४ को अभिलेखलाई विचाराधीन मान्दै अशोक चल्लको शिलालेख वि. सं. १३१२ लाई प्रमाणित मान्दा नेपाली भाषाको इतिहास सातसय वर्षभन्दा लामो नै भेटिन्छ । लगभग एकहजार वर्षको इतिहास भेटिए पनि नेपाली भाषाको साहित्यिक यात्रा भने त्यति लामो छैन । नेपाली भाषाको

साहित्यिक रूप भने पृथ्वीनारायण शाहको राज्यनिर्माणको क्रमसँगै सुरुआत भएको भेटिन्छ । सुवानन्ददासको 'पृथ्वीनारायण कविता' नै हालसम्म प्राप्त सर्वप्राचीन नेपाली साहित्यिक रचना हो भने सुवानन्द दास नै हालसम्म प्राप्त प्रथम नेपाली भाषाका कवि हुन् । यसरी सुरु भएको नेपाली कविता विधाले लगभग दुईसय साठी वर्ष पार गर्दै आफू समुन्नतिको दिशातर्फ बढिरहेको छ । आफ्नो शैशवकालदेखि हालसम्मको इतिहासमा छोटै समयमा भए तापनि नेपाली कविता विधामा विभिन्न धारा-उपधाराहरू देखापरेका छन् । यसो हुनुमा नेपाली राजनीतिमा देखिएको अस्थिरता, कमजोर आर्थिक स्थिति, विश्व साहित्यको प्रभाव र चेतनामा आएको सुधार उल्लेख्य छन् । यिनै राजनीतिक, आर्थिक र साहित्यिक पृष्ठभूमिमा टेकेर नेपाली कविता विधा अगाडि बढिरहेको पाइन्छ । यी पृष्ठभूमिका बारेमा चर्चा गर्दै नेपाली कवितामा प्रगतिवादी कविताको उत्थान, विकास र स्थान निर्धारण गर्नु उपर्युक्त देखिने कुरा यहाँ यसै अनुरूप चर्चा गरिएको छ ।

## ३.४.२ राजनीतिक पृष्ठभूमि

नेपाली कविता विधाले आफूलाई प्रस्तुत गर्नुपूर्वदेखि नै नेपाली राजनीति अस्थिर रहेको भेटिन्छ । एकीकरणको नाममा भएको द्वन्द्व होस् या राणाशासन टिकाउन रचाइएका काण्डहरू किन नहुन् नेपालको इतिहास प्रायः रक्तरञ्जित नै रहेको भेटिन्छ । यी घटनाका अतिरिक्त वि. सं. १८७२ मा भएको सुगौली सन्धिले समेत स्वाभिमानी नेपाली जनतामा एक प्रकारको निराशाको स्थिति सिर्जना गरेको अनुभव हुन्छ । यसै परिवेशमा विरोधीहरूले निर्वासितसमेत बन्नुपरेको यथार्थ पनि प्रस्ट छ । यस सन्दर्भमा उदाहरणार्थ कृष्णलाल अधिकारीद्वारा लेखिएको **मकैको खेती** नामक पुस्तकमा हामी आफ्नो कुकुरलाई भन्दा विदेशी कुकुरको मान गर्छौं तर चोरडाकुहरूबाट हाम्रो रक्षा गर्ने बखतमा गद्दीमा सुत्ने विदेशी कुकुर काम नलागी स्वदेशी कुकुरहरू नै काम लाग्छन् भन्ने लेखेको हुँदा उनलाई नौ वर्ष जेलसजाय दिएको ऐतिहासिक सत्यलाई प्रस्तुत गर्न सकिन्छ (शर्मा, २०३३ : ४३६ । त्यस समयमा एकातर्फ राणाहरूको दमनको पराकाष्ठा बढ्दै गएको हुन्छ भने अर्कोतर्फ दुईलाख नेपाली युवाहरू जो भाडामा सैनिकका रूपमा विश्वयुद्धमा लडेर फर्कँदा चेतनाको तहमा नयाँ विचार लिएर फर्किएका पाइन्छन् (भण्डारी, २०५३ : ३१) । त्यसैगरी रुसी क्रान्ति, चीनमा स्थापना भएको कम्युनिस्ट

पार्टीको स्थापना, प्रवासी भारतीयद्वारा सोभियत सङ्घमा भारतीय कम्युनिस्ट पार्टीको स्थापना आदिको प्रभाव रहेको भेटिन्छ ।

त्यसै गरी नेपाली राजनीतिमा सामन्तवादी राणाशासनको विरुद्धमा स्थापना भएका सङ्घसंस्था प्रचण्ड गोर्खा (१९८५) नेपाल प्रज्ञापरिषद्, (१९९३), सहिद काण्ड (१९९७) २००५ मा नेपाली काङ्ग्रेसको स्थापना, २००६ मा कम्युनिस्ट पार्टीजस्ता राजनीतिक सङ्गठनहरूको स्थापना भएको पाइन्छ । यी समग्र राजनीतिक घटनाक्रमले समाजमा चेतना मात्र फैलाएनन् क्रान्तिको लागि उल्लेख्य योगदान पनि पुऱ्याए ।

## ३.४.३ आर्थिक पृष्ठभूमि

नेपाल एकीकरणपूर्वको सामन्तवादी प्रथा एकीकरणपछि पनि कायमै रहेको देखिन्छ । राणाशासनको स्थापनाले यसलाई अझ मजबुत बनाएको पाइन्छ भने नेपाली जनताको आर्थिक स्थिति झनै दयनीय रहेको देखिन्छ । 'क', 'ख', र 'ग' श्रेणीमा विभक्त राणाहरूद्वारा देशविकास गर्नुभन्दा आफ्नै स्वार्थको ढुकुटी दुरूपयोग गरेको पाइन्छ (शर्मा, २०३३ : १३७-३८) । बहुसङ्ख्यक नेपाली जनता कृषि पेसामा आधारित भए तापनि कृषिको उत्पादन वृद्धिका लागि कुनै पनि उल्लेखनीय योगदान सरकारबाट भएको भेटिन्न । उल्टै उत्पादनशील भूमिहरू बिर्ताको रूपमा आफ्नो र आफ्ना चाकरीबाजको नाममा गराएको भेटिन्छ (शर्मा, २०३३ : १३८) ।

प्रगतिवादी नेपाली कविताको पृष्ठभूमिको लागि समाजको पनि त्यतिकै अहम् भूमिका रहेको छ । तानाशाही शासन व्यवस्थाको बोझ थामिनसक्ने गरी बढेको थियो भने जनतालाई आफ्नो जीविकाको लागि विदेसिनुपर्ने बाध्यता थियो । त्यतिखेर नवयुवकहरू काम र जीविकाको लागि राणाहरूको परिवारको चाकडीमा आत्मा बेच्न लागेबाट नवयुवतीको सतीत्वको कुनै मूल्य नरहेको अवस्था जस्तै देखापर्दछ । सामन्तवादी सामाजिक संरचनाअनुरूप जातिवाद, वर्णवाद छुवाछुत व्याप्त रहेको समाजमा तल्लो वर्गमा मानिसमा एक किसिमको मुक्तिको चाहना जाग्नु स्वभाविकै नै हो । यस्तो अवस्थामा विभिन्न सङ्घसङ्गठनको स्थापना, पत्रपत्रिकाको प्रकाशन, देश बाहिर पढ्न जाने युवाहरूमा रुचि, चिनियाँ र फ्रान्सेली क्रान्तिको प्रभाव उल्लेखनीय रहेको पाइन्छ ।

## ३.४.४ साहित्यिक पृष्ठभूमि

साहित्यिक पृष्ठभूमिलाई खोतल्ने हो भने राजा पृथ्वीनारायण शाहको राज्यनिर्माण र त्यस राज्यनिर्माणका क्रममा वीरता प्रदर्शन गर्ने वीरस्तुति वा वीरगाथासम्म पुग्न सकिन्छ । राज्यनिर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने वीरहरूप्रति स्तुतिपरक ढङगले सम्बोधन गरिएका कविता यस अवधिमा भेटिन्छन् । यस समयमा यस प्रवृत्तिका कविता लेख्ने कविहरूमा शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, राधाबल्लभ अर्याल, जुमानी पन्त, सुन्दरानन्द बाँडा आदि रहेका छन् । यी कविहरूले राज्यनिर्माणको क्रममा वीरहरूले प्रस्तुत गरेको पौरख, वीरता आदिको बखान गर्दै उनीहरूलाई प्रोत्साहन गरेको देखिन्छ । यस प्रवृत्तिको कविताको प्रथम चरणलाई नेपाली साहित्यको इतिहासमा वीरधाराको नामले चिनिन्छ ।

नेपाली साहित्यको इतिहासमा वीरधारापछि भक्तिधाराको सुरुआत हुन्छ । यो धारा सुरु हुनुमा वि. सं. १८७२ मा भएको सुगौली सन्धिले अहम् भूमिका खेलेको छ । सुगौली सन्धिले स्वाभिमानी नेपाली भावनामा ठूलो आघात पारेको हुँदा नेपाली कविहरू पनि यसबाट अछुत रहन सक्तैनन् । तत्कालीन अवस्थामा शासकहरू र राज्यनिर्माणमा संलग्न वीरहरूप्रति रहेको आस्थाको केन्द्र सरेर अदृश्य शक्तितर्फ जान्छ र नेपाली साहित्यमा वीरधारापछि भक्तिधाराको सुरुआत हुन्छ । भक्तिधारा मुख्यतया दुई सम्प्रदायमा विभक्त रहेको भेटिन्छ ।

रामभक्ति धाराका प्रमुख कवि भानुभक्त आचार्य हुन् । भानुभक्त आचार्यले संस्कृत भाषामा मात्र अटाउन सक्छ भन्ने ठानिएको अध्यात्म **रामायण**लाई नेपाली भाषामा भावानुवाद गरी नेपाली भाषालाई समृद्ध गराउन अहम् भूमिका खेलेका छन् । **रामायण**का अतिरिक्त भानुभक्त आचार्यले **भक्त माला**, **वधूशिक्षा**, **प्रश्नोत्तरी**जस्ता कृतिको रचना गरी नेपाली जनभाषाको उल्लेख्य वकालत गरेका छन् । यति भए तापनि भानुभक्त परम्परागत मूल्यमान्यतालाई नाघेर बाहिर आउन सकेका छैनन् । उनले नेपाली नारीहरूलाई चुलोचौकामा नै सीमित राख्न उल्लेख्य योगदान दिएका छन्भन्दा अयुक्ति हुँदैन । त्यस्तै कृष्ण भक्तिधाराका उल्लेख्य कविहरूमा इन्दिरस, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, पतञ्जली गजुरेल उल्लेख्य रहेका छन् । भक्तिकालका कविताहरूमा प्रत्यक्ष रूपमा समकालीन राजनीतिको स्पष्ट प्रभाव नदेखिएको हुँदा त्यतिबेलाका कविहरू समकालीन जीवनबाट टाढा रहेका देखिन्छन् (भण्डारी, २०५३ : ३८) । ईश्वरभक्तिसँगै सम्बन्धित रहेको अर्को भक्तिधाराअर्न्तगतको उपधारा निर्गुण

भक्तिधारामा ज्ञान दिलदासको स्थान महत्त्वपूर्ण रहेको पाइन्छ । हिन्दु धर्मशास्त्रको वर्णवाद, जातिवाद, हिंसावाद र मूर्तिपूजाको विरोध गर्ने सन्त सम्प्रदायका ज्ञानदिलदासद्वारा समाज सुधारक र बाहुनवादको विरोधमा देशका समस्त जातिलाई साथमा लिएर समाजलाई यथार्थवादबाट टाढा भगाउने पण्डितवादीहरूलाई निन्दा गरेको पाइन्छ । त्यस्तै ज्ञान दिलदासले तत्कालीन न्यायव्यवस्थाको सङ्केत आफ्ना रचनामा प्रस्तुत गरेका छन् भने तत्कालीन सामन्तवादी व्यवस्थाद्वारा आर्थिक शोषण र हिन्दुवादी सामाजिक कुरीतिहरूको विरोध गरेका छन् ।

नेपाली साहित्यको प्राथमिक काल मानिने वीरधारा र भक्तिधाराको योगदान प्रगतिवादी कविताको पृष्ठभूमि केवल सङ्केतात्मक रूपमा पाइन्छ । केही विद्रोही रचना र सुधारवादी स्वरहरू पाइए पनि व्यक्ति पूजामा लिप्त देखिन्छन् ।

विक्रमको १९४० को दशकदेखि नेपाली कविताले माध्यमिक कालमा प्रवेश गरेको मानिन्छ । यस समयमा शृङ्गारिक धाराको कविताले मौलाउने अवसर पाएको पाइन्छ । शासक वर्गको ऐसआराममा सहयोग पुऱ्याउनु यस समयका कविहरूको उद्देश्य रहेको देखिन्छ । राणाहरूलाई प्रशंसा गर्दै लेखिएका कविता यस कालमा प्रसस्तै भेटिन्छन् र कविहरूले गुजारा चलाउनुपर्ने मुख्य बाध्यता तत्कालीन कविहरूमा व्याप्त रहेको भेटिन्छ । यस समयका कविहरूमा राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, होमनाथ खतिवडा, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, कुलचन्द्र गौतम, मोतिराम भट्ट आदि रहेका छन् ।

माध्यमिक कालीन समय नेपाली कविताको इतिहासमा राजनीतिक रूपमा सामन्ती संस्कारको चरम अवस्था हो । गरिबी, अशिक्षा, रोग, भोक र शोषणले जरा गाडेको समाजमा उच्च कुलीन वर्गको चाकडी गरेर गुजारा चलाउनु पर्ने शिक्षित वर्गको बाध्यता देखिन्छ । नेपाली साहित्यमा **सूक्तिसिन्धु** नै चरम अवस्थाको शृङ्गारिक कवितासङ्ग्रह हो । यसै क्रममा एक प्रकारको दबाब सिर्जना हुन्छ र कवि तथा कलाकारहरू यस प्रवृत्तिलाई छाडेर जनजीवनका अन्य पक्षतिर मोडिएका भेटिन्छन् । यस प्रवृत्तिका कविता लेख्ने कविहरूमा प्रथम लेखनाथ पौडयाल, त्यसपछि धरणीधर कोइराला, महानन्द सापकोटा, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र आदि भेटिन्छन् । यस समयका कविहरूको मुख्य प्रवृत्ति शासक वर्गको अन्याय-अत्याचारका विरुद्ध जनतालाई ब्युँझाउनु रहेको देखिन्छ । जातीय स्वर भएका धरणीधर

कोइरालाले आफ्ना कवितामा देश सुधार्नतर्फ लाग्न आह्वान गरेका छन् । त्यस्तै क्रान्तिकारी चेतना भएका उल्लेखनीय कवि महानन्द सापकोटाका कवितालाई पनि प्रगतिवादी कविताका पृष्ठभूमिका रूपमा लिन सकिन्छ । उनका कविता लोकलय र सामाजिक संवेदनामा ऐतिहासिक मूल्य प्राप्त गर्ने खालका देखिन्छन् ।

त्यस्तै नेपाली प्रगतिवादी कविता धाराको सुरुआतमा पृष्ठभूमि निर्माण गर्ने कार्य गर्नमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र युद्धप्रसाद मिश्र आदिको अहम् भूमिका रहेको छ । नेपाली कवितापरम्परामा स्वच्छन्दतावादी कविता धारा प्रवर्तन र विकास गर्ने, प्रकृतिमूलक स्वच्छन्दतावादलाई आफ्नो भावनासँग मितेरी लगाइदिने देवकोटाका कविता स्वच्छन्दतावादी प्रवृत्तिका भएर पनि आत्मगत असन्तुष्टि र विद्रोहात्मक भावनाले भरिपूर्ण रहेका छन् । यस समयका कविताहरूमा 'प्रति सम्झना', 'रातमा', 'झरना', 'प्रश्नोत्तर', **मुनामदन** इत्यादि रहेका छन् ।

नेपाली कविताको स्वच्छन्दतावादकै अर्का उल्लेख्य कवि सिद्धिचरण श्रेष्ठको 'जुनकिरी' (१९९२) त्यसपछि 'परिचय' शीर्षकको कवितामा देशद्रोही र जनद्रोही शासकप्रति व्यङ्ग्य गरिएको कविताले बढी प्रश्रय पाएको पाइन्छ ।

स्वच्छन्दतावादी प्रवृत्तिबाट कवितायात्रा प्रारम्भ गर्ने युद्धप्रसाद मिश्रको **चरा** (१९९४) कवितासङ्ग्रहमा प्रकाशित कविताहरूमा तत्कालीन अत्याचारले व्याप्त विषय, सामाजिक स्थितिप्रतिको विरोध प्रकट भएको छ । वि. सं. १९९८ का प्रकाशित 'जलन' पनि प्रगतिवादी भाव बोकेको कविता मान्न सकिन्छ । यसरी नेपालनिर्माणको क्रमसँगै अगाडि बढेको नेपाली कवितायात्राले आधुनिक कालसम्म आइपुग्दा उल्लेख्य आरोह-अवरोह पार गरेको छ । थुप्रै कविहरू यस परम्परामा समाहित भएका छन् । शासक व्यक्तिको स्तुतिपरक कविताहरूबाट आफूलाई प्रस्तुत गर्न थालेको नेपाली कविताले आधुनिक कालसम्म आइपुग्दा उल्लेख्य व्यङ्ग्य र विद्रोही स्वर निकाल्न सफल भएको देखिन्छ । साहित्यिक, सामाजिक, आर्थिक राजनीतिक धरातलमा टेकेर प्रगतिवादले आफूलाई अवतरण गराएको छ । सामाजिक यथार्थले भरिपूर्ण समाजवादी यथार्थवाद जसको दार्शनिक भावभूमि द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । यिनै मार्क्सवादी प्रस्थापनालाई आधार बनाएर नेपाली धरातलमा प्रथम प्रगतिवादी कविता जन्माउने अभिभारा कवि गोपालप्रसाद रिमालद्वारा पूरा भएको छ । जसलाई

केही समालोचकहरूद्वारा विवादमा मुछ्ने प्रयास गरेको भेटिन्छ जुन अन्यायपूर्ण र आफ्नै धरातल बिर्सेर गरिएको गरिएको हो ।

## ३.५ प्रगतिवादी नेपाली कविताको उद्भव र विकास

### ३.५.१ प्रगतिवादी नेपाली कविताको उद्भव र सीता शर्माको प्रवेश

नेपालको इतिहास सुरुआतदेखि नै रक्तरञ्जित रहँदै आएको छ । चाहे त्यो नेपाल एकीकरणको नाममा बगेको रगत होस् या शक्ति हत्याउन राजा वा राणाहरूद्वारा गरिएको षडयन्त्र किन नहोस् । यिनीहरूले रगतकै सहाराद्वारा आफ्नो स्वार्थसिद्ध गरेका छन् । प्रारम्भमा चेतनाको कमीका कारण जनता निरपेक्ष रहे तापनि वर्गीय सङ्घर्ष हुने गरेको भेटिन्छ जसको फलस्वरूप विभिन्न घटनाहरू घटेका पाइन्छन् । तिनमा उल्लेख्य घटना मकै पर्व (१९७३), लाइब्रेरी पर्व (१९८६-१९८७), प्रजापरिषद्को गठन (१९९३), सहिद (२००३), नेपाल प्रजातन्त्र काङग्रेसको स्थापना (२००५), नेपाल कम्युनिस्ट पार्टीको स्थापना (२००६) लाई लिन सकिन्छ । यी घटनाहरूको प्रत्यक्ष प्रभाव नेपाली साहित्यमा परेको भेटिन्छ । यिनै प्रभाव र प्रेरणा अनि विदेशमा भएका क्रान्तिकारी परिवर्तनले नेपाली साहित्यमा प्रगतिवादी कविता प्रारम्भ हुनुमा प्रेरणा प्रदान गरेका छन् ।

नेपाली कवितामा प्रगतिवादी कविताको सुरुआत कहिले भयो भन्ने बारेमा कसैले २००० बाट र कसैले गोपालप्रसाद रिमालको **आमाको सपना**बाट भएको भन्छन् र कसैले कृष्णचन्द्रसिंह प्रधानको **भन्ज्याङ्गनिरै** कवितासङ्ग्रहबाट सुरु भएको मान्दछन् । प्रगतिवादी नेपाली कविताको आरम्भ नेपाल कम्युनिस्ट पार्टीको स्थापना (२००६) र वि. सं. २००७ को परिवर्तनलाई आधार मानेर २००६ बाट भएको भन्ने धेरैले मत दिएको छन् ।

समयका दृष्टिले प्रगतिवादी कविताको आरम्भ वस्तुतः २००७ सालदेखि भएको हो । २००७ सालपूर्वको सामाजिक भावबोधलाई व्यक्त गर्ने विभिन्न धाराका कविताबाटै सिर्जनात्मक सबलता प्राप्त गर्दै यसको विकास भएको हो । समाजवादी विश्वदृष्टिकोणलाई स्वीकार गर्नु र कला चिन्तनका रूपमा साहित्यमा समाजवादी यथार्थवादको अवलम्बन गरिनु भिन्नाभिन्नै स्थिति हुन् । हामीले घोषणालाई होइन व्यवहारलाई आधार बनाउनुपर्छ (चापागाई, २०५४ : ८८) भन्नु तर २००७ सालभन्दा ७ वर्ष अघि नै गोपालप्रसाद रिमालका कविताले अवलम्बन

गरेको यथार्थलाई रूपान्तकारी यथार्थ स्वीकार नगर्नु ऐतिहासिक भौतिकवादी मान्यता विपरीत रहेको छ ।

त्यस्तै गरी प्रगतिवादी कविताको सन्दर्भमा देखापरेको दोस्रो मत भनेको प्रगतिवादी कविताको आरम्भ २००० सालदेखि अर्थात् कवि गोपालप्रसाद रिमालबाट भएको हो भन्ने हो । यो मत जगदीशचन्द्र भण्डारीलगायत समालोचकहरूको रहेको छ । भण्डारीको विचारमा वि. सं. २००० सालमा 'आमाको सपना' कविताद्वारा कवि रिमालले नेपाली कविता साहित्यमा क्रान्तिकारी विषय वस्तुको प्रवेश गराई प्रगतिवादी कविता धाराको प्रवर्तन गरेका हुन् (भण्डारी, २०५३ : ५३) ।

निष्कर्षमा प्रगतिवादी कविताको आरम्भ डा. भण्डारीले भनेझैँ वि. सं. २००० बाट नै भएको मान्दा उपयुक्त र सान्दर्भिक देखिन्छ । इतिहासलाई सापेक्ष राखेर हेर्दा नेपाली समाजमा वर्गीय द्वन्द्व वि. सं. २००० भन्दा पहिलेदेखि नै भएका भेटिन्छन् । गोपालप्रसादको **आमाको सपना** (२०००), उनका अन्य कविता 'यो के ? दन्त्यकथा', कृष्णचन्द्रसिंहको 'भञ्ज्याङ्ग निरै'का कवितालाई प्रगतिवादी मान्न सकिन्छ । यसरी प्रगतिवादको स्थापना २००० साल नै मार्नुपर्छ ।

नेपाली प्रगतिवादी कवितापरम्परामा कवि गोपालप्रसाद रिमालको 'आमाको सपना' कवितालाई प्रथम प्रगतिवादी कविता मानिएको छ । यस अवधिका उल्लेख्य कविमा श्यामप्रसाद शर्मा हुन् । यसै अवधिमा उनका 'सन्देश' (२००२), 'कृषि उद्दार' (२००३) र 'यथार्थ नै लिनु' (२००६) जस्ता प्रगतिवादी कविता भेटिन्छन् । यी सबै कविता **उदय** पत्रिकामा प्रकाशित छन् । तत्कालीन राजनीतिक तथा सामाजिक आस्थाको परिणामस्वरूप देखापरेका वर्गीय विषमता, आर्थिक असमानता, सामाजिक विभेदको चित्रण गर्नु, राणाशासकहरूले गरेको अन्याय, दमन, अत्याचारको विरोध गर्दै जनमुक्तिका लागि विद्रोहको भाव प्रकट गर्नु आदि मुख्य प्रवृत्ति यस चरणमा कविहरूको पाइन्छ ।

नेपाली प्रगतिवादी कविहरूका लागि २००७ साल ऐतिहासिक वर्ष हो । मूल रूपमा सामन्दवादी व्यवस्थाको अन्त्य गर्न नसकिए तापनि १०४ वर्षदेखि नेपाली जनताले सहँदै आएको राणाशासनको यसै वर्ष अन्त्य भएको थियो । कविहरूलाई २००७ पछि डराइडराइ लेख्नुपर्ने भएन । देशबाहिरको वातावरणले पनि प्रभाव पाऱ्यो । विशेषगरी रुसबाट सुरु भएको मार्क्सवादी दर्शनका आधारित राज्यव्यवस्थाले उल्लेख्य प्रभाव पारेको भेटिन्छ । भारतमा स्थापना

भएको मुन्सी प्रेमचन्द्रका अध्यक्षमा प्रगतिशील लेखक सङ्घको प्रभाव नेपालमा पनि पऱ्यो । जसको फलस्वरूप प्रलेसको स्थापना श्यामप्रसादको अध्यक्षतामा २००९ मा वीरगन्जमा भयो ।

श्यामप्रसादकै सम्पादनमा सेवा पत्रिकामा वि. सं. २००८ तिरबाटै प्रगतिवादी रचना प्रकाशित हुन थालेको पाइन्छ । वि. सं. २००७ सालको राजनीतिक परिवर्तनको सन्दर्भमा त्रिपक्षीय दिल्ली सम्झौतालाई धोका भएको मान्दै त्यसको विरोध गर्नु, सामन्तवाद, तथ्य देशीविदेशी प्रतिक्रियावादको विरोध गर्नु, साम्राज्यवादको विपक्षमा उभिनु आदि यस समयका प्रवृत्ति मानिन्छन् ।

नेपाली राजनीतिक इतिहासमा वि. सं. २०१७ साल कालो धब्बा साबित भयो किनकि राजा महेन्द्रले जनअधिकारसमेत कटौती गरी निरङ्कुश दलहीन पञ्चायती तानाशाही व्यवस्थाको सूत्रपात गरे । यसपछि नागरिक हकहरू कटौती भए भने स्वतन्त्र लेखनमा अङ्कुश लगाउने काम भयो ।

अनुदार राजाको राजनीतिक कुपश्चात् दलीय राजनीतिमा विश्वास राख्ने कयौँ नेताहरू जेल परे भने कयौँ पलायन भए । त्यसले गर्दा प्रगतिवादी कविता अघि बढ्न सकेन । नवयुवकहरू बनारसतिर अध्ययन गर्न पलायन हुने क्रम जारी भयो । यसै समयमा कविहरूले छद्म नामबाट कविताहरू छपाउने गरेको पाइन्छ ।

२०१७ सालपछि प्रगतिवादी नेपाली कवितालाई अग्रगति प्रदान गर्ने घटना वा सन्दर्भहरू अरू पनि रहेका देखिन्छन् । २०२५ सालमा झापाको शनिश्चरे र नेपाली साहित्य परिषद् झापाको आयोजनामा मेची अञ्चलस्तरीय नेपाली साहित्य सम्मेलन आदि रहेका छन् । मेची अञ्चलस्तरीय साहित्य सम्मेलनले वर्तमान नेपाली साहित्य र जनजीवनमा त्यसको असर, प्रगतिशील साहित्य, प्रगतिशील साहित्यको समस्या र समाधान, अन्तर्राष्ट्रिय जगत्मा नेपाली साहित्यको भूमिका विषयमा छलफल गरी निष्कर्ष निकालेको थियो । यसै समयको हाराहारीमा प्रजातन्त्रवादी कवि मोदनाथ प्रश्रितजस्ता कविको प्रगतिवादमा आगमन भयो । केही कविहरूले विसङ्गतिलाई त्यागेर पारिजातसँगै प्रगतिवादमा आएको पाइन्छ ।

वि. सं. २०३५/०३६ सालमा चलेको पञ्चायती व्यवस्थाको विरुद्धको जनसङ्घर्षले प्रगतिवादी नेपाली कवितामा एउटा कोशे ढुङ्गाको काम गरेको छ । जनसङ्घर्षको परिणामपछि घोषणा भएको जनमतसङ्ग्रहको घोषणापछि साहित्य र राजनीति अलग्गै भन्ने कवि मोहन

कोइरालाजस्ता कविहरूको आगमन भयो । कविता आफ्नै सोखका लागि लेख्ने साहित्य र कला जो सुकैले बुझ्ने कुरा होइन भन्ने कविहरू पनि सडक कवितामा क्रान्तिको नाममा बहुदलको पक्षमा सडकसडक कविता सुनाउँदै हिँड्न थाले । २०१७ सालदेखि २०३० सम्म प्रगतिवादी भावधारालाई अँगाली कविता लेख्ने कविहरूमा रुद्र खरेल, तारा सुवेदी, चन्द्रकान्त गौतम, रेनु आचार्य, सूर्यकुमारी प्रधान, हीराप्रसाद रिजाल, खिलबहादुर भावुक, मोदनाथ प्रश्रित आदि रहेका छन् ।

त्यसै गरी ३० को दशकमा देखापर्ने कविहरूमा राजेश्वर थापा, विमल कोइराला, विमल निभा, कुन्ता शर्मा, हरिहर अधिकारी, जगदीशचन्द्र भण्डारी, पूर्णविराम इत्यादि रहेका छन् । त्यसै गरी २०४० देखि २०४६ सालको जनआन्दोलन, पञ्चायती व्यवस्थाको चर्को विरोध गरी कविता लेख्ने कविहरूमा देवीका तिमिल्सिना, गोपाल गुरागाईं, राजेन्द्रप्रसाद अधिकारी, धरेन्द्र बस्नेत, सानुराज पोखरेल, नुमराज बराल, शोभा गौतम, सीता शर्मा आदि रहेका छन् ।

प्रगतिवादी कवितापरम्पराको यस तृतीय चरणमा पूर्व प्रकाशित तथा अप्रकाशित कविताहरूको सङ्ग्रह लिएर पनि विभिन्न कविहरू निस्किएका छन् । जसमा प्रमुख निम्न कविहरू रहेका छन् । युद्धप्रसाद मिश्रको **बाढी** (२०२९), जगदीशचन्द्र भण्डारीको **वर्तमान जन्मन खोजिरहेछ** (२०४०), पूर्णविरामको **इतिहासका किल्लाहरूमा** (२०४३), मञ्जुलको **गायक यात्री** (२०४०), घनश्याम ढकालको **फैसला हारजीतको** (२०४४) इत्यादि कवितासङ्ग्रहमा तानाशाहको विरोध, प्रजातन्त्रको चाहनाजस्ता प्रवृत्ति रहेका छन् । यस समयमा कयौँ सङ्ख्यामा प्रगतिवादी पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । यी पत्रिकाहरूले प्रगतिवादी नेपाली कविहरूका फुटकर कविताहरू प्रकाशित गरेर प्रगतिवादी नेपाली कवितालाई अगाडि बढाउन महत्त्वपूर्ण गुण लगाएका छन् । यस्ता पत्रिकाहरूमा **नौलो बिहानी**, **नौला हाँक**, **झटारो**, **युगधारा**, **हिमाली आवाज, हलकारा** आदि रहेका छन् ।

जब २०४६ सालमा बहुदलीय प्रजातन्त्र आयो; त्यसपछि प्रगतिवादी कविहरूले झन् फुकाएर कविताहरू लेख्न थाले । त्यसपछि २०५८ सालमा दरबार हत्याकाण्ड भयो र २०५९ मा राजा ज्ञानेन्द्रले सम्पूर्ण देशको बागडोर आफ्नो हातमा लिएपछि देशमा फेरि पञ्चायती व्यवस्थाको कालो बादल मडारिन लाग्यो । त्यसपछि कविहरू त्यसै बस्न सकेनन् । भित्रैभित्रै प्रगतिवादी कविताहरू रच्दै दोस्रो जनआन्दोलन सुरु गरे । जसको फलस्वरूप २०६३ वैशाख ११

गते देशमा गणतन्त्रका ल्याएर छोडे । २०४६ देखि आजसम्म यस्ता कवितासङ्ग्रहमा विक्रम सुब्बाको **पग्लेर पनि तिम्रो मुटुबाट** (२०४६), जगदीशचन्द्र भण्डारीको **मुक्तिक्षेत्रको यात्रामा** (२०४८), पूर्णविरामको **गोविन्दले ठीक भन्यो** (२०५०), लीला उदासीको **आज भालेलाई बास्न निषेध छ,** सीता शर्माको **नालिस** (२०५७) प्रमुख रहेका छन् । यस अवधिका प्रगतिवादी नेपाली कविताहरू अनेक प्रवृत्तिका साथ देखापरेका छन् । खास गरेर २०४६ सालमा प्राप्त नयाँ राजनीतिक परिवेशको स्वागत र सोप्रतिको प्रशन्नताको भाव, विघटित निरङ्कुश व्यवस्था र त्यसका नायकहरूप्रति घृणा र उपहासको भाव, जनआन्दोलनको निरन्तरताको कामनाका साथ गणतन्त्रवादी आन्दोलनमा सहादत प्राप्त गर्नेहरूप्रति सम्मान र श्रद्धाञ्जली, साम्यवादप्रति अटल आस्था, क्रान्तिप्रतिको विश्वास, राज्ययन्त्रबाट सञ्चालित हिंसात्मक क्रियाकलापको विरोध आदि यस समयका कविताका प्रवृत्ति हुन् ।

२०५२ देखि नेकपा माओवादीको केन्द्रीयतामा सञ्चालन भएको जनयुद्ध वर्गसङ्घर्षको उच्चतम रूप रहेको छ । सामन्ती राज्यव्यवस्था र त्यसका मुखिया राजा राजतन्त्र एवम् त्यसलाई सुदृढ गराउने आकाङ्क्षा बोकेको उदार पुँजीवादी तत्त्वहरूका विरुद्ध समेत जनयुद्ध केन्द्रित रहेको तथ्य सुविदितै छ ।

नेपाली कविताको प्रतिनिधि प्रगतिवादी धारा नै हो । बीचको समयमा यसको गति त्यति प्रभावकारी नदेखिए पनि दोस्रो जनयुद्धपूर्व र जनयुद्धपश्चात्को अवधि सर्वाधिक उल्लेखनीय रहेको छ । संसदीय फासीवाद, सांस्कृतिक साम्राज्यवाद र दक्षिणपन्थी संशोधनवादको सशक्त प्रतिरोधमा नै प्रगतिवाद जब्बर बनेको हो । नेपाली जनताको वर्गसङ्घर्षलाई मूर्त रूप दिन, वर्गीय चेतनाको निश्चिततालाई प्रकट गर्न, सामन्तवादी-पुँजीवादी शासकहरूका विरुद्धको अग्रगामी द्वन्द्वलाई अभिव्यञ्जन गर्न, जातीय लैङ्गिक भाषिक एवम् दलितसँग सम्बन्धित असमानता र विभेदका पर्खाल भत्काउन र नवीन, यथार्थ एवम् मुक्त समाजको निर्माण गर्न प्रगतिवादी साहित्य अग्रगामी धाराका रूपमा स्थापित हुँदै आएको छ (भण्डारी, २०६५ : २६) ।

नेपाली जनवादी क्रान्तिको इतिहासमा महान् जनयुद्ध अनुपम युद्धगाथाको रूपमा रहेको छ । महान् तथा गौरवशाली पार्टी माओवादीद्वारा सञ्चालित जनयुद्धको प्रभाव आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा जबर्जस्ती परेको छ । ग्रामीण जनसङ्घर्ष जनयुद्धको ऐतिहासिक

निरन्तरता, उत्कर्ष एवम् त्यसबाट निर्मित विस्मयकारी घटनाप्रवाहका बीचबाट प्रभावित र उत्प्रेरित भई कविताहरू लेखिएको पाइन्छ । सामन्तवाद, साम्राज्यवादका विरुद्ध नयाँ जनवादी गणतन्त्रको स्थापना गर्ने र समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्ने उद्देश्यका साथै भएको महान् जनयुद्धले नेपाली जीवनमा भूकम्प पैदा गरायो र देशी तथा विदेशी प्रतिक्रियावादीहरूलाई थर्काइदियो । सामन्तवादी, उत्पीडन, दमन, अन्याय, शोषणविरुद्ध मुक्ति र क्रान्तिका महान् पथलाई विस्तृत गरी नयाँ उचाइमा पुऱ्याउनमा जनयुद्धको अद्वितीय वैश्विक विशेषता रहेको मान्न सकिन्छ । महान् जनयुद्धद्वारा स्थापित यथार्थ नेपाली समाजको विशिष्ट यथार्थ हो र त्यसले नेपालको विविध भू-भाग मात्र होइन जाति, जनजाति, लैङ्गिक, भाषिक विभेदकारी उत्पीडित रहेका मानिसहरूलाई ब्युझाई जातीय, क्षेत्रीय उत्पीडन असमानताका विरुद्ध जनगणतन्त्र स्थापनाका निम्ति जनमानसमा लाग्न हौसला प्रदान पाइन्छ । यो सयमा प्रगतिशील कविहरू पनि चुप लागेर बसेनन् । जनयुद्धलाई समर्थन गर्न सहरका गल्लीगल्लीबाट कविहरू जन्मिए । यस समयमा जनयुद्धका बीचबाट नेपाली जीवनको सङ्घर्षलाई हेरेर आत्मसात् गरेर लेखिएका कवितामा समर सङ्घर्षका उदात्त अनुभूति प्रकट भएका छन् । यस क्रममा लेखिएका कविता र कविहरूमा कृष्णसेन इच्छुकका **इतिहासको यस घडीमा** (२०५६), **बन्दी र चन्द्रागिरि** (२०५९), **पूर्णविरामको ए ! मेरो आदरणीय लेकाली फूल** (२०६४), ईश्वरचन्द्र ज्ञवालीका **हुरीका स्पन्दनहरू** (२०५२), **यसरी देश मरिरहेछ** (२०५९), **आगोका शब्दबिम्ब** (२०६३), दिल साहनीको **फिलिङ्गो** (२०५७), सीता शर्माको **नालिस** (२०५७), गणेश भण्डारीको **आस्थाको निहारिकाबाट** (२०६२), मोदनाथ प्रश्रितको **मर्दाको पाइलाहरू आकाशतिर अकासिँदै गर्दा** (२०५५), पुण्य कार्कीको **बाघले फेरि घाँस खायो** (२०५४), चेतकान्त चापागाईंको **यात्रा मुक्ति शिखरको** (२०५३) र **राता फूलहरू** (२०६३), गङ्गा श्रेष्ठको **म प्रति ध्रुवीय यात्री** (२०५५) र **एकाइसौं शताब्दीका प्रमिथस** (२०६३), मनि थापाको **बगिरहेछ सुनकोशी** (२०५८), विष्णु भण्डारीका **फेरि अर्को तारा खस्यो** (२०६३), **देश जागेको बेला** (२०६४), **सत्य पहाडीको आगो, लाभा र हुरी** (२०६४), निभा शाहको **इन्कलाब जिन्दावाद** (२०६३), दीपशिखाको **संसार फेरि रचिने छ** (२०६३), अनिल शर्माका **मनका खाडलहरू** (२०६०), **अग्निपक्षीका गीतहरू** (२०६३), अशोक सुवेदीको **नयाँ समयका नयाँ मान्छेहरू** (२०६२), टीका श्रेष्ठको **टीका श्रेष्ठका कविताहरू** (२०६३), डी. पी. ढकालको **अग्नियात्रीका**

**सपनाहरू** (२०६४), आर. पी. तिमल्सिनाको **आगो र सपनाहरू** (२०६४) आदि दर्जनौं कवितासङ्ग्रहहरू छापिएका छन् । यसका साथै फुटकर कविता लेख्ने कविहरू पनि जुर्मुराएर साम्राज्यवाद, क्रान्तिप्रतिको आकर्षण र दासता एवम् शोषणबाट मुक्तिका लागि अविरल कामनाका साथ कविताहरू लेख्न अग्रसर भएको पाइन्छ । यो समयका कविहरूमा सिलबहादुर भण्डारी, खुसीराम  पाखिन, लोकेन्द्र विष्ट, पुरन क्षेत्री, सीता शर्मा, झपेन्द्र वैद्य, आकाश घर्तीमगरलगायत रहेका छन् । सामन्तवाद, साम्राज्यवाद र विस्तारवादविरुद्धको परिवर्तन चेतयुक्त क्रान्तिकारीको आकर्षण र दासता एवम् शोषणबाट मुक्तिको अभिरम कामनाका साथ युद्धभूमिमा मृत्युसँग सङ्घर्ष गरिरहेका योद्धाहरूको साहस, सौर्यबाट सम्मोहित भई युद्धबाट जागृत सचेतित नेपाली जीवनलाई यस समयका कविताहरूले  थप ऊर्जा दिएको पाइन्छ । यस समयका कविका कवितामा वर्गयुद्धजन्य  नयाँ संवेदना, सर्वहारा वर्गीय उत्तेजना, उत्पीडित जाति, जनजाति, दलित, एकाकार बन्दै गएको यथार्थ, सामन्तवादी बर्बर अत्याचारका विरुद्ध स्वतन्त्रता, समानता, मुक्तिको निम्ति बन्दुक सँगसँगै कलम लिएर नेपाली कविताको प्रगतिवाद अगाडि बढिरहेको पाउन सकिन्छ ।

### ३.५.२ निष्कर्ष

नेपाली साहित्यमा प्रगतिवादी कविताको सुरुआत २००० बाट सुरु भई २००७ सालमा केही सफलता हासिल गरेको पाइन्छ भने २०१७ सालमा आएर यसले केही कठिनाइहरूको सामना गर्नुपुग्छ । त्यसपछि २०३६ सालको जनमतसङ्ग्रह, २०४६ सालको बहुदलीय प्रजातन्त्रमा मलजल प्राप्त गर्दै २०५९ सालमा केही समय भित्रभित्रैबाट ज्वालाहरू सल्काएर २०६२/०६३ मा गणतन्त्रसम्बन्धी नौलो बिहानीका साथ अग्रपङ्क्तिमा हिँडिरहेको मान्न सकिन्छ । यो क्रम चलिरहनेछ । प्रगतिवादको मूल प्रवृत्ति भनेको सामन्तवाद, तत्कालीन राजनीतिक सामाजिक, सांस्कृतिक र आर्थिक जीवनको चर्को विरोध, सर्वहारा वर्गको उत्थान आदि रहेका छन् ।

## ३.६ शर्माका फुटकर कविता र अन्य रचनाहरूको अध्ययन

कवयित्री सीता शर्माका फुटकर रचनाको छुट्टाछुट्टै परिचय दिनुभन्दा समष्टिगत रूपमा चिनारी दिनु आवश्यक ठानी प्रस्तुत गरिएको छ । उनका फुटकर रचनाहरू धेरैजसो २०४६

देखि हालसम्मका बीचमा रचना भएका देखिन्छन् । शर्माका कविताहरूको सँगालोमा नसँगालिएका फुटकर कविताहरू केही मात्रामा रहेका छन् । उनले प्रगतिवादी चेतनाको उद्वेगका चेपमा रहेर कविता लेखेकी छन् । व्यक्तिगत अनुभूति, जीवनजगत्को यथार्थ अवस्था, निम्नवर्गीय व्यक्तिका अभाव र कुण्ठा, नारी शोषण र सामन्तवादको विरोध, दलित, शोषित र पीडित जनताको अभाव र कुण्ठालगायत तत्कालीन राजनैतिक अवस्था, विकृति, विसङ्गतिलाई उनले विषयवस्तु बनाएर कविता लेखेकी छन् । जीवन भोगाइका दुःख, कष्टहरू, अभाव, सङ्कट, फोस्रो आश्वासन र विकृतिलाई उनका कविताले समेटेका छन् । पितृसत्तात्मक परिवारको विरोध, दाइजो प्रथाको विरोध, छोरीलाई पनि छोरासरह अधिकारका कुराहरूलाई उनका निबन्धात्मक लेखरचनाले प्रस्ट पारेका छन् । आफू मालिक बनी सोझासिधा जनताको रगत र पसिना चुस्ने चुसाहा वर्गको विरोध, सामन्ती व्यवस्थाको कारण जनताले सधैंभरि दासदासीको रूपमा काम गर्नुपरेको, ठूलाबडाले सधैंभरि जनतालाई थिचेर आफ्नो पेट भरेको यथार्थलाई शर्माले उजागर गरेकी छन् । उनका निबन्धात्मक लेखहरू **वेदना**, **जनएकता**, **नौलोबिहानी**, **दिशाबोध**, **मानवी**, **जनमत**, **रातो लालटेन**, **हाँक**जस्ता पत्रपत्रिकामा प्रकाशित छन् । यी फुटकर कविता, निबन्ध, समीक्षाआदिमध्ये उनको मूल विधा भनेको नै कविता विधा हो ।

(क) **सीता शर्माका पत्रपत्रिकामा प्रकाशित लेखरचनाको सूची**

| **क.सं.** | **शीर्षक** | **प्रकाशन समय** | **प्रकाशन स्रोत** |
|---|---|---|---|
| १ | रक्त मुच्छेल मुटुको आवाज | | |
| २. | एउटा डुन्डरीको आमन्त्रण | | |
| ३. | कालीगण्डकी : एक अविरल यात्रा | | **रातो लालटिन हाँक** |
| ४. | धरतीका फूल | | |
| ५. | पानी होइन रगत | | **वेदना** |
| ६. | घर बनाउने जिम्मा तिमीलाई नै | | **जनएकता** |
| ७. | ग्रहण बादल र धर्ती | २०६२ | **वेदना** |
| ८. | बग्नुपरेको छ धर्ती नयाँ दिशातर्फ | | |

| | | | |
|---|---|---|---|
| ९. | महान् सहादत | | **विजय शब्द विम्ब** |
| १०. | मात्र देख्नुपर्दो रहेछ | | |
| ११. | मारिएको छैन अझै | | **नौलो विहानी** |
| १२. | त्यही सूर्य फेरि उदाउने छ | २०६३ | **बेदना** |
| १३. | पुरानै घाउ बल्झिरहन्छ | | **जनएकता** |
| १४. | अंशमा अधिकार खै ? | | |
| १५. | आस्थाप्रति | | |
| १६ | कविसँग | | |
| १७. | उमा बहिनी | | |
| १८. | आस्थाको यात्रीसँग | | |
| १९. | मालिक मनस्थिति | | **दिशाबोध** |
| २०. | को रोक्न सक्छ ? | | |
| २१. | कसैले सक्तैन रोक्न | | |
| २२. | कुन सुन्दरीलाई पहिलो बनाउने | | |
| २३. | मेरो बासस्थान | | |
| २४. | पृथ्वीमा सूर्य उदाई छाड्ने छ | | |
| २५. | मुक्तिको चाहना | | |
| २६. | बल्ल मान्छे भएछु | | |
| २७. | जीवनयात्रा | | |
| २८. | अनुभव | | |
| २९ | घायल मातृत्व | | |
| ३०. | नयाँ संसार सृजना गर | | |
| **(ख) अन्य लेखरचनाहरू** | | | |
| १ | जीवन्त जीवन (निबन्ध) | | |

| | | | |
|---|---|---|---|
| २. | दाइजोका कारण प्रताडित हुनुहुँदैन कुनै रिनाहरू (निबन्ध) | | |
| ३. | पितृसत्ता भनेको के हो ? | २०६२, ०६३, २०६४ तीन अङ्क प्रकाशित | |
| ४. | प्रगतिशील सांस्कृतिक आन्दोलनमा कवि र कविता (कार्यपत्र) | | |
| ५. | साहित्यमा शुद्धता (समालोचना) | | |
| ६. | अनुहारहरूको - अनुहार | | |
| ७. | जनआन्दोलन र महिला | वर्ष २, २०६३ अङ्क र साउन | **मानवी** |
| ८. | मैले चिनेकी पारिजात (संस्मरण) | | |
| ९. | घोडा संस्कृति (निबन्ध) | वर्ष ३, अङ्क ३, २०६४ मङ्सिर | |
| १०. | किन कन्जुस्याइ महिला सहभागिताप्रति ? | वर्ष २३ अङ्क ३८ २०६३ साउन | **हाँक** |
| ११. | विचार र दृष्टिकोणलाई कलात्मक ढङ्गले मार्मिक रूपमा जनसमक्ष पुऱ्याउने माध्यम साहित्य हो । | वर्ष २४ अङ्क २-३ २०६३ माघ २१ | **जनमत** |

## ३.७ 'नालिस' कवितासङ्ग्रहका कविताहरूको अध्ययन

सीता शर्माको **नालिस** (२०५७) मा प्रथमपटक प्रकाशित भएको गद्य र अनुष्टुप् कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा तेइसवटा कविताहरू रहेका छन् । कुनै कविता हरू पत्रपत्रिकामा प्रकाशित भएका छन् भने कुनै प्रकाशित नभएका कविताहरू यसमा सङ्गृहीत छन् । ती कविताहरूको अध्ययन कवितातत्त्वका आधारमा निम्नलिखित रूपमा विश्लेषण गरिएको छ :

### ३.७.१ शीर्षकचयन

'हाम्रा शासकहरू जनताका अति जरूरी आवश्यकताप्रति मात्र असंवेदनशील छैनन् देशको सीमारेखा र अस्मिता सुरक्षा गर्न समेत सक्षम छैनन् । उनीहरू भुमण्डलीकरण, उदारीकरण, निजीकरणका नाममा नेपालको अर्थतन्त्र र स्रोतसाधनसमेत बेचबिखन गर्न हतारिरहेका देखिन्छन् । सत्ताका लागि लुछाचुँडी भइरहेको छ भन्ने भाव 'हाम्रो देशभित्र म' भन्ने कवितामा व्यक्त भएको छ । नारी स्वतन्त्रता र मुक्तिका नाममा पुरुषले प्रयोग गरिरहेको अधिकार नारीले पनि पाउनुपर्छ, समाजलाई नबदली नारीशोषण र उत्पीडनको समस्याको हल हुँदैन भन्ने कुरा 'आमाको अनुभव : छोरीलाई शिक्षा' शीर्षकको कविताले प्रस्ट पारेको छ । 'भो मलाई पूजा गरेर कैद नगर', 'म मेरा कदमहरूमा तिम्रो गति भर्न सक्दिन', 'मन त बाँध हो फुटनसक्छ' र 'नालिस'मा विद्रोही स्वर मुखरित भएको छ । उनको यो विद्रोही स्वर राजनीतिक मात्र हैन अधिकांश प्रगतिवादी कविहरूले उपेक्षा गर्ने गरेको सांस्कृतिक पक्षप्रति उनले धारिलो रूपबाट प्रहार गरेकी छन् (चापागाइँ, २०५७ : भूमिकाबाट) ।

कवितासङ्ग्रहको शीर्षक बन्न पुगेको 'नालिस' कविताको स्वरलाई कवितासङ्ग्रहको मूलस्वरका रूपमा लिनु उपयुक्त हुन्छ । पितृसत्ताको कथित अजेय किल्लालाई तहसनहस पार्न चाहने नेपाली नारीहरूको विद्रोही स्वर नै वास्तवमा कवितासङ्ग्रहको मूलस्वर बन्न पुगेको छ शदियौँदेखि पुरुष हैकमको जुवामुनि पिसिँदै आएका नेपाली नारीहरूको अनुभूतिलाई उतार्ने क्रममा कवि सीता शर्माले नारी अस्मिता र मर्यादाको महत्त्वका बारेमा पनि यत्रतत्र आफ्ना सार्थक मतहरू प्रस्तुत गरेकी छन् । 'भो मलाई पूजा गरेर कैद नगर', 'नालिस', 'मन त बाँध हो फुटनसक्छ', 'आमाको अनुभव : छोरीलाई शिक्षा' आदि यसै श्रेणीका कविताहरू हुन् । यिनका कविताहरूका शीर्षक सार्थक छन्; यथार्थवादी छन्; यथार्थवादी हुनुले शीर्षक सार्थक छन् भन्न सकिन्छ । उनी स्वयम् नारी हुन् र बालक कालदेखि नै गाउँघर, छरछिमेक, दिदीबहिनी र आमाहरूलाई पुरुषहरूबाट अङ्गभङ्ग हुने गरी गरिएका भौतिक आक्रमण वा घरेलु हिंसाहरू, तिनले भोग्नुपरेका मानसिक यातनाहरू, परिवारको अत्यन्त दुष्ट व्यक्तिसमेत घरको मूली हुने परिपाटी, छोराछोरीमा भेदभाव, महिलालाई दोस्रो दर्जामा हेरिनु आदि चालचलनबीच हुर्केकीले गर्दा उनका कविताका शीर्षकहरूद्वारा नारी अनुभूति र विद्रोहले बढी मुखरित हुने अवसर

पाएका छन् । उनका **नालिस** सङ्ग्रहका कविताहरूका शीर्षकहरू प्रतिकारात्मक रूपमा आएका छैनन्, उनका कविताका शीर्षक अभिधात्मक रूपमा आएका छन् भने कुनैकुनै कविताभित्र व्यङ्ग्य रूप पाउन सकिन्छ । कविताका शीर्षकहरू साधारण समाजमा प्रचलित विषयवस्तुमा केन्द्रित रहेका भए तापनि तिनीहरूभित्रको वास्तविक मर्म भने फरक किसिमका छन् । उनले यी कविताहरूमा अन्याय-अत्याचार, दीनहीन, दुःखी, शोषित, पीडित महिला, देश र जनताको समानता र स्वतन्त्रताका लागि आवाज उठाएकी छन् । यस सङ्ग्रहमा सङ्कलित कविताका शीर्षकहरूमा अभिधात्मक प्रबल शक्ति भेटिन्छ भने व्यङ्गरूप केही कवितामा मात्र मुखरित भएको देखिन्छ ।

## ३.७.२ कथ्य विषय वा भावविधान

कवि सीता शर्माले आफ्ना कविताहरूमा विविध विषयवस्तुको प्रयोग गरेकी छन् । कुनै पनि कवि समाज, देशकाल र परिस्थितिबाट अलग रहन सक्तैन । त्यसकारण सीता शर्माका कवितामा मानवीय मूल्य, नारीमाथिको अमानवीय व्यवहार, उसमाथि हुने अन्याय-अत्याचार, समाजमा प्याप्त विकृति तथा विसङ्गति र असमानता आदिलाई अभिव्यक्त गरिएको पाइन्छ । उनका कवितामा पाइने विषयवस्तु तथा भावगत प्रवृत्तिहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

(अ) **नारी अनुभूतिको सन्दर्भसँग सम्बद्ध कविताहरू**

नारीले वर्तमानमा भोगिरहेका लैङ्गिक, पारिवारिक तथा सामाजिक उत्पीडनहरू, विविध दुर्व्यवहारहरूका साथै बेचबिखनका समस्याहरू र तिनले सचेत नारी मानसिकतामा पारेका प्रभाव एवम् प्रतिक्रियालाई केन्द्र बनाएर लेखिएका कविताहरू यस वर्गमा पर्दछन् । 'मन त बाध हो फुट्न सक्छ' भन्ने कविताका माध्यमबाट कवि यसो भन्छिन् :

सहनुको पनि हद हुन्छ
कति सहनु अभिनन्दन गरेर अत्याचारलाई
मन त बाँध हो फुट्न सक्छ
मन त सीसा हो टुट्न सक्छ

('मन त बाँध हो फुट्न सक्छ', **नालिस,** पृ. ५)

यस सङ्ग्रहमा अन्य १३ वटा कविताहरू नारी अनुभूतिसँग सम्बद्ध छन् । ती हुन् : 'नालिस', 'भो मलाई पूजा गरेर कैद नगर', 'इच्छा', 'पारिजात', 'म मेरा कदमहरूमा तिम्रो गति

भर्न सक्तिन', 'आँसु र रगतले संसार ढाकेकी छु', 'आमा', 'आमा तिम्रो अनुहार फेर्न पाइला चालिरहेकी छु', 'जीवनयात्रा', 'आमाको अनुभव : छोरीलाई शिक्षा', 'म त्यो नारी होइन' र 'मेरो सपना : मेरो विपना' गरी १३ वटा कविताहरू यस कित्तामा पर्ने देखिन्छन् । यसरी सङ्ख्यात्मक हिसाबले हेर्दा यस सङ्ग्रहमा नारी अनुभूतिका कविताको बाहूल्य रहेको स्पष्ट हुन्छ । यी कविताहरूलाई हेर्दा के देखिन्छ भने कवि सीता मुख्यतः पितृसत्तात्मक समाजका कारण नारीहरूले भोग्नु परिरहेको पुरुषजातीय उत्पीडन (यौनजन्य, शारीरिक, कुटपिटजन्य, व्यवहारजन्य, चेतनाजन्य) आदिहरूबाट संवेदनशील बनेकी छन् र ती सवालप्रतिको चासो उनका यी कवितामा प्रमुख रूपले व्यक्त भएको छ । उल्लेखनीय कुरा यहाँ के छ भने यी सन्दर्भहरूको अनुभूति जाति निरपेक्ष वा लिङ्ग निरपेक्ष रहेर होइन; पूर्णतः नारी निरपेक्ष भएर गरिएको छ र नितान्त नारी अनुभूतिको अभिव्यक्ति कवितामा भएको छ (चापागाई, २०५७ : १०) ।

'मन त बाँध हो फुट्न सक्छ' कवितामा पितृसत्तात्मक समाजमा पुरुषहरूले नारीलाई दोस्रो दर्जाको नागरिक बनाएर मालिक भई आफ्ना चाहना, रुचि र स्वार्थअनुरूप व्यवहार गर्दै आएको पीडाको अभिव्यक्ति छ र अन्त्यमा 'मन त बाध हो फुट्न सक्छ' भनिएको छ । मन त सीसा हो टुट्न सक्छ भनेर यस्तो कुरूप परम्पराका विरुद्ध विद्रोह हुनसक्ने कुराको सङ्केत पनि यस कवितामा गरिएको छ ।

'नालिस' शीर्षकको कवितामा पनि पितृसत्तात्मक समाजमा नारीहरूलाई कहिले देवी, कहिले दासी, सेविका, कहिले पत्नी आदि विविध रूपमा प्रयोग गरिएको छ र अहिलेको चरम उपभोक्तावादी समाजमा त झन् उनीहरूलाई नङ्ग्याउँदै विज्ञानको साधन बनाइएको, कुरूप यथार्थको चित्रण गरिएको र अघिल्लो कवितामा जस्तै यसमा पनि नारीले उग्रचण्डी वा दुर्गा बनेर पुरुष कुकर्मको एकएक हिसाब लिने र उनीहरू सधैं सत्यवती, सावित्री भएर बस्न नसक्ने चेतनाको विद्रोही अभिव्यक्ति पनि छ । पुरुषप्रतिको लैङ्गिक उत्पीडनको विरोध गर्दै घरको चारदिवारी नाघेर आउने यही विद्रोही चेतनाको अभिव्यक्ति 'भो मलाई पूजा गरेर कैद नगर', 'इच्छा', 'म मेरा कदमहरूमा तिम्रो गति भर्न सक्तिन' भन्ने कवितामा व्यक्त भएको देखिन्छ । 'आसु र रगतले संसार ढाकेकी छु' कविता चाहिँ नारी बेचबिखनको सन्दर्भसँग सम्बद्ध कविता हो । वेश्यालयमा बेचिएकी र बेचिएर अमानवीय जीवन बिताउन बाध्य भएकी चेलीको

पीडाजन्य अनुभूतिको अभिव्यक्ति यस कवितामा गरिएको र उक्त चेलीभित्र आफूलाई बेच्नेप्रति तीव्र घृणाभाव जागृत भएको देखाइएको छ ।

'जीवनयात्रा' कवितामा व्यवहारबाट सिक्ने चेतना छ र व्यवहारबाटै सिकेर कविताकी म नारी पात्रले आफू सामान्यबाट विशिष्ट, फलामबाट इस्पात र मूर्खबाट वृद्धिमान् भएको विचार व्यक्त गरेकी छ, पितृसत्ताका साङ्लामा जेलिए पनि उत्पीडन र बन्देजकारी त्यस अवस्थाका विरुद्ध लड्न बिस्तारै पाइला चाल्न थालेको विचार 'आमा तिम्रो अनुहार फेर्न पाइला चलिरहेकै छु' मा व्यक्त छ (पाण्डेय, २०५७ : २३) । सङ्ग्रहको अन्तिम कविता 'मेरो सपना मेरो विपना'मा नारी अनुभूतिको सन्दर्भले अलि व्यापक परिवेश ओगटेको छ र वर्तमानमा केवल नारी युवतीहरूले मात्रै होइन पुरुषहरूले पनि उत्पीडन भोगिरहेको र त्यसको कारण वर्तमानको सिङ्गो कुरूप परिपाटी रहेको अनुभूतिको अभिव्यक्ति छ । यसरी यसमा केवल पितृसत्तालाई नभई वर्गीय रूपमा वर्तमानको समष्टिलाई हेरिएको छ तर यस्तो अनुभूति माथि उल्लिखित अन्य कवितामा भने पाइँदैन ।

**(आ) सङ्घर्षशील चेतना एवम् क्रान्ति र साम्यवादी भविष्यप्रति आस्था र विश्वासको अभिव्यक्ति**

कवयित्री सीता वर्तमानको यथास्थितिलाई कुरूप ठान्छिन् र त्यसलाई अस्वीकार गर्छिन् । उनका कविताले साम्यवादी चेतनाका पृष्ठभूमिमा निर्माण पाएका छन् । त्यसकारण कवितामा साम्यवादी भविष्यको पक्षपोषण छ । यद्यपि यस्तो साम्यवादी समाजको स्थापना सहजै छैन र त्यसको प्राप्तिपथ पनि जटिल र कठिन छ, तर त्यो असम्भव चाहिँ होइन । क्रान्ति असम्भवभावी छ र साम्यवादी समाजको स्थापनाप्रति विश्वस्थ हुन सकिने पर्याप्त आधारहरू छन् (पौडेल, २०६४ : ३५) ।

प्रस्तुत सङ्ग्रहका एकथरी कविता यसै वैचारिक भावभूमिका लेखिएका छन् । 'धर्तीले उन्मुक्त आकाश चाहेको छ' कविता यस्तै भावभूमिको प्रतिनिधि कविता हो । उन्मुक्त आकाश साम्यवादी आकाश हो । सीताका विचारमा यसको प्राप्तिलाई निषेध गर्न सम्भव छैन । यति हुँदाहुँदै पनि वर्तमानलाई हेर्ने दृष्टिकोणमा यहाँ केही कमजोरी रहन गएको आभास चाहिँ हुन्छ । सम्भवतः २०४६ पछिको परिवर्तित संरचनालाई सङ्केत गर्दै कवितामा लेखिएको छ :

आकाश ढाकेको बादल
सामान्य वीर-वीराङ्गानाहरूको रगतले
केही विषयुक्त भएको छ
आधा सूर्य उदाएको छ
आदरणीय सहिदहरूको त्यागले
तानाशाहको संसार भासिएको छ
शिर झुकेको छ
धर्तीले स्वतन्त्र श्वास फेरेको छ,

(धर्तीले उन्मुक्त आकाश चाहेको छ', **नालिस**, पृ. १०)

मुक्तिको प्रतीक सूर्य आधा उदाइसकेको र तानाशाहको संसार भासिएको अनि धर्तीले स्वतन्त्रताको सास फेर्न सकेको अनुभव सायद अहिले हामी गर्न सक्ने अवस्थामा छैनौँ । वर्तमान संरचना पूर्ववत् निरकुङ्श हिंस्रक, कुरूप र क्रूर शासन रहेको परिप्रेक्ष अत्यन्त टड्कारो बन्दै गएको यस अवस्थामा वर्तमानलाई उपर्युक्त प्रकारले हेर्नु अवस्तुगत हुन्छ र त्यसले वर्तमानको कमजोर मूल्याङ्कनप्रति सङ्केत गर्दछ । एकजना प्रगतिवादी कवि/कवयित्रीले वर्तमान बोधमा वस्तुवादी कुर्नै पर्ने हुन्छ ।

'एक बुलन्द जीत भएर आउने छु' शीर्षकको कवितामा चाहिँ क्रान्ति अभियानमा दह्रो पाइला लिएर सम्पूर्ण घायलहरूको बुलन्द जित भएर आउने चेतनाको अभिव्यक्ति छ । क्रान्ति अभियानको कुरा गर्दा भने यहाँ पनि कविताको भावभूमिगत सन्दर्भ वर्तमानभन्दा पछाडि परेको अनुभव हुन्छ, वर्तमानमा वर्गसङ्घर्षको प्रक्रियाले जुन उचाइ, गति र तीव्रता प्राप्त गरेको छ, त्यसप्रति कविता निरपेक्ष रहेको देखिनुले वर्गसङ्घर्षको वर्तमान यथार्थप्रति यस्तो क्रान्तिचेतनाको कविता किन जोडिन सकेन भन्ने प्रश्न सहजै उठ्दछ । सङ्ग्रहका कविताहरू अधिकांशतः ४० को दशकमै रचना भएकाले (जुन कुरा भूमिकाबाटै स्पष्ट भएको छ) यस्तो स्थिति हुनसक्ने अवस्था भने रहन सक्दछ । यसका अतिरिक्त 'साथीलाई पत्र', 'सीमा तोक्दिन', 'मेरो यात्राको', 'मेरो आस्था', 'तिमी नयाँ नयाँ युग बोकेर आउनू' र 'पत्र कमरेडको नाउँमा'जस्ता कवितामा क्रान्तिप्रति दृढ विश्वास रहेका, रिमालकै पारामा क्रान्तिको आगमनका लागि आह्वान, क्रान्तीकारीहरूप्रति सम्मानभाव र उनीहरूप्रतिको क्रान्तिकर्मको प्रशंसाजस्ता

कुराहरू छन् भने कतै कर्मको प्रशंसाजस्ता कुराहरू छन् । यसै गरी केही कविताहरूमा क्रान्तिलाई कतैबाट हानी नोक्सानी पुग्छ कि भन्ने सहज चिन्तनभाव पनि प्रकट गरिएको छ । क्रान्तिकारी आस्था मूल्यवान् हुन्छ; त्यो कवयित्री सीताकै लागि मूल्यवान् छ र त्यसको अभिव्यक्तिले कवितालाई पनि मूल्यवान् बनाएको छ । हेरौँ त्यस्तो एउटा कविताको अंश :

पासाङले हिमाल चढिन्
म अनायासै अग्लिएँ
पारिजातले सुवास छरिन्
म अनायासै विस्तृत बनेर फैलिएँ
तिमीले उत्सर्ग गर्‍यौ र कठिनबाटा रोज्यौ
म अझै विश्वस्त भएर र अघि बढ्ने अठोट गरेँ

(**नालिस**, पृ. २५)

क्रान्ति, क्रान्तिकारीहरू र उनीहरूका महान् कार्यप्रतिको आस्थालाई यसरी सुन्दर कविता रूप दिँदै कवयित्रीले अन्त्यमा कतै न कतैबाट आफू पनि मैदानमा उत्रिरहने विचार व्यक्त गरेर क्रान्तिप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेकी छन् ।

**(इ) राष्ट्रबोध/राष्ट्रिय चेतनाको अभिव्यक्ति**

**नालिस** कवितासङ्ग्रहभित्रका २३ वटा कवितामध्ये एउटै र क्रममा पहिलो कविता 'मेरो देशभित्र म'मा राष्ट्रियताको सन्दर्भ छ । कवयित्रीको देशप्रेम यसमा अनुष्टुप् छन्दको लयसँगै चोखोमिठो रूपमा व्यक्त भएको छ । देश क्रान्तिहीन/शृङ्गारहीन भएको यथार्थ व्यक्त गर्दै त्यस्तो हुनुका पछाडि सत्तालित्सामा लिप्त शासकहरूको चरित्र जिम्मेवार रहेको भाव व्यक्त गरिएको छ (पाण्डेय, २०५७ : २४) ।

जस्तै :

सत्ताको तुच्छ लिप्सामा मदोन्मत्त कपूत यी
आमा विक्रय गर्दै छन् चोक्टाचोक्टा लुछीलुछी,
म हेर्न नसकी स्वार्थी बगरे खेल क्यै गरी
बगाउँछु, रक्त आफ्नै मेचीकाली बगेसरी

यो प्रखर राष्ट्रबोध चेतना हो र यसबाट वर्तमान राष्ट्रिय परिवेशमा त्याप्त कुरूपताकै पनि प्रखर प्रतिबिम्बन भएको छ । यो प्रस्तुत सङ्ग्रह समष्टिकै सबल पक्ष हो तर कविताका अन्य श्लोकहरूमा यसै स्तरमा प्रखर यथार्थवादी अभिव्यक्ति भने हुन नसकेको पाइनु खट्किने सन्दर्भ हो । सिङ्गो कवितामा कविको भावुकता र रागात्मकता नै बढी छचल्किएको छ । अतिक्रमणकारी, विस्तारवादी एवम् देशभित्रकै संस्कृतिप्रति कविता अझ बढी फुक्नु र फैलिनु पर्दथ्यो । अन्य श्लोकहरूमा कविले स्वच्छन्दतावादको प्रयोग गरेकी छन् । समष्टिमा भने कवयित्रीलाई प्रखर राष्ट्रप्रेमी स्रष्टाकै रूपमा कविताले प्रस्तुत गर्दछ र यही यसको सबल पक्ष पनि हो ।

**(ई) वर्गसङ्घर्षकारी चेतना र साम्यवादी प्रवृत्तिमा जोड**

भावगत प्राप्तिका सन्दर्भमा चर्चा गर्दा पनि उल्लेख भइसकेको कुरा के हो भने नारी अनुभूतिको कवितात्मक अभिव्यञ्जना गर्दा कवयित्रीले मुख्यतः पितृसत्तात्मक समाजका कारण नारीहरूले पुरुष र पुरुषसत्ताद्वारा भोग्नुपरेको पीडा तथा दुर्व्यवहार नै अभिव्यक्त गरेकी छन् । यो सन्दर्भ आफैँमा कम छैन तर एकातिर यस सन्दर्भलाई पनि मूलतः वर्गीय सामाजिक तथा राजनीतिक संरचनाकै परिप्रेक्ष्यमा हेर्नुपर्ने छ भने अर्कातिर नारीहरूले भोग्नुपरिरहेको अन्य विविध सन्दर्भ पनि छन् र तिनको सुन्दर कवितात्मक अभिव्यक्ति पनि गर्न सकिन्छ । वर्गसङ्घर्षका वर्तमान प्रक्रियामा महिलाहरूको संलग्नता र सहभागिता उल्लेखनीय मात्र होइन, नेपाल वर्गसङ्घर्षको इतिहासमा नारीहरूले वर्तमानमा गौरवशाली इतिहासको निर्माण गरेका/गरिरहेका छन् र युगका विशिष्ट नायक (लिङ्ग निरपेक्ष) का रूपमा स्थापित भएका छन् । अर्कातिर सत्ताद्वारा तिनको हत्याहिंसा अनि बलात्कारका त्रासदीहरू पनि निरन्तर पारिँदै छन् । यी संवेदनशील सन्दर्भका अतिरिक्त परिवारमा, गाउँमा र जनमानसका विविध क्षेत्रमा नारीहरूसँग सम्बद्ध विविध सन्दर्भहरू छन् र तिनको अभिव्यक्ति कवयित्री सीताका कवितामा हुन अझ बाँकी नै छ ।

वर्गसङ्घर्षकारी चेतनासँग सम्बद्ध कवितामा वर्तमानको तीव्रतम वर्गसङ्घर्षको यथार्थको अभिव्यक्ति पनि व्यक्त भएको छ । साम्यवादको प्राप्तिका लागि निर्णायक सङ्घर्ष भावी योजनाका रूपमा नभएर वर्तमानको यथार्थ बनेर आइरहेकाले प्रगतिवादी कविता त्यसबाट असम्पृक्त रहन सक्तैन भन्ने कुरा निम्न पङ्क्तिबाट स्पष्ट हुन्छ :

वैशाखमा लालीगुँरास फुलेझैँ फुलेको देख्न चाहन्छु
मंसिरमा धानको बाला झुलेझैँ देख्न चाहन्छु
सपना, विचार र संस्कारमा फुल्नुपर्छ
सपना स्रष्टा र सृष्टिमा फुल्नुपर्छ
अनि साकार हुनुपर्छ आमूल परिवर्तनमा

('साथीलाई पत्र' **नालिस**, पृ. २४)

**(उ) सुनौलो भविष्यका लागि आशावादी दृष्टिकोण**

कवयित्री शर्माले कविताका माध्यमबाट पीडादायी वर्तमानप्रति असन्तुष्टि मात्र व्यक्त गरेकी छैनन् बरू सुनौलो भविष्यका लागि आशावादी विचार र प्रतिबद्धता पनि व्यक्त गरेकी छन् । स्वतन्त्रता र खुसीका लागि मानिसले केही क्षण दुःख भोग्न तयार रहनुपर्ने धारणा उनले 'तिमी नयाँ युग बोकेर आउनू' कविताका माध्यमबाट व्यक्त गरेकी छन् :

त्यसैले
सबैलाई राहत दिलाउँदै
थकाइले लत्रेका बटुवालाई शीतल चौतारी र
तिर्खाले छटपटाएका यात्रीहरूलाई
सागर बोकेर आउनू
अग्ला अग्ला पहाडलाई ढलाई
पृथ्वी सम्याउँदै आउनू
साँच्चै तिमी नयाँ युग बोकेर आउनू

**(ऊ) मार्क्सवादलाई आस्थाको केन्द्र बनाइएका कविता**

सीता शर्मा जनताको मुक्तिका लागि मार्क्सवादलाई आस्थाको केन्द्र बनाउँछिन् । मार्क्सवाद विरोधी शक्तिप्रति आक्रोश व्यक्त गर्ने काम उनले कविताका माध्यमबाट गरेकी छन् । मार्क्सवादलाई जीवित राख्न विद्रोहको ज्वाला आवश्यक भएको भाव 'पत्र कमरेडको नाउँमा' कवितामा व्यक्त गरेकी छन् । त्यसलाई यसरी व्यक्त गरिएको छ :

मेरो कमरेड
विश्वको रङ्ग बदल्न
आँखामा आँसु होइन विद्रोहको ज्वाला चाहिन्छ

हातमा बलिरहेको मसाल र
मुटुमा इस्माती सङ्कल्प चाहिन्छ
अनि चाहिन्छ सङ्घर्षको मैदानमा
उत्रने दरिलो साहस ।

('पत्र कमरेडको नाउँमा', **नालिस**, पृ. ४७)

**(ए) सत्तामोहको उत्पीडनकारी चरित्रको विरोध र घृणाभावको अभिव्यक्ति**

कवयित्री शर्माले आफ्ना कवितामा राजनीतिक परिवर्तन भई संसदीय शासनव्यवस्थाको सुरुआत भए पनि मुलुकमा आधारभूत परिवर्तन हुन नसकेको, मुलुकमा हत्याहिंसाको पनि अन्त्य हुन नसकेको, सत्तामा पुगेको राजनैतिक नेतृत्व स्वार्थको दलदलमा फस्न पुगेको र जनताले राहत अनुभव गर्न नसकेको, उनीहरूका आशा र विश्वासमा तुषारापात भएको सन्दर्भ आफ्ना कवितामा उठाएकी छन् । आफूलाई प्रजातन्त्रवादी भन्ने नेताहरूले देशको सीमारेखा र अस्मिताको सुरक्षा गर्न नसकेकोमा खेद व्यक्त गर्दै उनले आन्दोलनमा लाग्ने प्रण निम्न कवितांशमा गरेकी छन् :

सत्ताको तुच्छ लिप्सामा मदोन्मत कपूत यी
आमा विक्रय गर्दैछन् चोक्टाचोक्टा लुछीलुछी
म हेर्नै नसकी स्वार्थी बगरे खेल क्यै गरी
बगाउँछु रक्त आफ्नै मेचीकाली बगेसरी

(**नालिस**, पृ. १)

**(ऐ) जनयुद्धको दह्रो समर्थन र त्यसलाई जनताको मुक्तिमार्ग ठान्ने विचारको अभिव्यक्ति**

कवयित्री शर्माको कविता लेखनप्रारम्भ चालीसको दशकबाटै भएको र त्यसबेला मुलुकमा आमूल परिवर्तन आवश्यक रहेको र त्यसका लागि क्रान्ति मात्र होइन; सम्पूर्ण भ्रम र अवसरवादीबाट मुक्त क्रान्ति आवश्यक रहेको विचार उनले कविताका माध्यमबाट व्यक्त गर्न थालेकी हुन् । **नालिस** कवितासङ्ग्रहका कविताको भावभूमि पनि यही हो । जब माओवादीले २०५२ मा घोषणासहित जनयुद्धको थालनी गऱ्यो तब शर्माले आफ्नो आस्थाको दीप साम्यवादी लक्ष्यको सुन्दर र शसक्त माध्यम जनयुद्धलाई बनाइन् । उनका कवितामा नेपाली जनताको मुक्तिमार्गका लागि जनयुद्ध आवश्यक भएको भाव प्रकट भएको छ । उत्पीडित, उपेक्षित,

शोषित, पीडित जनताका मुक्तिका लागि 'उनी एक बुलन्द जीत भएर आउने छु' कवितामा यसो भन्छिन् :

नआत्तिनु भरिया दाइ
तिमीलाई गह्रौ भारीले थिचेको बेला
चौंतारी र सीतल हावा बनेर आउनेछु
निराशा नहुनु किसानदाइ
धानको बाला ओइलिन लाग्दा
सञ्जीवनी बनेर वर्षिने छु
अनि
रोएर वर्वाद नहुनु
सेते र जुन्किरिहरू
तिमीहरूको मुखमा
मुक्तिको जीत भएर आउने छु
सम्पूर्ण घायलहरूको
म एक बुलन्द जीत भएर आउने छु
(**नालिस**, पृ. १७)

**(ओ) पुरुष हैकमबादको विरोध र विद्रोहीभाव व्यक्त**

निर्जीव बिक्रीको वस्तुझैँ नारीलाई किनिने, बेचिने र अझ नाङ्गो पारेर झुन्ड्याउने बिडम्बनाप्रति विद्रोह बोल्दै पुरुषसत्ताको गन्धे खोल ओडेर उसैको भूगोलको सीमारेखाभित्र निरीह कैदी बनी जीवन र संसारलाई उसकै आँखाले पर्गेल्दै उसकै दिमागले सोच्दै स्वास्नीमान्छेले जिउनुपर्ने वर्तमान दुःखद् स्थितिको उद्घाटन कवयित्री सीता शर्माका कविताले व्यक्त गरेका छन् ।

सतीत्व भट्टिमा बेच्दा चुपचाप म बस्दिनँ
तिम्रो जुत्ता बनी बर्षौ विताउन म सक्तिनँ ।
नयाँ संसार सिर्जन्छु मेरै सबल बाहुले
यौटा खम्बा बनिदिन्छु आफ्नै दृढ अठोटले ।

### ३.७.३ संरचना

शर्माका कविताहरूमा अभिप्रायअनुरूप शीर्षकचयन गरिएका छन् । आयामका दृष्टिले हेर्दा **नालिस** सङ्ग्रहमा रहेका कवितामध्ये सबैभन्दा छोटो कविता 'त्यहाँ फुट्छ ज्वालामुखी' हो भने लामोमा 'पारिजात', 'नालिस', 'आँसु' र 'रगतले संसार ढाकेकी छु' रहेका छन् । अनुच्छेदका हिसाबमा हेर्दा उनका कविताहरू कुनै एउटै, कुनै चारचार लाइनको एउटा अनुच्छेदका क्रममा संरचित छन् । उनका कविताका अनुच्छेद ४ लाइनदेखि १६ लाइनसम्मका रहेका छन् ।
जस्तै :

नेपाली वीरको रातो रक्तको इतिहास यो
अझै फैलिन्छ चुलिन्छ स्वर्णअंकित हुन्छ यो
कुल्चिदै शत्रुको छाती बढ्नेछ अघि वेगले
फर्किन्न वीरको पीठ देश सङकटमा परे

### ३.७.४ लयविधान

शर्माका कविताहरू गद्यलय, मुक्तलय र अनुष्टुप् छन्दका ढाँचामा लेखिएका छन् । अनुष्टुप छन्दका कविताहरूमा 'कोठाभित्र पनि फूल हुन्छु', 'म त्यो नारी होइन', 'इच्छा', 'मेरो देशभित्र म' र 'आमा' पाँचवटा छन् । अन्य कविताहरू गद्यलयमा लेखिएका छन् । तीमध्ये कुनैमा अन्त्यानुप्रासले लयात्मकता प्रदान गरेको भेटिन्छ । जस्तै :

आमा सागर बग्दछयौं मुटुभरि माया छचल्काउँदै
वर्षन्छयौं ममता बनेर शिशुमा चुर्लुम्म सिञ्चाउँदै
आफ्नो रक्त सुकाउछ्यौ शरीरको बच्चा बनोस्
आफैलाई मिचाउछ्यौं हृदयको चुसाइ दुग्धमृत

(**नालिस**, पृ. ३२)

### ३.७.५ बिम्ब र प्रतीकयोजना

बालसुलभ बिम्ब र प्रतीकको प्रयोग गरेर कविताको भावलाई गहकिलो बनाउन सफल शर्माका हरेक कवितामा सहज रूपमा बिम्ब आएको छ । यिनका कवितामा बिम्बविधान र व्यङ्ग्यको राम्रो संयोजन भएको पाइन्छ । उनले समाजका विविध विषयवस्तुलाई तथा अन्तहृदयका अनुभूतिलाई प्रस्तुत गर्ने साधनका रूपमा विम्ब र प्रतीकको सहायता लिइएकी

हुन् । नेपाली नारीका पीडा, वेदना, पितृसतात्मक समाजका कारण नारीले हेपिनुपर्ने बाध्यता, समाजमा दिनानुदिन बढ्दै गएको विकृति तथा विसङ्गति, सानो जातले हेपिनुपर्ने बाध्यतालाई कवितामा उनले बिम्बका माध्यमबाट व्यक्त गरेकी छन् । जस्तै :

मेरी छोरी
तिमी त !
वैज्ञानिक सत्यमा विश्वस्त भएर
अक्सिजन हाइड्रोजन गरे पानी हुन्छ भन्ने
पाठ पढ्दै जाँउ
गणितीय तथ्यमा आधारित भएर
२×२= ४ नै हुन्छ भन्ने पाठ सिक्दै जाऊ
२×३= १० हुन्छ भन्ने षड्यन्त्रकारीको
भण्डाफोर गर्दै जाऊ
क्रमशः आँखा खोलेर
समानताका गीतहरू गाँउदै जाऊ
मेरी छोरी !
कालो चश्मा खोलेर
सत्य र तथ्य पत्ता लगाउने वैज्ञानिक वन तिमी
भूगोलको रेखा रेखा कोरेर

(**नालिस,** पृ. ४४)

कवयित्री शर्माले यस कवितासङ्ग्रहका कवितामा सामाजिक, राजनैतिक आन्दोलन, आक्रोस तथा विसङ्गतिलाई विविध बिम्बको प्रयोग गरेर कवितामा प्रस्तुत गर्नुका साथै कवितालाई आकर्षक र रोचक बनाएकी छन् ।

## ३.७.६ भाषाशैली

कविका आन्तरिक अनुभूतिलाई बाह्यपक्षसँग सम्बन्धित भएर अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई कस्ता रूपमा प्रस्तुत गर्ने भन्ने शैलीबाटै स्पष्ट हुन्छ । साहित्यका गद्यपद्य

सबै विद्याको भाषा शैलीबाट व्यक्त गरिन्छ । विचारको अभिव्यक्तिको माध्यम भाषा हो भने शैली अभिव्यक्त गर्ने ढङ्ग हो । शैली विभिन्न प्रकारका हुन्छन् । सरल, जटिल, सरस, निरस, क्लिष्ट र सुबोध आदि । भाषाशैलीले विषयवस्तु र भावलाई जोडेर रचनालाई उत्कृष्ट र सफल बनाउने काममा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

शर्माका कवितामा प्रयुक्त भाषा स्पष्ट, सरल, सुबोध हुनाका साथै रसस शैलीको प्रयोग भेटिन्छ । उनले कथित शास्त्रीय वा पारस्परिक अलङ्कारको सहायता लिएकी छैनन् तर सरल भाषा र सामान्य तथा बेवास्ता गरिएका दैनिक जनजीवन सम्बद्ध बालसुलभ प्रतीकहरू नै उनका रचनामा सर्वोपरि रूपमा आएका छन् । यिनको अभिव्यक्ति शैली सामान्यतया वस्तुपरक र विवरणात्मक छ ।

यस **नालिस** कवितासङ्ग्रहमा गद्यात्मक भाषामा वर्णनात्मक शैलीको माध्यमले आवश्यकताअनुरूपको प्रश्नवाचक, विस्मयादिबोधक र अङ्कगणितीय भाषाको प्रयोग गरेको पाइन्छ । यिनका भाषामा व्यङ्ग्यको छनक हुनाका साथै विद्रोह, सान्त्वना, अनुरोधका सरल भाषाबाट कविता लेखिएका छन् ।

जस्तै :

गणितीय तथ्यमा आधारित भएर

२×२= ४ नै हुन्छ भन्ने पाठ सिक्दै जाऊ
२×३= १० हुन्छ भन्ने षड्यन्त्रकारीको भण्डाफोर गर्दै जाउ
क्रमशः आँखा खोलेर
समानताका गीतहरू गाँउदै जाऊ
मेरी छोरी !
कालो चश्मा खोलेर ...।

(**नालिस**, पृ. ४४)

यसरी सीता शर्माका कवितामा प्रथम पुरुष, द्वितीय पुरुष तथा तृतीय पुरुषीय कथनपद्धति रहेको पाइन्छ । कवितामा प्रश्नात्मक, सम्बोधनात्मक तरिकाले प्रगतिवादी स्वर अभिव्यक्त भएका छन् । सम्पूर्ण कविताहरू प्रगतिवादी भावधारामा लेखिएका छन् साथै क्रान्तिकारी बिम्बप्रतीकको प्रयोग गर्नु उनको कवितागत विशेषता हो । क्रान्तिकारी सौन्दर्य र

साहित्यका चिन्तनको गहिरो छाप परेको उनको मस्तिष्क तमाममा आदर्शहरूप्रति यथार्थवादी दृष्टिकोण राख्दै उनका कविता लेखिएका छन् । यिनका कवितामा यस्तै प्रकारका भाषागत तथा शैलीगत विशेषता पाउन सकिन्छ ।

## ३.७.७ निष्कर्ष

सीता शर्माको यस कवितासङ्ग्रहमा ४० र ५० का दशकमा रचना गरिएका कविताहरू समेटिएका छन् । उनले तत्कालीन समयको राजनैतिक व्यवस्था, त्यसमा विद्यमान विकृति र विसङ्गतिलगायत राष्ट्रिय जगत्को यथार्थ अवस्थाका अनुभूतिलाई कविताको विषयवस्तु बनाएकी छन् । वर्गविभेद, सानो जातलाई हेयदृष्टिले हेर्ने कु-विचार, नारीशोषण, नारीहरूले दिनानुदिन भोग्दै गरेको यातना, सामन्तवाद र निरङ्कुशताको विरुद्ध सङ्घर्षलगायतका कुरालाई कतै लयात्मक र कतै गद्यात्मक शैलीमा उनले अभिव्यक्त गरेकी छन् ।

सीता शर्मा नेपाली प्रगतिवादी कविताका क्षेत्रमा बहु चर्चित र लोकप्रिय कवयित्री हुन् । प्रगतिवादी विचारधाराप्रति निरन्तर प्रतिबद्ध रहेर समाजका नारीवर्गहरूमाथि पुरुष हैकदमवाद लाद्ने उत्पीडनहरूका विपक्षमा सशक्त विद्रोह गर्दै उनले आफ्ना कविताहरूलाई सामाजिक सरोकारप्रति पूर्णतः अभिकेन्द्रित तुल्याएकी छन् । उनका कवितामा व्यक्ति, समाज र राजनीतिका अनेकौं विषय सन्दर्भहरू समेटिएका छन् । कवितालाई सजाउने शिल्पशैली, बालसुलभ बिम्ब र अन्य शैलीले कविताहरू समृद्ध बनेका छन् । नारीहरूका उत्पीडनप्रतिको विद्रोह, मानवतावाद, युगबोध, प्रजातन्त्रमा पनि निराशा मात्र हात लागेको, राजनीतिका नाममा मानवतावादमाथि भएको अमानवीय व्यवहारप्रति उनले खेद व्यक्त गरेकी छन् । आफूलाई प्रगतिवादी कविका रूपमा स्वीकार्ने सीता शर्माका कवितामा सरल, सरस, गेयात्मक र लयात्मक भाषाको प्रयोग भएको पाइन्छ । उनको **नालिस** कवितासङ्ग्रह तत्कालीन समयमा आन्दोलन गर्ने सशक्त आवाज बन्न सकेको छ र नेपाली साहित्यको इतिहासमा एउटा बलियो स्तम्भ बन्न सफल भएको छ । उनका अधिकांश कविताहरू नारीमाथिको थियोमिचोमा विद्रोह गर्ने तथा राजनीतिक विषयवस्तुसँग सम्बद्ध छन् ।

शर्माका कविताहरूले दुराचारी र शोषक चुसाहाहरूको घृणित र स्वार्थी क्रियाकलापबाट निर्मित विषमताजन्य वर्गीय पर्खाललाई तोड्ने काम गरेका छन् । यी कविताहरूले सामन्ती व्यवस्थाको कुरूप यथार्थलाई चित्रण गर्दै तिनका सर्जकका टाउकामा घन बजार्ने काम गरेका

छन् । उनका कविताका अधिकांश विषयवस्तुमा क्रान्तिको आह्वान, सुनौलो भविष्यको सपना, राष्ट्रवादी दृष्टिकोण, नारीहरूमाथि हैदम लाद्ने पुरुषलाई व्यङ्ग्यवाण, समतामूलक समाजको निर्माणजस्ता भाव व्यक्त भएका छन् ।

संरचनागत तथा शैलीगत दृष्टिले यस चरणका कविताहरूमा केही जटिलता भेट्न सकिन्छ । उनका कविताहरूले प्रायः धेरैले एउटै अर्थ दिएका छन् । उनका कविता एकल र बहुल अनुच्छेदमा संरचित हुनु, लामालामा अनुच्छेद र पङ्क्तिहरू रहनु, प्रायः कथ्यविषयअनुरूप शीर्षकको चयन गरिनु, कवितामा पद तथा पदावली, वाक्यांश र वाक्यकै पनि पुनरावृत्ति गरी कवितालाई लयात्मकता प्रदान गर्नु सीताका कवितागत निजी विशेषता मान्न सकिन्छ ।

## चौथो परिच्छेद

## सीता शर्माको कृतित्व र व्यक्तित्वको मूल्याङ्कन

### ४.१ व्यक्तित्वको मूल्याङ्कन

सीता शर्माको जन्म २०१९ साल माघ १ गते बाग्लुङ जिल्लाको छिस्ती गा. वि. स.मा भएको हो । मध्यमवर्गीय परिवारमा जन्मेकी सीता शर्मा सानैदेखि दाजुहरूले ल्याएका साहित्यिक, राजनीतिक किताब पढ्ने गर्दथिन् । उनको समग्र व्यक्तित्वको निर्माणमा सामाजिक परिवेशले ठूलो प्रभाव पारेको छ । समाजमा देखिएका नारीमाथि हुने अन्याय-अत्याचार, थिचोमिचो, नारीमाथिको शोषण, पुरुष हैकमवादजस्ता विकृति बुझ्न थालेपछि उनको साहित्यिक व्यक्तित्व क्रमिक रूपमा विकसित भएको पाइन्छ । त्यसैले उनको व्यक्तित्वको समग्र मूल्याङ्कन गर्दा उनको निजी जीवनशैली, सामाजिक वातावरण र साहित्यिक वातावरणलाई आधार बनाउनुपर्ने देखिन्छ । यी तीनवटै पक्षद्वारा उनको कवि व्यक्तित्व निर्माण भएको छ ।

शर्माको व्यक्तिगत रुचि कवितामा बढी भएको पाइन्छ । त्यसैले होला उनको कविताप्रतिको योगदान प्रमुख रहेको छ । शर्मा कक्षा ६ मा पढ्दापढ्दै नै कवितालेखनमा लागेकी थिइन् । त्यसपछि निरन्तर रूपमा २०३६ देखि कविता क्षेत्रमा लागेकी सीताको पहिलो प्रकाशित कविता 'आमाको अनुभव : छोरीलाई शिक्षा' हो जुन **हलकारा** पत्रिकामा २०४२ तिर छापिएको थियो । कक्षा ६ देखि नै कवितालेखनमा जग बसालेर संस्कृत मा. वि. छिस्तीबाटै एस्. एल्. सी. पास गरी २०४२ सालमा नेपाल ल क्याम्पसमा आई. एल्. र पद्मकन्या क्याम्पसमा आई. ए. पढ्न दुवैतिर भर्ना भएको पाइन्छ । पद्मकन्यामा साहित्यसन्ध्यामा भागलिँदै अन्य विभिन्न पत्रपत्रिकामा कविताहरू लेख्दै अगाडि बढेकी सीता शर्मालाई प्रेरणाको छाप पारिजातबाट परेको देखिन्छ । यसरी एकातिर अध्ययन अर्कातिर प्रगतिवादी साहित्यतिरको झुकाव उनमा दिनानुदिन बढ्दै गएको पाइन्छ । साहित्यिक व्यक्तित्वहरू गोपालप्रसाद रिमाल, भूपि शेरचन, पारिजातलगायत प्रगतिवादी कवि तथा साहित्यकारका कृतिबाट अझ प्रभावित शर्माले कविता लेखी विभिन्न पत्रपत्रिकामा छापिएका २०३६-०५५ सम्मका कविताहरूको

सङ्ग्रह **नालिस** (२०५७) प्रकाशित गरेको देखिन्छ । उनको साहित्यिक यात्रा २०३६/०४६ त्यसपछि ०४६/०५७ सम्म केही रोकिँदै अगाडि बढेको पाइन्छ । २०३६ सालको जनमतसङ्ग्रह, त्यसपछिको राजनितीक गतिविधि, राजनैतिक विसङ्गतिबाट निस्केका र समाजलाई सताउने खालका विसङ्गति र विकृतिको विरोध गर्दै आफ्नो व्यङ्ग्यभाव कविताका माध्यमबाट उनले व्यक्त गरेकी छन् । २०४६ सालको जनआन्दोलनले पनि जनताले खोजेजस्तो राजनीति दिन नसकेको र खाली चुसाहा वर्गको हालीमुहाली भएको भाव आफ्ना कवितामा उनले व्यक्त गरेकी छन् ।

**नालिस** कवयित्री शर्माको उन्मुक्त आकाश र नयाँ युगको आकाङ्क्षाको प्रतिफल हो । गाँसबाँस र कपासको समस्याबाट आम जनताले राहत पाउनुलाई उनी नयाँ युगको आगमन ठान्छिन् र त्यस्तो स्थिति अधिकारविहीनहरूले शस्त्रसहित समाजमा हैकम चलाएर बसेको वर्गलाई पल्टाई सबैतिर समानताको वातावरण सृजना गरेपछि मात्र आउनसक्छ भन्ने प्रबल विश्वास रहेको छ भनी उनी भन्छिन् । यस्तो किसिमको अवस्थालाई नै उनले उन्मुक्त आकाश मानेकी छन् र त्यस्तो अवस्था सृजना गर्न नेपाली वीरवीरङ्गनाहरूले आफ्नो गतिलाई कम पार्नुहुँदैन; अझै रगतका नदीहरू बगाउनु पर्दछ भन्ने भावनालाई नै शर्माले यस सङ्ग्रहका कविताहरूमा व्यक्त गरेकी छन् । कवयित्री यसैलाई नै मुक्तिको गीत भन्न रुचाउँछिन् ।

समाज र नारीवर्गमाथि कुनै पनि तरिकाबाट कष्ट र पीडा दिन खोज्ने जोकसैलाई पनि उनी अत्याचारीको संज्ञा दिन्छिन् भने समाज नै स्वच्छ र स्वतन्त्र हुनुपर्छ भन्दै आफ्ना दरिला व्यङ्ग्यवाणद्वारा परास्त गर्नु उनको विशेषता हो ।

अध्ययनका क्रममा विवाह, त्यसपछि साना नानीहरूको स्याहारसुसार, जीविकोपार्जनका निम्ती निजी विद्यालयमा पढाउन जानेआउने धपडी र अर्कातिर सामाजिक रूपान्तरणका निम्ति हुने गरेका कतिपय बौद्धिक क्रियाकलापहरूमा पुऱ्याएको योगदान, कवित्व क्षेत्रमा प्रवेश गरेर पनि कवित्व यात्रालाई कहिले रोक्दै र फेरी अँगाल्दै यहाँसम्म आउनु र कवयित्रीका रूपमा आफूलाई स्थापित गराउनु उनको ठूलो उपलब्धि हो ।

जे होस् समग्रमा भन्नुपर्दा सीता शर्मा माध्यमवर्गीय पारिवारिक वातावरणमा जन्मेर हुर्केकी हुन् । उनी दाजुहरूका मार्क्सवादसम्बन्धी साहित्यिक पुस्तक विद्यार्थी जीवनदेखि नै पढ्ने

गर्थिन् । कविता लेखनतिरको रुचि कक्षा ६ देखि प्रारम्भ गरेर आज उनी कवयित्रीका रूपमा उपस्थित हुन पुगेकी छन् ।

## ४.२ कृतित्वको मूल्याङ्कन

कवयित्री शर्मा कविताका माध्यमबाट साहित्यमा प्रवेश गरेकी हुन् । उनले नेपाली साहित्यको कविता विधामा कलम चलाएको पाइन्छ भने त्यसमा पनि अझ बढी कवितामै केन्द्रित भएको पाइन्छ । कवितामा गद्यशैली र त्यसमा पनि प्रगतिवादी नेपाली कवयित्रीका रूपमा उनी उपस्थित छन् । सामाजिक वातावरण र समाजका शोषित, पीडित र अन्यायमा परेका व्यक्तिको मर्का बुझी विभिन्न खाले विकृति तथा विसङ्गतिले पुऱ्याएको बिध्नबाधाबाट मुक्त गराउन उनको लेखनले विशेष महत्त्व दिएको देखिन्छ । यसका साथै राष्ट्रियताको भाव, शोषण, दमन र अत्याचारका विरुद्धका कविता बढी सार्थक छन् भने राजनीतिक प्रतिबद्धताका नाममा गरेको ठगी र उनीहरूमाथि विद्रोहका मुख्य आधारमा रचिएका उनका कविताले प्रगतिवादी धारालाई अगाडि बढाउनमा एउटा ईँटा थप्ने काम गरेको पाइन्छ ।

नेपाली साहित्यमा गोपालप्रसाद रिमाल, भूपि शेरचन र सिद्धिचरण श्रेष्ठको अनुयायी बनेकी सीतामा प्रगतिवादी चेतना तीव्र पाइन्छ । गद्य शैलीमा रचना भएका कवितामा विद्रोहको स्वर उर्लेको पाइन्छ । राष्ट्रियता, स्वतन्त्रता, नारी अस्तित्वका मूल्य र मान्यता, त्यसको वास्तविकतामा कविको भावना विशाल देखिन्छ । कवितामा क्रान्तिकारिता, प्रयोगशीलता र संवेदनशीलताको समुचित प्रयोग पाइन्छ ।

सीता शर्माको ६ कक्षामा पढ्दापढ्दै 'सगरमाथा' शीर्षकको छन्दोबद्ध कविता र त्यसपछि **हलकारा** पत्रिकामा प्रकाशित 'आमाको अनुभव : छोरीलाई शिक्षा'बाट कवितालेखनको प्रारम्भ भएको पाइन्छ । २०४२ सालमा काठमाडौँ आइपुगेकी सीता शर्माले २०४५ मा आई. ए., आई. एल्. र २०४८ सालमा बी. ए. परीक्षा पास गरिसकेपछि २०४२ सालबाट नै साहित्यसन्ध्या कार्यक्रममा भागलिँदा काव्याकाशमुनि पारिजात, आनन्ददेव भट्ट, शक्ति लम्साल, निनु चापागाईं, रुद्र खरेल, खगेन्द्र सङ्ग्रौला, देवीप्रसाद किसान आदि साहित्यिक महारथीहरूको सम्प्रेरणा र प्रकाशमा जीवनको उज्यालो पाटोको केही मात्रामा आभास भएको उनी ठान्छिन् । 'सगरमाथा' शीर्षकको कवितापछि साहित्य विषय ऐच्छिकका रूपमा पढेकोले उनले २०३६/०३७ तिरबाट कवितालेखन सुरुआत गरी केही समय छोड्दै गर्दै गरेर २३ वटा कविताहरूको सङ्ग्रह **नालिस**

(२०५७) प्रकाशित गरेकी छन् भने (२०५७) पछि पनि 'जनआन्दोलन २' लाई मुख्य विषय बनाई अन्य कविताहरू रचना गरेको पाइन्छ तर ती अप्रकाशित छन् । उनको लेखनको क्रम जारी नै छ ।

सीताको समग्र कृतिलाई हेर्दा प्रारम्भिक लेखनबाट सुरु भई छाड्दै फेरि निरन्तरता दिएकोले गर्दा २०४६ पछिको समय उर्वर देखिन्छ । आफ्नो जीवनको विद्यार्थी कालदेखि नै साहित्यतिर उन्मुख देखिएकी सीताले आफ्नो सामाजिक वातावरणको सेरोफेरोमा भएगरेका कुरालाई समेटेर राजनैतिक विसङ्गतिले जनसमाजमा पारेका समस्यालाई सङ्केत गर्दै त्यसको अन्त्यका लागि आफ्नो साहित्यलाई मार्क्सवादी सिद्धान्तबाट अगाडि बढाएको पाइन्छ ।

आफ्नो व्यक्तिगत जीवनमा कविताप्रतिको झुकावलाई निरन्तरता दिइरहने सीताले सामाजिक विसङ्गति र विकृतिलाई पछ्याउँदै समाज भाँड्ने र नारीहरूको जनजीवनलाई दुःख दिन खोज्नेलाई आफ्नो चोटिलो शब्दले प्रहार गर्न खोजेकी छन् ।

यसरी आफ्नो जीवनमा साहित्यका विशेष गरी कविता तथा निबन्धात्मक लेखहरूबाट अग्रसर शर्मा जीवनमा पढाउने पेसातिर लागे तापनि कवितालेखन कार्यलाई छोटो समय दिएर भए पनि निरन्तरता दिइरहेकी छन् । विवाहअघि साहित्यको अभिरुचि तथा विवाहपछि श्रीमान्को पनि साहित्यतिर रुचि भएका कारणले गर्दा हौसला तथा प्रेरणा झन् थपिएको उनी बताउँछिन् । उनी कवयित्री बन्नुको पछाडि श्रीमान्को सहयोग, सानैदेखिको साहित्यिक छापजस्ता कुराहरू हुन् भनी उनी भन्छिन् । उनका कविता कुनै गद्यलय, मुक्तलय र अनुष्टुप् छन्दका छन् । बालसुलभ बिम्बको प्रयोग उनका कवितामा पाइन्छ । उनका धेरै कविताले एउटै अर्थ दिएका छन् । क्रान्तिप्रतिको झुकाव, क्रान्तिको आह्वान, नयाँ युगको चाहना आदि उनका कविताका मूल स्वर बनेका छन् । समाजमा रहेका विकृति तथा विसङ्गतिको अन्त्यका लागि उनका कविता सरल र सबल देखिन्छन् ।

## ४.३ निष्कर्ष

कवयित्री सीताले यसरी कविता र निबन्धात्मक लेखका आधारमा साहित्यको भण्डारलाई आफ्ना अमूल्य कृतिहरू दिएर अझ माथिल्लो स्थानमा पुऱ्याउन योगदान दिएकी छन् । विभिन्न सङ्घसंस्थामा आबद्ध रहेर विभिन्न संस्थाको स्थापना गरेर पनि प्रकाशन तथा लेखनलाई

निरन्तरता दिइरहने सीताका कृति नेपाली साहित्यानुरागीहरूका लागि गणनीय र ग्रहण गर्न योग्य नै देखिन्छन् ।

# पा"चौ" परिच्छेद

# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार

कवयित्री सीता शर्माको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनका आधारमा उपसंहारको रूपमा निम्न कुराहरू उल्लेख गर्न सकिन्छ :

मध्यमवर्गीय परिवारमा जन्मेकी सीता शर्माको पुख्यौली थलो धवलागिरी अञ्चल, बाग्लुङ जिल्ला, छिस्ती गा. वि. स. हो । घरमा दाजुहरूले मार्क्सवादसम्बन्धी साहित्यिक किताब ल्याउने र आफ्नो विषय पनि साहित्य भएको कारण सुरुका दिनमा घरमा नै अक्षर चिनेर छिस्ती संस्कृत मा. वि.मा उनको औपचारिक शिक्षा प्रारम्भ भएको पाइन्छ । २०४१ सालमा त्यसै स्कुलबाट एस्. एल्. सी पास गरी अध्ययन गर्न काठमाडौँ आएकी थिइन् । २०४५ मा आई. ए. तथा आई. एल् नेपाल ल क्याम्पसबाट उत्तीर्ण भई २०४८ मा ऐच्छिक अङ्ग्रेजी लिई उनले बी. ए. पास गरेको पाइन्छ । त्यसपछि अन्य पत्रपत्रिका साहित्यिक तथा साहित्यिक सङ्घसंस्थामा पनि उनी आबद्ध रहेको देखिन्छ ।

शर्माको पहिलो प्रकाशित कविता 'आमाको अनुवभ : छोरीलाई शिक्षा' हो । शर्माका २०४६ पछिका कविताहरू राजनैतिक परिवर्तन, क्रान्तिको आह्वान, चुसाहा वर्गमाथि व्यङ्ग्यवाण प्रहार गरिएका छन् । यस्ता प्रवृत्ति भएका कविताहरूको सङ्ग्रह **नालिस** (२०५७) प्रकाशित भएको छ । उनका अन्य फुटकर कविता ३०/३५ वटा छन् भने निबन्ध, समीक्षात्मक, लेखरचनासमेत विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । पढाइकै दौरानमा २ जना छोरीहरूकी आमा बनेकी सीताका छोरीहरूमध्ये जेठी छोरी अनुराधा अमेरिकाको लोरास्क कलेज आयोवामा पढ्दैछन् भने सानी छोरी अस्मिता मोडेल कलेज काठमाडौँमै १२ कक्षामा पढ्दैछन् ।

२०४८ सालमा बी. ए. पास गरिसकेपछि उनी शिक्षण पेसामा लागेको देखिन्छ । पछि साना नानीहरूको स्याहारसुसार, पारिवारिक जिम्मेदारी, साहित्यिक कविता गोष्ठीमा संलग्नता

तथा समाजसेवाजस्ता कार्यक्रममा सहभागिताका साथै त्यसबाट समय निकालेर कवितालेखन विशेषगरी प्रगतिवादी कवितालाई अगाडि बढाउनमा उनको ठूलो योगदान छ । साहित्यसन्ध्यामा निरन्तर भाग लिएबापत् उनलाई त्यस संस्थाले पुरस्कृत तथा सम्मानित पनि गरेको देखिन्छ ।

शर्माका व्यक्तित्वका पाटाहरू विभिन्न छन् । उनी शारीरिक व्यक्तित्वका दृष्टिले सामान्य कदकी, फूर्तिली, स्वभावजन्य दृष्टिले निडर, निर्भीक, स्पष्ट वक्ता तथा सहयोगी स्वभाविकी छन् । साहित्यिक र लेखकीय व्यक्तित्वअन्तर्गत प्रमुख रूपमा कवि व्यक्तित्व र गौण रूपमा समीक्षात्मक लेख, निबन्धलेखनमा प्रमुख व्यक्तित्व रहेका छन् । त्यसै गरी अन्य व्यक्तित्वमा शिक्षक पेसामा संलग्न उनी राजनीतिमा बामपन्थी विचार धारातिर २०५१ देखि झुकाव रहेको पाइन्छ ।

सीताको मुख्य पेसा शिक्षण हो । नेपाली कविताका क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण छ । शिक्षिकाबाहेक समय निकालेर साहित्यसिर्जन गर्नतिर उनको झुकाव रहेको देखिन्छ । उनका साहित्यसृजनका मूल विधा कविता र निबन्धात्मक लेखरचना हुन् तापनि सीता शर्माका **नालिस** (२०५७) कवितासङ्ग्रह र अन्य अप्रकाशित ३०/३५ वटा फुटकर कविता छन् तथा विभिन्न पत्रपत्रिकाकी सम्पादक तथा लेखिकाका रूपमा उनी परिचित छन् ।

शर्माको साहित्यरचनाको मूलस्रोत नेपाली समाज, राजनीति एवम् सामाजिक तथा राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गति नै रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । उनका कवितामा पर्याप्त युगबोध तथा वर्तमानबोध पाइन्छ भने तीभित्र यथास्थितिवादी प्रवृत्तिप्रतिको असन्तुष्टि र विरोध, संशोधनवाद, विरोधीचेतना, स्वतन्त्रता, क्रान्तिको आह्वान, नयाँ युगको आशा, समानता, वर्गविहीन शोषणरहित र न्यायपूर्ण समाजको निर्माण तथा परिकल्पना, सामन्त वर्गप्रति घृणा र आक्रोश, क्रान्ति र परिवर्तनको तीव्र आकाङ्क्षा, मार्क्सवादप्रतिको आस्था, भविष्यप्रतिको दह्रो विश्वास अभिव्यक्त भएको छ । क्रान्तिका लागि त्याग, बलिदान, उत्कर्ष र समपर्णभाव पनि उनका कविताका विषयवस्तु बन्न पुगेका छन् ।

यसरी देश, समाज र सामाजिक जनजीवनसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार राख्ने विभिन्न विषयवस्तुलाई आफ्नो साहित्यिक रचनामा प्रस्तुत गरेर सीता शर्मा प्रगतिवादी नेपाली कविताका फाँटमा स्थापित व्यक्तित्व बनेको स्पष्ट हुन्छ ।

प्रस्तुत अध्ययनबाट नेपाली साहित्यका इतिहासमा कवयित्री शर्माको महत्त्वपूर्ण स्थान रहेको निचोड प्राप्त भएको छ भने उनी पहिले कवयित्री र त्यसपछि मात्र अन्य व्यक्तित्व हुन् भन्ने कुरा यस अध्ययनले देखाएको छ । समकालीन प्रगतिवादी कविताका फाँटमा उनी एक प्रतिनिधि र स्थापित कवयित्रीका रूपमा चिरपरिचित छन् । क्रान्तिचेतनाका कविका रूपमा उनी सर्वाधिक चर्चित छन् ।

## ५.२ निष्कर्ष

कवयित्री सीता शर्माको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएको प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्ष निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

१. वि. सं २०१९ माघ १ गते बाग्लुङमा जन्मेकी सीता शर्माको औपचारिक कवितालेखन **हलकारा**मा प्रकाशित 'आमाको अनुभव : छोरीलाई शिक्षा' कविताबाट भएको हो ।

२. आफ्नो घरमा नै प्रारम्भिक शिक्षा सिकेर संस्कृत मा. वि. छिस्तीबाट एस्. एल्. सी. पास, काठमाडौँ ल क्याम्पसबाट आई. एल्., पद्मकन्याबाट बी. ए. र अहिले एम्फिल्सम्मको पढाइ पूरा गरेकी छन् ।

३. २ दशकभन्दा बढी साहित्यसाधनामा समर्पित भएबापत् साहित्यसन्ध्यामा निरन्तर लागेकोले उनलाई यस संस्थाबाट पुरस्कारस्वरूप सम्मानित भएकी छन् ।

४. कवयित्री शर्माका कविताबाहेक समीक्षात्मक लेखरचना, निबन्धलेखन अर्को पाटो हो ।

५. शर्माका अन्य पाटाहरूमध्ये २०५१ तिरबाट बामपन्थीविचार तिर झुकाव, शिक्षिका, समय निकालेर साहित्यिक कवि गोष्ठीमा सहभागिता तथा सामाजिक सेवासमेतमा समर्पित भएको पाइन्छ ।

६. मार्क्सवादसम्बन्धी किताबहरूबाट प्रेरित भई साहित्यसिर्जनामा लागेकी शर्मा अहिले प्रगतिवादी कवयित्रीका रूपमा स्थापित हुन पुगेकी छन् ।

७. शर्माका साहित्यिक रचनामा नेपाली समाजमा देखिएका नारी समस्या, नारीशोषण, तल्लोवर्गलाई गर्ने थिचोमिचो, राजनीतिमा नाममा भएको विकृति र विसङ्गति तथा त्यसका विरुद्ध क्रान्तिको अपरिहार्य आदि संवेदनशील गम्भीर विषयवस्तु पाइन्छन् ।

८. शर्माका कवितामा पर्याप्त युगबोध, क्रान्तिचेतना, वर्तमान जनयुद्धप्रतिको दह्रो समर्थनलगायत पीडादायी वर्तमानको अन्त्य र सुनौलो भविष्य, भविष्यप्रतिको विश्वाससमेत प्रकट भएको पाइन्छ ।

९. शर्माका कवितामा नवीन बालसुलभ बिम्बप्रतीकको अधिकतम प्रयोग भएको पाइन्छ ।

१०. शर्माका कवितामा समाजमा रहेको रूढिवादी परम्परा र अन्धविश्वासको विरोध, समाज परिवर्तनको उत्कष्ठ चाहना, नारी जीवनका विविध भोगाइ, टोकाइ र अनुभव पाइनुका साथै मानवीयताको उद्‌बोधन गर्ने काम भएको देखिन्छ ।

११. शर्माको कवितासङ्ग्रह **नालिस** (२०५७) मा प्रकाशित भएको छ भने उनका अन्य ३०/३५ वटा कविता अप्रकाशित अवस्थामा रहेका छन् । त्यति मात्र होइन अन्य निबन्धात्मक लेखरचनामा पनि उनको कलम चलेको पाइन्छ ।

१२. शर्माका पुस्तकाकार कृतिमा समावेश भएका २३ वटा कविता र पत्रपत्रिकामा प्रकाशित १२/१३ वटा, अप्रकाशित १७ वटा गरी जम्मा उनले ५५ वटा कविता लेखेको देखिन्छ ।

१३. शर्माका कविताहरू प्रगतिवादी नेपाली साहित्यका इतिहासमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएका छन् ।

१४. सीता शर्माका उपर्युक्त कृतिहरूले भोलिका दिनमा नेपाली कविताका साथै निबन्धका क्षेत्रमा पनि महत्त्वपूर्ण र उल्लेख्य योगदान दिन सक्नेछन् भन्ने आशावादी दृष्टिकोण दिन सकिन्छ ।

# परिशिष्ट

जन्म : २०१९ साल माघ १ गते

स्थान : बाग्लुङ जिल्ला, छिस्ती गा.वि.स. मा भएको हो ।

- साहित्यमा कहिलेदेखि कलम चलाउन थाल्नुभयो ?

\- धेरै समय अघिदेखि नै कलम चलाउन थालेको हुँ । कक्षा ६ मा पढ्दा नै मैले 'सगरमाथा' भन्ने कविता लेखेकी थिएँ ।

- तपाइँको लेखनको मुख्य विधा के हो ?

\- मेरो लेखनको मुख्य विधा कविता हो ।

- अहिलेसम्म तपाइँका कति कृति प्रकाशित भएका छन् ?

\- पुस्तककै रूपमा **नालिस** कवितासङ्ग्रह प्रकाशित छ भने फुटकर रूपमा अन्य धेरै कृतिहरू रहेका छन् ।

- तपाइँको लेखनको मुख्य विषयवस्तु के हो ?

\- मुख्यतया महिला उत्पीडन समस्यालाई मैले आफ्ना साहित्यिक रचनामा उतारेको छु । यसबाहेक समसामयिक विषयवस्तु पनि मेरो लेखनका सामग्री भएका छन् ?

- किन साहित्य सृजना गर्नुहुन्छ ?

\- अन्याय, अत्याचार र उत्पीडन देखेपछि म आन्दोलित हुन्छु । खासगरी पुरानो सामाजिक संरचना फेर्नका लागि साहित्य लेख्छु ।

- कस्तो बेला साहित्य सृजना गर्नुहुन्छ ?

\- बिल्कुल एक्लो रहेको अवस्थामा म सृजनामा व्यस्त हुन्छु ।

- कोबाट प्रेरणा पाउनुभयो, लेख्नका लागि ?

\- पारिजात मोदनाथ, भूपि, रिमाललगायत देश बाहिरका मेक्सिम गोर्की आदि ।

- तपाइँलाई विशेष प्रभाव पारेका कृतिहरू कुनकुन हुन् ?

\- म्याक्सिम गोर्कीको **आमा** उपन्यास र **युवाहरूको गीत**, भूपिको **घुम्ने मेचमाथि अन्धोमान्छे**, त्यस्तै अन्यमा **नारीबन्धन र मुक्ति**, **अनिँदो पहाडसँगै** आदि ।

- प्रलेसको छैटौँ महाधिवेशनमा उठ्नुभएको थियो हैन ?

\- हो, उठेकी थिएँ, केन्द्रीय सदस्यमा, १ सय ८६ सबैभन्दा बढी मत ल्याई विजय भएकी थिएँ ।

- अहिलेको अवस्थामा प्रलेसमा नेपाली साहित्यको अवस्था कस्तो छ ? कसरी अगाडि बढिरहेको छ ?

\- राम्रो अवस्थामा छ । यसले आफ्नो क्षेत्रलाई फराकिलो पार्दैछ । साहित्यले अप्रत्यक्ष ढङ्गबाट जनचेतना फैलाई समाज रूपान्तरणकारी भूमिका खेल्ने हुँदा र देशको वर्तमान आवश्यकताप्रति त्यही किसिमको हुँदा अहिले प्रगतिवादी साहित्य निश्चित उद्देश्यका साथ क्रियाशील भइरहेको पाइन्छ । सबै लेखकहरूको केन्द्रबिन्दु देशमा नयाँ संविधान लेखिनु नयाँ नेपाल स्थापना हुनुमा रहेको छ । तत्कालीन उद्देश्यका साथै समाजवादी तथा यथार्थवादी संस्कृति निर्माण गर्ने कार्यमा दिशा निर्देशित हुनुपर्छ भन्नेमा सचेत गराउँदै सचेत, जिम्मेवार साहित्यकारहरूको अगुवाइ र प्रशिक्षण गर्दै अघि बढिरहेको अवस्था छ । सिर्जनात्मक र जनजागरणमूलक कार्यक्रमहरूमा क्रियाशीलता रूचि उत्साहजनक नै छ अझै व्यापकताको खाँचो छ ।

- साहित्यिक जीवनमा व्यावहारिक पक्ष कसरी समायोजन गर्नुभएको छ ?

\- एउटा सफल साहित्यकारले यी २ पक्षलाई संयोजन गरेर अगाडि बढ्नु अति आवश्यक हुन्छ । विशेष गरेर महिलाहरूलाई यसमा तालमेल मिलाउन निकै कठिन हुन्छ । हाम्रो जस्तो पुरुषप्रधान समाजमा साहित्य लेख्ने र पढ्ने काममा लाग्नेलाई हतोत्साही गर्ने काम बढी हुन्छ । महिला पनि परिस्थितिलाई काबुमा राखेर अघि बढ्न सक्छन् । महिलाहरूमा आँट, सीप, धैर्य र आत्मबलको कमीले अत्यन्त उर्जावान् समयलाई पनि सदुपयोग गर्न नसकी सिर्जनात्मक उर्जालाई पीडानुभूतिमा बदली त्यसैमा अभ्यस्त हुँदै अर्को काममा व्यस्त हुनुपर्ने हुन्छ र फुर्सदको समयमा त्यो अनुभूति तीव्र रूपमा भएको बेला साहित्य लेख्ने चाहना हुन्छ ।

अर्को कुरा सिद्धान्तअनुसार व्यवहार नगरी एउटा राम्रो काम गरेर सयौँ गल्ती गर्ने र त्यो राम्रो कामले अरूलाई छोप्न खोज्ने काम पनि मन पर्दैन । म त्यति प्रखर र

क्रान्तिकारी साहित्यकार हुन सकेकी छैन । त्यसैले होला सबै व्यावहारिक कामका बीचबाट अनुकूल समय मिलाई केही समय निकालेर साहित्य लेख्ने गर्छु ।

■ जीवन र कला के के हुन् ?

- जीवन आस्था वा सत्यप्राप्तिका लागि निरन्तर सङ्घर्षको नाम हो भने कला जीवनलाई समृद्ध र परिष्कृत बनाउने एउटा महत्त्वपूर्ण तत्त्व हो ।

■ तपाईंको विचारमा साहित्य के हो ?

- सामाजिक यथार्थको प्रतिबिम्ब हो ।

■ भविष्यको योजना के छ ?

- प्रगतिवादी साहित्य सेवामा अनवरत क्रियाशील हुने नै मेरो भावी योजना हो ।

■ सिर्जनामा परिवारको कस्तो सहयोग पाउनुभएको छ ?

- साहित्यप्रति रुचि राख्ने परिवार भएकोले विवाहपछि पनि सृजनाका लागि प्रेरणा, सुझाव र हौसला पाएर नै यहाँसम्म आए ।

■ साहित्यसेवामा निरन्तर रूपमा लागिरहनु भएकी तपाईं यसबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

- घनीभूत रूपमा निरन्तरता दिन त सकिएको छैन । साहित्यसेवा फुर्सदको कामजस्तो पनि भइरहेको छ । साहित्यलाई बढी महत्त्व दिनुपर्छ भन्दाभन्दै पनि व्यावहारिक कामहरू अझै बढी महत्त्वका भएर बारहाल्न आइहाल्छन् र विवश बनाउँछन् पनि धकेल्न । यो क्षेत्रमा निकै लाग्नुपर्ने आवश्यकताबोधले निकै घच्घच्याउँछ । गरिब, दुःखी, पिछडिएका महिला वर्गका पक्षमा सेवाको पुऱ्याउन सके र आगामी पुस्तालाई सही दिशा र प्रेरणा दिन सकियो भने अझै सन्तुष्टि मिल्ने थियो । यो क्षेत्रमा लागेकोमा म सन्तुष्ट छु ।

■ युवा पुस्तालाई केही सुझाव दिन चाहनुहुन्छ ?

- अहिलेको नयाँ पुस्ताले आफू संलग्न भएका कार्यमा इमानदारी, लगनशील र कडा मिहिनेतका साथ जिम्मेवारी ढङ्गले देशको अवस्थालाई समेत ध्यानमा राखी काम गर्नु अत्यन्त जरुरी छ । नयाँ संस्कृतिको स्थापना उनीहरूबाट नै हुनुपर्छ ।

■ लेखनबाहेक अर्को कुनै पेसा छ ?

- शिक्षण पेसा गर्छु र प्रधानाध्यापक पनि छु ।

▪ नेपाली साहित्यमा महिला लेखिकाको भूमिका र अग्रसर सम्बन्धमा तपाईं कस्तो धारणा राख्नुहुन्छ ?

- पितृसत्तात्मक सामन्ती संरचनाको मजबुत जग भएको हाम्रो देशमा महिलालाई राज्यले नै भेदभावपूर्ण व्यवहार गर्छ । घरपरिवार र समाजका सबै क्षेत्रमा उपेक्षित हुनुको पीडा बोकेका महिलाहरूमा यो क्षेत्र राम्रो हो भन्ने भावना अझै विकसित भएको छैन । सिर्जनात्मक क्षमता र बौद्धिकताभन्दा घरपरिवारको व्यवस्थापन र शारीरिक, भौतिक र सौन्दर्य पक्षलाई व्यक्तित्वको असल पाटोको रूपमा हेरिन्छ । सकेसम्म उनीहरूलाई बौद्धिक क्षेत्रमा लाग्नै नदिने, लाग्नेहरूलाई हतोत्साही गर्ने गरेका कामको पनि उचित मूल्याङ्कन नगरिदिने परिपाटीले गर्दा महिलाहरू यो क्षेत्रमा लाग्न सक्ने अवस्था छैन ।

संख्यात्मक रूपमा यो क्षेत्रमा लाग्ने महिलाको कमीले गर्दा गुणात्मकतामा कमी हुनु स्वभाविकै हो तर यस क्षेत्रमा लागेका महिलाहरू सङ्ख्यात्मक भन्दा गुणात्मक रूपमा उल्लेख्य देखिन्छन् । पारिजातजस्ता स्रष्टाहरू जो आमपुरुष स्रष्टाभन्दा अग्रपङ्क्तिमा रहेर नेतृत्व र अभिभावकत्व वहन गरिरहेका छन् । यसले पनि बताउँछ कि सबै महिला कमजोर हुँदैनन् तर उनीहरूलाई समय र उचित अवसरको खाँचो छ । यसको बावजुद पनि सिर्जनाको क्षेत्रमा महिलाको भूमिका र योगदान उल्लेख्य छ । आवश्यकताअनुसार आर्थिक तथा भौतिक सक्रियता पनि उत्साहजनक नै छ । बच्चाबच्ची, घरपरिवार व्यवस्थापन जति लगन र समर्पणसाथ पूरा गर्छन् त्यसरी नै साहित्यको क्षेत्रमा पनि अग्रसर भएर जिम्मेवारीपूर्वक काम गर्नु अति आवश्यक छ । यसरी विभिन्न कार्यहरूका बाबजुद पनि शर्माले साहित्य क्षेत्रमा गरेको योगदान अत्यन्त महत्त्वपूर्ण देखिन्छ ।

# सन्दर्भग्रन्थसूची


**(क) ग्रन्थसूची**

गौतम, देवीप्रसाद, (२०४९), **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौँ : मुना गौतम ।

चापागाइँ, निनु, (२०५१), **यथार्थवादी रचना दृष्टि र विवेचना**, काठमाडौँ : मृदुल चापागाइँ ।

मिश्र, शिवप्रसाद, (सन् १९७३), **मार्क्सवादी साहित्यचिन्तन इतिहास तथा सिद्धान्त**, मध्यप्रदेश : हिन्दी ग्रन्थ अकादमी ।

भट्टराई, शरदचन्द्र र घटराज भट्टराई, (२०६१), **प्राचीन नेपाली गद्य**, काठमाडौँ : साझा प्रकाशन ।

भण्डारी, जगदीशचन्द्र, (२०५३), **प्रगतिवादी नेपाली कविताको आरम्भ विकास**, विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

________________, (२०६५), **सौन्दर्यको भूमिका**, काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ ।

शर्मा, बालचन्द्र, (२०३३), **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसी : कृष्णकुमारी देवी ।

शर्मा, सीता, (२०५७), **नालिस**, काठमाडौँ : सिर्जशील प्रकाशन ।

शर्मा, मोहनराज, (२०४८), **शैलीविज्ञान**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

__________, (२०५५) **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

**(ख) पत्रिकासूची**

पाण्डेय, ताराकान्त, (२०५७), 'सीता शर्माको 'नालिस' सङ्क्षिप्त सिंहावलोकन' **साहित्यसन्ध्या**, (वर्ष १, अङ्क ३, माघ), पृ. २३-२८ ।

पौडेल, हेमनाथ, (२०६४), 'समकालीन प्रगतिवादी नेपाली कविताका नारी हस्ताक्षर', **नागार्जुन**, (पृ १७, १-३, पृ. १९-५१) ।

शर्मा, सीता, (२०६०), 'जनयुद्धका कविता', **मधुपर्क**, (२० : ३०) पृ. ५ ।

__________, (२०६३), 'अन्तर्वार्ता', **जनमत** (वर्ष २४, अङ्क २-३ माघ २१) ।

__________, (२०६२) 'अन्तर्वार्ता' **हाम्रो जलजला**, (पुस २५) ।

__________, (२०६३), 'किन कन्जुस्याइ महिला सहभागिताप्रति' **हाँक साप्ताहिक**, (वर्ष २३, अङ्क ३८ साउन), पृ. ..

__________, (२०६२), 'जीवन्त जीवन' **मानवी**, (वर्ष १, अङ्क १), पृ. २५ ।

__________, (२०६३), 'मैले चिनेकी पारिजात' **मानवी**, (वर्ष २, अङ्क २, साउन) पृ. २९ ।

__________, (२०६३), 'जनआन्दोलन र महिला' **मानवी**, (वर्ष ३, अङ्क २, साउन) पृ. १६ ।

__________, (२०६४), 'घोडा संस्कृति' **मानवी** (वर्ष ३, अङ्क ३, मङ्सिर) पृ. २१ ।

__________, (२०६४), 'क्रान्तिकारी महिलाले पढ्नै पर्ने पुस्तक' **मानवी**, (वर्ष ३, अङ्क ३ मङ्सिर), पृ. ४४ ।

__________, (२०६३), 'त्यही सूर्य गणतन्त्र हुनेछ', **वेदना** साप्ताहिक, (वर्ष ३३, अङ्क १) ।